# सीताराम ढाइ

(निबन्धसङ्ग्रह)

नई एकेडेमी

नइ प्रकाशन

२०५२

# सीताराम दाइ

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ एकेडेमी
नइटोल– ७, घट्टेकुलो, अनामनगर
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : nai.com.np
भाषासंशोधक : लवप्रसाद भण्डारी
अक्षरसाधक : आयुष्मान शाक्य
आवरणसज्जा : रमेश पौडेल
प्रथम संस्करण : २०८३ साल
मुद्रक : सहारा प्रिन्ट, डिल्लीबजार, मो.९८५१०७४१३३
नइ कृतिमाला : १९४
मोल : तीन सय रुपियाँ
© सुरक्षित, २०८३ (2026)
ISBN : 978-9937-786-29-4
A Collection of Essays by Narendra Raj Prasai

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशन अर्थात् नइ एकेडेमीको स्थापना भएको हो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर 'नइ एकेडेमी'नामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी पनि हो । 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध नइ एकेडेमी नाफाविहीन गैरराजनीतिक सामाजिक संस्था हो ।

नइ एकेडेमीले सांस्कृतिक मूल्य, मान्यता र धारणालाई शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको खोजी गर्नु, अभिलेख राख्नु र सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नइ एकेडेमीबाट प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरू हुँदै आएका छन् । नेपाली भाषासाहित्य, कला, संस्कृति, ज्ञानविज्ञान, समाजसेवा, खेलकुदलगायत विविध क्षेत्रका प्रतिभाको उच्च मूल्याङ्कन गर्दै उनीहरूको अर्चना गर्न यो संस्था सदैव अग्रसर छ ।

नइ एकेडेमीको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकारले नइ प्रकाशनको लोगोअङ्कित दस रुपियाँको हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले एक सय रुपियाँको सिक्का प्रकाशनमा ल्याएर नइको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ ।

नइ एकेडेमीको विविध योजना र कार्यक्रममुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाई निबन्ध, गीत र जीवनीलेखनमा नै समर्पित नाउँ हो । प्रसाईले आफ्नो साहित्यिक यात्रालाई चाहिँ जीवनीमा नै केन्द्रित गरेको पाइन्छ । धेरै अन्तरालपछि उनको प्रस्तुत 'सीताराम दाइ' निबन्धसङ्ग्रह पनि प्रकाशनमा आएको हो ।

सीताराम प्रसाईमा केन्द्रित 'सीताराम दाइ'नामक निबन्धसङ्ग्रहले समाज र राष्ट्रमा परिचित एक जना व्यक्तिको विविध पक्षको गतिलो चित्रण कोरेको छ । यस कृतिले व्यक्तिकेन्द्रित निबन्ध पनि शिक्षाप्रदायक, रोचक, सौन्दर्यमूलक, तत्कालीन समाजको चित्रण र पठनीय हुने रहेछ भन्ने नमुना प्रस्तुत गरेको छ ।

'सीताराम दाइ'नामक कृति प्रकाशित गर्न पाउनु नइ एकेडेमीका लागि एउटा विशेष गौरवको अवसर हो ।

• *नइ एकेडेमी*

# विषयसूची


- **सीताराम प्रसाईको धन र नरेन्द्रराज प्रसाईको मन**
  (भूमिका)– इन्दिरा प्रसाई • ९
- **सीताराम दाइलाई हरियो झन्डा** (लेखकीय) • २९

१. सीताराम दाइ र मेरो रगतको नाता ? • ३५
२. सीताराम दाइको ममाथिको स्नेह • ४३
३. सीताराम दाइ र कालीमायाहरू • ५६
४. सीताराम दाइ, स्रष्टाहरू र कम्युनिस्टको देउसी • ६१
५. सीताराम दाइ, भूपाल बुबा र मोदनाथ दाइ • ६८
६. सीताराम दाइ र राजनारायण दाइ • ७४
७. सीताराम दाइ, तेजबहादुर दाइ र सीके दाइ • ७९
८. सीताराम दाइसित मुक्तिनाथ दर्शन • ८४
९. सीताराम दाइ, कोइलीदेवी, अरुणा लामा र म • ८९
१०. सीताराम दाइ, म र ललिता प्रिन्टर्स : दु:खद घटना • ९४
११. सीताराम दाइबाट ललिता विसर्जन र भानुमोतीको जन्म • १०७
१२. सीताराम प्रज्ञाप्रतिष्ठानको सुखद स्थापना र दु:खद अन्त्य • ११२

- **परिशिष्टहरू**
  १. मेरो रगत र पसिनाको फल • १२१
  २. स्रष्टाका चिठीपत्रहरू • १२२

३. प्राज्ञिक अभिव्यक्तिहरू
- डा.देवीप्रसाद सुवेदी • १२९
- डा.तारानाथ शर्मा • १३३
- मोदनाथ प्रश्रित • १३७
- सीके प्रसाई • १४२

४. सम्पादकीयहरू • १४४

५. समाचारहरू • १५२

६. पुरस्कृतहरूको सूची • १६२

७. सीताराम दाइको वंशवृक्ष • १६६

# सीताराम प्रसाईको धन र नरेन्द्रराज प्रसाईको मन

यो संसारमा जता हेर्दा पनि मानिसकै भीड देखिन्छ । जनसङ्ख्या वृद्धि भयो भनेर भारत र चीन मात्रै होइन, हाम्रो नेपालजस्तो देशमा पनि 'दुई सन्तान ईश्वरको वरदान' भन्ने नारा अहिले पर्यन्त चलेकै छ । चीनमा सके बिहे नै नगर्ने गरिहाले पनि सन्तानको जायजन्म नगराउने परिपाटीबाट आक्रान्त सरकारले फेरि सन्तान जन्माउने दम्पतीलाई सरकारी विविध सुविधाको घोषणा गरेको पनि सुन्नु परेको छ । संसारमा मानिसको भीडैभीड छ, मान्छेबारे मैले भन्न खोजेको कुरा यत्ति नै हो ।

यत्ति मात्र पनि होइन, उक्त भीडमा आफ्ना मानिस भने खोज्दा कोही पाइँदैन । अनि अऋ आफ्नो भलो चिताउने, आफूलाई मात्र होइन आफ्ना सारा परिवारलाई नै माया गर्ने मानिस त विरलै पाइन्छन् । हो, हामी नइपरिवारका लागि बिरलाकोटिमा पर्ने अर्का एक जना व्यक्ति हुन्– सीताराम प्रसाई, अर्थात् सीताराम दाइ !

यो धराधामबाट सीताराम दाइको भौतिकी अलप भएको एक वर्षबढी भइसकेको छ । यति बेला मेरा गुरुदेव नरेन्द्रराज प्रसाई हाम्रा प्रेरक अग्रज 'सीताराम दाइ'को सम्झना केलाउँदै, अतीतको खाडलबाट 'सीताराम दाइ' झिकेर जनमानसमाझ राख्ने, 'सीताराम दाइ'बारेको इतिहास निर्माणमा तल्लीन हुँदै आएका छन् । यसै

सन्दर्भको लेखनमा म पनि सीताराम दाइबारेको सम्झना नै खोतलखातल पार्नमा उद्यत छु ।

यस लेखनका धेरै अंश मैले सीताराम दाइका जीवनकालमा नै लेखेकी थिएँ । त्यति बेला मेरो यो लेखको पाण्डुलिपि सीताराम दाइ, ललिता भाउजू र मेरा गुरुदेव नरेन्द्रराज प्रसाईसमक्ष मैले वाचन पनि गरिसकेकी थिएँ । वास्तवमा भन्ने हो भने मेरा गुरुदेव नरेन्द्रको सीताराम दाइप्रतिको निष्ठा र सीताराम दाइको अनुज नरेन्द्रप्रतिको अनुराग त्यति बेला मैले यो लेख लेख्नुको कारक थियो । झन्नै दुई दशकअघि लेखिएको मेरो सीतारामविषयक यो लेखन मेरै कम्प्युटरमा छापिने पालो पर्खेर बसेको रहेछ ।

हरेक विषय र वस्तुले मौका पाउँछन्, हरेकको समय आउँछ भनिन्छ, यस्तै हो पनि रहेछ । मेरो सोही लेखले नरेन्द्रराज प्रसाईको कृति 'सीताराम दाइ'को भूमिकामा सजिने स्वर्ण अवसर प्राप्त गर्ने भयो भन्ने जानकारीले पनि मेरो एकादेशको यो निबन्ध खूब रमायो । त्यसैले यसले मञ्चित हुनुअघि शृङ्गारित र परिधानित हुने माग गरेकाले म पनि रोमाञ्चित हुँदै यसैलाई पूर्ण गर्न तम्सिएकी हुँ ।

•

यो नश्वर जगत्मा हामी मनुवाहरू आआफ्ना कर्ममा यति धेरै मोहित हुन्छौँ कि हामीलाई 'जगत् मिथ्या ब्रह्म सत्य' भन्ने बोध जीवनको उत्तरार्धमा पनि हुन गाह्रो छ । त्यसैले आफूलाई माया गर्ने मानिसलाई भेट्ने समय पनि हामीसँग हुँदैन । हामी जतिखेर पनि भौतिक जगत्को 'मुसा दौड'मा लागेका लाग्यै हुन्छौँ र त्यसैमा बितिरहेका हुन्छौँ । हामीसँग न त आफूलाई माया गर्ने अग्रजसँग भेट्ने, आशिष् थाप्ने फुर्सत हुन्छ, न त आफ्नो भलो चिताउने साथी अथवा अनुजसँग माया साट्ने नै फुर्सत हुन्छ । मलाई यो कुरा थाहा छैन, यही नै विधिको विडम्बना हो अथवा मानव स्वयम् निर्मित परिस्थिति ! यी सब कुरा सीताराम दाइसँग उनको जीवनको पछिल्लो समयको भेटघाट हुन नसक्नुको वितृष्णा अक्षरका माध्यमले

पोखिरहेछु म । हुन त, वास्तवमा यसको केही अर्थ पनि छैन । तर थाहा पाउँदापाउँदै पनि समयको विष हामी जसरी निल्ने गर्छौं सोही कर्म सायद म पनि यहाँ गर्दै छु ।

- नेपालमा सर्वप्रथम निजी क्षेत्रमा नेपाली भाषासाहित्यको सबैभन्दा ठूलो राशिको पुरस्कार गुठी स्थापना गर्ने सीताराम प्रसाई !
- तेह्रथुमका सामान्य परिवारका व्यक्ति आफ्नै पौरखले नेपालका धनीमानी व्यक्तिका रूपमा चिनाउन सफल सीताराम प्रसाई !

मोफसलमा रहँदा मूलभूत रूपमा सीताराम दाइको सामाजिक व्यक्तित्वसँग म यसरी नै परिचित थिएँ । तत्कालीन समयमा नेपाली भाषासाहित्यजगत्मा सबैभन्दा ठूलो राशिको पुरस्कार गुठीका संस्थापक सीताराम प्रसाई हुन् । यो जानकारी पाएपछि म त्यसैत्यसै रमाएकी थिएँ । 'ओहो ! कत्रो छाती भएका मानिस होलान्', सीताराम दाइको काम त साहित्यिक क्षेत्रमा त्यस बेलासम्म कसैले गर्न नसकेकै अथवा साहित्यिक क्षेत्रमा हलचल ल्याउने खालकै थियो तर मेरो नाउँको पुच्छरमा पनि सीताराम दाइको नाउँको पुच्छरमा टाँसिएको 'प्रसाई'का कारण पनि मलाई सीताराम प्रसाईको कामले थप स्वगौरवी बनाएको थियो ।

'टन्नै धन थुपारेका छन् अनि त राखे नि !' भन्ने पनि त्यति बेला कतिपय मानिस नभेटिएका पनि होइनन् । तर मलाई भने लाग्थ्यो– 'त्यसो हो भने यहाँ धनी त कतिकति ! धनसँगसँगै मन हुने मानिस खोइ नि त !' त्यस बेला यस्तै विचारका तरङ्गहरूले ती दाता सीताराम प्रसाईप्रति मलाई आकर्षित तुल्याएको थियो । आफू पनि साहित्यधर्मी भएका नाताले साहित्यकारलाई सम्मान गर्ने व्यक्तिप्रति म आकर्षित हुनु अथवा ममा सम्मानभाव पलाउनु पनि कुनै अनौठो कुरा भएन नै ।

•

म काठमाडौँ बसाइँसराइ गरेपछि सीताराम दाइसँग मैले साक्षात्कार गर्ने अवसर पाएँ । ओजस्वी व्यक्तित्व सीताराम प्रसाई मेरा प्रिय नरेन्द्रका दाजु भएका नाताले मेरा पनि दाइ अर्थात् सीताराम दाइ नै भए । क्रमश: मेरो जीवनगाथामा समेत अत्यन्तै निकट्तम व्यक्ति बन्न पुगे सीताराम दाइ । नरेन्द्रका दाइ भए पनि उनी सहोदरीचाहिँ होइनन् नि ! तर सहोदरीको प्रताडनाले लखतरान नरेन्द्रलाई धूमधाम माया गर्ने दाजु थिए– सीताराम दाइ ।

'बुझ्यौ, म संसारभरिका आमाहरूलाई दुइटा बच्चा नजन्माउनु है भनेर आह्वान गर्न चाहन्छु' सहोदरी पीडित नरेन्द्रबाट यो वाक्य बारम्बार आउने गर्थ्यो । त्यस बेला मैले त्यस्तो गम्भीर सहोदरी पीडा भोगिसकेकी थिइनँ । त्यसैले त्यस प्रकारको पीडाको भोगाइ आत्मसात् गर्ने क्षमता पनि ममा रहेन रहेछ । तर कालान्तरमा मैले पनि सोही पीडा भोगेपछि अब म पनि नरेन्द्रले भनेको कुरामा बूढीऔँला थिच्ने गर्छु । हो त रहेछ, सहोदरीकै काम पनि के रहेछ र ?

जसले जुन पीडा भोगेको छ उसले त्यसलाई नै पीडा बुझ्छ । जसले जुन भाषा जानेको छ उसले त्यही भाषा बुझ्ने हो । जीवनमा जुन पीडाको शब्द जसले भोगेको हुन्छ उसले त्यही पीडाका शब्द कसैले नबुझाई बुझ्छ । जस्तो, कुनै आइमाईलाई उसको लोग्नेले दिनरात शारीरिक वा मानसिक प्रताडना मात्रै दिने गरेको छ भने त्यो आइमाईका लागि लोग्ने भन्ने जन्तु प्रताडना दिने व्यक्तिको पर्याय हुन जान्छ । उसले कुनै कसैको लोग्नेले आफ्नी स्वास्नीलाई माया गरेको देखी भने पनि उसलाई विश्वास हुँदैन र उसले शङ्का नै गर्छे– 'पक्कै पनि एकान्तमा ढोका लगाएर भए पनि त्यो लोग्नेले पनि उसकी स्वास्नी प्रताडितै गर्छ ।'

सायद नरेन्द्रको सहोदरी पीडा पनि आफूले नभोगेसम्म यस्तै लाग्दो हो मलाई । तर नरेन्द्रलाई संसारभरिका सहोदरीप्रति शङ्का

नै थियो र अझै पनि छँदै छ । अबचाहिँ म पनि उनकै नेतृत्वको 'सहोदरी चाहिँदैन' भन्ने दलको सदस्य भएकी छु । अहिलेलाई यो सहोदरीका कुरा पनि यति नै !

यस बेला त म 'सीताराम दाइ' लेख्न खोज्दै छु र यथार्थ यति हो सीताराम दाइ नरेन्द्रका सहोदरी होइनन् । सहोदरी मात्र नभएर पनि 'प्रसाई' रूपी पुच्छरचाहिँ एकै भएका उनीहरू जनमानसमा दसदिने दाजुभाइको भ्रम छर्ने खाले नै थिए । उनीहरू दुई दाजुभाइ पनि एकअर्कामाञ्झसमेत दसदिने भ्रममै रमरम रमाउने गर्थे क्यार ! त्यसैले निष्कर्ष, दुवैबीच त्यस पुच्छरले दिने कुनै नाता नभएर मानवताले दिने सहभाव, समभाव र सद्भाव थियो । सीताराम दाइ र नरेन्द्रबीचको सम्बन्धमा व्याप्त त्यही सहभाव र सद्भावको उज्यालोका कारण सीताराम दाइमा मेरा नरेन्द्रप्रति धूमधामै स्नेहभाव रहेको मैले अनुभूत गरेकी छु ।

सीताराम दाइले नरेन्द्रलाई धूमधाम माया गर्ने कुरोसँग मेरो यस लेखाइसँग के नाता ? मेरो कलम फेरि पनि बहकिन लाग्यो कि के हो ? म कलमलाई नियन्त्रण गर्न खोज्छु । तर रोकिने होइन भन्दै यो कलम रोकिन मान्दैन । म सीताराम दाइ लेख्तै छु । 'सीताराम दाइ'को सन्दर्भ लेख्ने म सीताराम दाइसँग सम्बन्धित छु । सीताराम दाइद्वारा धूमधाम माया गरिएका नरेन्द्रले मलाई पनि धूमधाम माया गर्छन् । यस अर्थमा सीताराम दाइ र मेरा बीचका सेतु नरेन्द्र हुन् । त्यसैले सीताराम दाइद्वारा नरेन्द्रलाई गरिएको 'धूमधाम माया' मेरो प्रस्तुत रचनाको सामग्रीभित्र पर्न गयो ।

मायाको कुरो गहिरो हुन्छ भन्ने मैले पनि सुनेकी थिएँ । जुन बेला मैले त्यो कुरा सुनेथैं त्यो बेला त यस्तो गहिराइ नाप्ने क्षमता मसँग थिएन । त्यसो त अहिले नै पनि त्यस्तो गहन विषय नाप्नै त कहाँ सक्छु र ! तर पनि समय र परिस्थितिले ती कुराहरूबारे केही बुझ्ने भने पक्कै बनाएको छ ।

अझ खुलेर भन्नुपर्दा नरेन्द्रको मायाले आफूलाई छपक्कै छोपेपछि नै मैले मायाको वास्तविक अर्थ र पीडा दुवै एकैसाथ बुझेकी हुँ भन्न मलाई धक छैन । आफूले 'कसैलाई' धूमधाम माया गरिन्छ भने त्यो 'कसैले' गरेका सानातिना भूलहरू सहजै नदेखेझैँ गरिन्छ । 'मन नपरेको मान्छेको छायै गह्नाउँछ' भनेझैँ मन परेका अर्थात् धूमधाम मायाको वास्तविक दृश्यमा पनि ससाना दोषहरू त्यसै हराएर जाने गर्छन् । यस्तै विश्लेषणको क्षेत्रफलभित्र सीताराम दाइले नरेन्द्रलाई गरेको 'धूमधाम माया'लाई मैले राखेकी छु ।

२०५१ सालताकाको काठमाडौँका लागि म परचक्रीजस्तै थिएँ । त्यहीछेक सीताराम प्रज्ञाप्रतिष्ठानको उपकुलपतिजस्तो सम्मानित पदमा सीताराम दाइले मलाई मनोनयन गरेका थिए । 'नानी यो समाचारले म रमाएँ, निजी गुठीमै भए पनि महिला पहिलो उपकुलपति तपाईं नै हुनुभो, बधाई छ ।' मलाई आफ्ना आशीर्वचन दिने क्रममा राष्ट्रकवि माधवप्रसाद घिमिरेका ती गद्गद आवाज अहिले पनि मेरा कानमा गुञ्जायमान छन् । मान्छेले बनाएको समाजमा हिजोआजका मान्छेले मान्छेलाई पद, पैसा वा पहुँचका आधारमा नै मर्यादित ठहर गर्छ । योग्यताको कसी यी तीन 'प'का अघि कता बिलाउँछ कता, पत्तै पाइँदैन । यो पनि भूमिकै हो र यस भूमिकाको अर्थ मलाई मर्यादित बनाउने कर्ममा सीताराम दाइको महानतम योगदान रहेको छ । यसै महानतम कर्ममा सीताराम दाइको नरेन्द्रप्रतिको धूमधाम मायाकै प्रमुखता गाँसिएको थियो । नत्र भरखरै राजधानी काठमाडौँमा पाइला टेक्तै गरेकी मैले पनि यस मानव समुद्रसरहको महानगरीमा मिसिएको एक थोपो पानीसरहकै अस्तित्व राख्थेँ भन्नु सत्य मात्र होइन महासत्य नै हो । यति हो म जहाँबाट राजधानी प्रवेश भएँ अर्थात् विराटनगरदेखि नै मैले मेरो अस्तित्व निर्माणको लक्ष्य भने आफैँसँगै बोकेर ल्याएकी रहेछु भन्ने त्यतिखेर केही न केही मेरो अन्तरर्हृदयमा बोध भएको थियो ।

•

'सामाजिक सङ्घसंस्थामा नारीपात्रको अवस्था के अनुभूत गर्नुभएको छ ?' भनेर कसैले मलाई प्रश्न गरेमा मैले दिने जबाफ यस्तो हुनेछ– 'राज्य, समाज र परिवारबाट नै म जन्मे, हुर्केर बढेको र अहिले बाँचिरहेको समयले मेरो जात अथवा स्त्रीलाई दोस्रो दर्जामा राखेको छ । परम्परादेखि चली आएको भनिने र आँखा चिम्लेर डरले थुरथुर हुँदै मानिने शास्त्रका खोक्रा कुराले पनि स्त्रीलाई पुरुषकै पाउमा पछारेको छँदै छ । जसले गर्दा स्त्रीलाई सामाजिक संस्थामा पनि नेतृत्वदायी भूमिकामा प्रायः राखिँदैन ।

म किशोर अवस्थादेखि नै सामाजिक सङ्घसंस्थामा रहेर कार्य गर्न खोज्थेँ । प्रारम्भिक दिनहरूमा त सामाजिक संस्थामा प्रवेश हुन पाउनु नै मेरा लागि महत्त्वको विषय हुने भइगयो । तर बिस्तारै बिस्तारै जब मैले सामाजिक संस्थाबारे बुझ्दै जान थालेँ त्यसपछि मलाई अचम्म लाग्न थाल्यो । केवल संस्था सजाउनका लागि बिना कोषको अर्थात् कुनै काम र महत्त्वहीन कोषाध्यक्ष पद दिनु स्त्रीका लागि पुरुषसत्ताद्वारा गरिएको ठूलो कृपा रहेछ । २०५० सालसम्म मैले यस्तै अवस्था भोगिरहेकी थिएँ । अन्ततः राजधानीमा त्यस बेलाको जल्दोबल्दो सीताराम प्रज्ञाप्रतिष्ठानमा उपकुलपतिमा आसीन हुँदा मैले आफूलाई पनि निकै मर्यादित भएको अनुभूत गरेकी थिएँ ।

•

हामी नइका हरेक खुसीहरूमा उदात्त मनले हर्ष प्रकट गर्ने सीताराम दाइको हामीप्रतिको भावना हाम्रा मातापितापछि नजिकको लहरमा पर्थ्यो । उदाहरणका लागि भनौँ– २०६२ सालमा श्री ५ ज्ञानेन्द्रको असीम निगाहले मैले गोरखापत्र संस्थानको कार्यकारी अध्यक्षाको पद पाएकी थिएँ । त्यस बेला गोरखापत्रको १०५ वर्षको इतिहासमा प्रथम महिला कार्यकारी अध्यक्ष हुने गौरव मलाई प्राप्त भएको थियो । रेडियो नेपालको बिहान सात बजेको समाचारमा मेरो नाउँ सुन्नासाथ सीताराम दाइको पहिलो बधाई फोन हाम्रो

ल्यान्ड लाइनमा आएको थियो । भोलिपल्ट नइनिवासमै सीताराम दाइ फूलको बुके बोकेर आउँदा हामी नइ हक्क न बक्क भएका थियौँ । डाहा र ईर्ष्याका भुङग्रोमा सल्किरहेका मेरा कृपण आफन्त र साथीहरू भएको यस महानगरीमा त्यस बेला सीताराम दाइको आशिष् मेरा लागि थप प्रेरक भएको थियो ।

त्यसपछि हाम्रो देशको राजनीतिमा आएको आँधीले संवैधानिक राजतन्त्र फालेर गणतन्त्र भित्र्याएको थियो । त्यसपछि गोरखापत्र संस्थानमा एकै जना पनि महिलालाई कार्यकारी अध्यक्षमा नियुक्ति गरिएन । त्यसैले पनि हालसम्म नेपालको सरकारी प्रमुख समाचारपत्र प्रकाशन गर्ने एक मात्र गोरखापत्र संस्थानको एक मात्र महिला कार्यकारी अध्यक्षका रूपमा म मात्र हुनु व्यक्तिगत रूपमा मेरा लागि गौरवकै घटना भए पनि समग्र महिलाजगत्का लागि भने दुःखद् कुरा पक्कै हो । गोरखापत्रबारे पनि म बिस्तारमा नै लेख्तै छु ।

•

राजधानी काठमाडौँमा साहित्यिक संस्थासँगको यात्राको मेरो पहिलो पाइलो नै सीताराम प्रज्ञाप्रतिष्ठानको साइतद्वारा सिँगारिएको थियो । त्यसैले मेरा गुरुदेव नरेन्द्रको सहोदरी पीडासँग सहमत हुँदै मलाई फेरि भन्न मन लाग्छ– ‘हो, नरेन्द्र ! माया पाउनलाई सहोदरी नै चाहिँदैन रहेछ, माया पाउन त माया गर्ने मुटु मात्रै चाहिँदो रहेछ ।’

त्यही माया गर्ने मुटु सीताराम दाइसँग रहेछ । त्यसैले नरेन्द्रलाई माया बर्साउने मुटु सीताराम दाइ पनि हुन् । नरेन्द्रसँग साँगी लाग्दा मैले पनि सीताराम दाइको नरेन्द्रमाथि बर्सिएको मायाको बाछिटाको उपभोग गर्न पाएर अभिभूत हुन पाएकी हुँ ।

सीताराम प्रसाई व्यापारी थिए, नरेन्द्रराज प्रसाई ऊर्जावान् प्रखर लेखक ! नरेन्द्रराज प्रसाई सीताराम प्रसाई छेउमा पुग्दा दाजुको साहित्य र साहित्यकारप्रतिको अगाध प्रेम र श्रद्धा देखेर भाइ दाजुप्रति थप आकर्षित भएका थिए । सीताराम दाइ व्यापारी त थिए

नै त्यसैले उनले पनि असल जौहरी भएर नरेन्द्ररूपी हीरा चिनिसकेका रहेछन् । अनि त दाजुभाइको कुरा मिल्यो र सीताराम प्रज्ञाप्रतिष्ठानको स्थापना भएको थियो । त्यस बेलाको गरिमाशाली त्यस प्रज्ञाप्रतिष्ठानमा म त पछि जोडिएकी हुँ । म जोडिने बेलासम्ममा प्रतिष्ठानले धेरै उचाइ लिइसकेको थियो । तब त म उपकुलपति हुनासाथ मैले राष्ट्रकविको पनि बधाईले भरिपूर्ण विशेष आशिष् थाप्न पाएकी थिएँ ।

'तिमी संसारप्रसिद्ध साहित्यकार हुनु' २०५५ सालको दसैँमा टीका लाउँदा सीताराम दाइले मलाई आशिष् दिएका थिए । त्यस बेला उनीबाट यस्तो आशिष् पाउँदा मेरो गह भरिएको थियो । सीताराम दाइको त्यस्तो वचन मेरा पिता गणेशप्रसाद शर्माको वाणीतुल्य लागेर पनि म थप संवेदित भएकी थिएँ । मेरा पिता म स्रष्टा भएको प्रति गौरव अनुभूत गर्थे । तर विधिले मेरा पितालाई मेरो प्राप्ति हेर्न दिएन । पितृप्रेमको खडेरी परेको मेरो जीवनमा सीताराम दाइका ती पाँच शब्दका आशिष् वचनले हरियाली पारेको मैले त्यस बखत अनुभूत गरेकी थिएँ ।

त्यसो त सीताराम प्रज्ञाप्रतिष्ठानको कार्यक्रम सञ्चालन मैले नै गर्थें । तर मैले उक्त कार्यक्रममा एउटा नयाँ कविता वाचन गर्नै पर्ने सीताराम दाइको हरेक वर्ष आग्रह हुने गर्थ्यो । मैले मेरा कविता सङ्ग्रहहरू 'नेपाल न्युज डट कम' (२०५९) र 'माल्दाइलाई चिठी' (२०६०) का प्राय:जसो राष्ट्रवादी कविता सीताराम प्रज्ञाप्रतिष्ठानका समारोहमा वाचन गर्न र सीताराम दाइको आग्रह पालना गर्न नै पनि लेखेकी थिएँ ।

'तिम्रो कविता राम्रो थियो ।' कार्यक्रम सकिएपछि कविताको प्रशंसा गर्न पनि सीताराम दाइले कन्जुस्याइँ गर्दैन थिए । तब त मेरो कविमन हौसिन्थ्यो र सीताराम प्रज्ञाप्रतिष्ठानको कार्यक्रममा सुनाउने ताजा कवितालेखन अभियानमा मेरो भावना जुट्ने गर्थ्यो ।

सायद सीताराम दाइ लेख्ने क्रममा म नितान्त निजी अनुभूतिमा एकोहोरिएँ कि क्या हो ? त्यसो त निजत्वबिनाको व्यक्ति अनुभूति खल्लो पनि लाग्छ मलाई । तर सीताराम दाइप्रतिको मेरो व्यक्तिगत अनुभूति मात्रै होइन 'सीताराम दाइ' र यदि मैले त्यसो मात्रै गरेँ भने 'सीताराम दाइ'प्रति मेरो कलमले न्याय गरेको ठहरिँदैन । अनि न्याय हुने छैन सीताराम दाइका अनन्य भाइ नरेन्द्रराज प्रसाईप्रति पनि ! किनभने मेरा लागि सीताराम दाइ लक्ष्य भए पनि बाटो नरेन्द्र नै हुन् । अनि लक्ष्यको अर्थ पनि त पूरा किमार्थ हुने छैन ।

खासमा मेरो यस लेखनको सम्पूर्ण लक्ष्य भनेको केवल र केवल नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'सीताराम दाइ'माथि केही लेख्ने जिम्मेवारीको पालना हो । तर बहकिने यो मनले पस्किने शब्दहरू अतीतको पोखरीमा हामफाल्दै पौडिन्छन् र मोती टिप्ने प्रयत्न गर्छन् र पटकपटक सिपीमै पनि अलमलिन्छन् ।

हिजोका दिनमा सीताराम दाइसँग जति क्षण मैले बिताउन पाएँ, आँखामा र आँखाबाट उनको नाउँको आँसु बनेर आउने मनको कुवाले मलाई दुक्ख दिन खोजेकै पनि हो । त्यसैले सीताराम दाइप्रति मात्र नभएर नरेन्द्रराज प्रसाईप्रति पनि न्याय गर्न म तम्सँदै छु ।

नरेन्द्र मेरा गुरुदेव, म उनकी सहधर्मिणी, नरेन्द्रकै सहधर्मिणी भएका नाताले पो म सीताराम दाइजस्ता त्यस बेला यस महानगरीमा नाउँ कहलिएका व्यक्तित्वसँग पनि जोडिन पुगेँ र माध्यम थियो सीताराम प्रज्ञाप्रतिष्ठान ! यसअघि पनि मैले भनिसकेँ नत्र मजस्ती भरखर मोफसलबाट महानगरमा बसाइँ सरेकी एउटी अदना लेखकको सीताराम दाइसम्मको सहज पहुँच पक्कै हुने थिएन । अनौठो लाग्न सक्छ यो कुरा, तर सत्य त ओकल्नै पर्छ । लेखन बाँच्न लेखकले सत्यको धरातलमा उभिनु नै पर्छ, नबाँच्ने लेखन केवल कागतको खोस्टो हुन्छ । कागतको खोस्टो मात्रै बनाउन अथवा चना, चटपटे बेच्ने थुङ्गा बनाउन किन लेख्नु र ?

कद काठीजस्तै अग्लो थियो हामी नइपरिवारका लागि सीताराम दाइको भावना र कर्म पनि !

'छोरोले पढिसक्यो हैन ?'

'छोरीहरूको के छ खबर ?'

'कान्छी छोरी कति क्लासमा पुगी ?'

हरेक भेटमा हाम्रा सन्तानबारे चासो राख्न नछोड्ने सीताराम दाइ !

माइली छोरी निकेतिकाको एकल गायनको गीति एलबम प्रकाशन गर्न र उक्त एलबमको लोकार्पण गर्न अर्थ प्रायोजन गर्ने सीताराम दाइ !

निकेतिकाको बेलायत यात्राका लागि नि:शुल्क हवाईटिकटको व्यवस्थापन गरिदिने पनि सीताराम दाइ !

कान्छी छोरी अनुकृतिकाको 'मेरो ज्याम्बोरी यात्रा'को लोकार्पणको सबै व्यवस्था गरिदिने सीताराम दाइ !

हाम्रा छोराछोरीको बिहेमा आशिष् दिन जस्तोसुकै अवस्था र परिस्थितिमा पनि, जसरी पनि आइपुग्ने सीताराम दाइ !

निकेतिकादेखि कञ्चनजङ्घासम्मको भविष्य निर्माणमा सरोकार राख्ने सीताराम दाइ !

कञ्चनजङ्घाको पढाइका क्रममा बेलाबखत आइपर्ने आर्थिक समस्याको गर्जो टार्ने पनि उनै सीताराम दाइ !

सीताराम दाइले नइपरिवारलाई नै लगाउनुभएको गुनका कतिपय ससाना तर महत्त्वका कुरा कतिचाहिँ समयको गर्भमा विलीन भइसकेका पनि छन् । त्यस्ता कतिपय कुरा पनि हुन्छन् जुन अतीतको गर्भमा विलीन गराउन आवश्यक पनि हुन्छन् । तर पनि सीताराम दाइको हामी नइप्रतिको कृत्यका अघि हामी नइ सदासर्वदा

उनीप्रति नतमस्तक छौँ । यही कृतज्ञताको नमुनास्वरूप नै मेरा गुरुदेव नरेन्द्रले 'सीताराम दाइ' प्रस्तुत गरेका हुन् । यस अर्थमा यो सत्य मैले लेख्नै पर्छ– 'हामी नइ नै सीताराम दाइद्वारा प्राप्त अप्रमेय स्नेहका लागि उनीप्रति आजन्म ऋणी छौँ ।'

मेरा गुरुदेव नरेन्द्रको प्रस्तुत कृति 'सीताराम दाइ' वास्तवमा गुरुदेवको ऋणमोचन हुने प्रयत्नको ससानो दस्ताबेज नै हो ।

मेरा गुरुदेवको विशेषतामध्ये अर्को विशेषता भनेको कसैले उनलाई सियो मात्र दिएको छ भने पनि उनी त्यस व्यक्तिका लागि उनीसित भएसम्म हात्ती नै पनि दिन तत्पर हुन्छन् । लोभमोहबाट मुक्त हुने उनको यस्तो स्वभाव भएकै कारण नरेन्द्रप्रतिको मेरो मोह, आकर्षण र सम्मान रहेको हुनुपर्छ । उनको यही महनीय विचार र कतिपय अतुलनीय आचरणले गर्दा नै नरेन्द्रलाई मैले गुरुदेवको उच्चासनमा राखेकी हुँ । तर कहिलेकाहीँ मानवीय अति छुच्चोपन पनि उनमा छाउने नभएको भने होइन । अनि सोही अति छुच्छोपनले नै उनलाई ईश्वरले यस जगत्मा राखेको हुनुपर्छ पनि भन्छु म । नत्र ता नरेन्द्रजस्तो दैवीय गुणले भरिपूर्ण मानिसले यो पापमय धर्तीमा सशरीर बसिरहन पाउँछन् जस्तो मलाई लाग्दैन नै ! त्यही उनमा बेला र कुबेला उब्जिने साह्रै छुच्चोपनले नै नेपाली भाषासाहित्यको र मेरो व्यक्तिगत सौभाग्यका रूपमा उनी पृथ्वीमा छन् भनेर म उनमा रहने छुच्चोपनलाई पनि स्वीकार गर्दै नरेन्द्रराज प्रसाईलाई मेरा गुरुदेवकै आसनमा विराजमान गराउँछु ।

फेरि 'सीताराम दाइ' सन्दर्भलेखन नरेन्द्रमै केन्द्रित हुन पुगेछ । अब म फेरि सीताराम दाइतिरै फर्किएँ ।

'ए तिमीहरू के खान्छौ ? मैले त भरखरै खाएँ ।' हामी लखतरान भएर सीताराम दाइको कार्यालय 'कोरियन एयर'मा पुग्थ्यौँ । हामी त्यहाँ पुग्नासाथ आफ्ना घरमा पुग्दा आमाले सोधेजस्तै सोध्ने

र हाम्रो इच्छाअनुसार होटेलबाट खाजा अथवा खाना मगाएर अघाउँजी खुवाउने सीताराम दाइ !

सीताराम दाइलाई भेटेपछि हामीले केही त खानै पर्थ्यो । हाम्रो पेट टन्नै भएका बेला पनि 'ग्रिन टी त खाओ न' भनेर स्नेहपूर्वकको आदेश दिने सीताराम दाइको आनीबानीलाई सम्झँदै मेरो मन कताकता विश्वप्रसिद्ध चित्रकार मनुजबाबु मिश्रसमक्ष पनि पुग्ने गर्छ । मिश्र दाइका घरमा पुग्न पाउनु छैन हामी नइका लागि रमोला भाउजूमार्फत खानेकुराको बन्दोबस्त भइहाल्थ्यो । हामी हर्मिताज जान भुल्यौँ भने फोन गरीगरी मनुज दाइले हामीलाई बोलाउने गर्थे र रमोला भाउजूले परिकारपरिकारका खाजाले स्वागत गरिहाल्थिन् । तर यही सहरमा केही साहित्यिक महामनाको पनि मलाई सम्झना हुने गर्छ, जसका घरमा जाडो महिनाको बेलुकी चार घण्टा बिताउँदा पनि एक कप तातो पानीसम्म खुवाउने रीत देखिँदैनथ्यो । त्यस्ता व्यवहारले नरेन्द्र र म छक्क पर्ने गरेका थियौँ । एक जना साहित्यसेवी अर्का चित्रकार अनि अर्का साहित्यकार यी तीन थरीका आचरण र व्यवहारमा कत्रो अन्तर ! छक्क पर्नुसिवाय गर्नै के सकिन्छ र ?

फेरि म सीताराम दाइकै ठाडो कुरा गर्न आइपुगेकी छु– हामीलाई अथवा उनका भाइ नरेन्द्रले कसैलाई कतै र कति चन्दा सहयोग दिनुपर्छ भन्ने प्रस्ताव राख्दा पनि कहिल्यै नाइँ, छैन, हुँदैन नभन्ने सीताराम दाइ !

हामी नइको कुनै समय यस्तो पनि थियो, त्यस बखत सीताराम दाइ हाम्रा लागि प्राय: दैनिक वा साप्ताहिकैजसो नभेटिनहुने व्यक्तित्व थिए । सीताराम प्रज्ञाप्रतिष्ठानद्वारा समर्पण गरिने गहुङ्गो राशिधारी पुरस्कारहरूबारे सरसल्लाह, पुरस्कार छनौटका बैठक, पुरस्कार समर्पणका भव्य समारोहको आयोजनाको तर्जुमा आदिका कारण सो प्रतिष्ठानका पदाधिकारीका नाताले पनि सीताराम दाइसँग हामी

नइको नियमितजस्तो भेटघाट हुने नै भयो । यसबाहेक कुनै किताकपको लोकार्पण, कुनै विशिष्ट व्यक्तित्वको अभिनन्दनजस्ता कार्यक्रममा पनि कहिलेकाहीँ हामी तीन जनाको भेट हुने गर्थ्यो ।

मलाई सम्झँदा पनि अहिले अचम्म लाग्छ– सीताराम प्रज्ञाप्रतिष्ठानमा मेरा गुरुदेव नरेन्द्रको जुनसुकै प्रस्ताव सीताराम दाइका लागि ढुङ्गाको अक्षरजस्तै हुने गर्थ्यो । नरेन्द्रले राखेको प्रस्तावमा बैठकले छलफल गर्न सक्थ्यो तर नरेन्द्रले जे प्रस्ताव राखेका छन् अन्तिममा त्यही नै मात्र निर्णय हुने गर्थ्यो । तीक्ष्ण चेतनाका धनी सीताराम दाइले 'नरेन्द्रले कहिले व्यक्तिगत स्वार्थले वशीभूत भएर कुनै पनि प्रस्ताव ल्याउने छैन' भन्ने बुझेका थिए । इमानदारी र परहितकारी नरेन्द्रको स्वभाव उनीबाट लुकेको थिएन । त्यस बेलाका बैठकका साक्षीस्वरूप महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी पनि छन् । डा.त्रिपाठी सीताराम प्रज्ञाप्रतिष्ठानका सहकुलपति थिए ।

राम लक्ष्मणजस्ता यी सहोदरी दाजुभाइ सीताराम प्रसाई र नरेन्द्रराज प्रसाईको एकअर्काप्रतिको समर्पण देखेर म अचम्मित पाराले खुसी हुने गर्थें । घर, समाज र साहित्यबारेको जे सल्लाह गर्दा पनि सीताराम दाइलाई नरेन्द्र भाइ नै चाहिन्थ्यो ।

अचानक यी दुई दाजुभाइका बीचको घनिष्ठतामा निकै ठूलो खाडल पर्‍यो । त्यसो त यी दुईको घनिष्ठता मन नपराउनेहरू दुवै पट्टिका पारिवारिक वृत्तमा 'सीताराम प्रज्ञाप्रतिष्ठान' स्थापनाको प्रारम्भैदेखि सलबलाएका पक्कै थिए । शक्ति र समयले साथ दिउन्जेल सीताराम दाइले ती सबै प्रवृत्तिलाई ह्याकुलोले मिचेर राखेका थिए । तर जसरी मानिसको रक्षा प्रणाली कमजोर हुनासाथ शरीरमा रोग व्याधिले आक्रमण गर्न थाल्छन्, सीताराम दाइको जीवनमा पनि त्यसरी नै आँधीबेहेरी नै आयो । ती सबै बेहोरा मेरा गुरुदेव नरेन्द्रको 'सीताराम दाइ'भित्र छँदै छ । ती बिम्ब फेरि म किन दोहोर्‍याऊँ र ?

'सीताराम दाइ' लेखेर मेरा गुरुदेवले अति स्तुत्य कर्म गरेको मैले ठहर गरेकी छु । कुनै बेला सीताराम दाइले आफ्नो कष्टकर आर्जन नरेन्द्रको आग्रहमा लेखकहरूमाथि खन्याएका थिए । कृतघ्न, बैगुनी अथवा नकारात्मक भावना भएकाहरूका लागि त सीताराम प्रसाईसँग अकुत पैसा थियो अनि खर्च गरे अथवा अरू केके भनेका थिए, लेखेका थिए र आआफ्नो दूषित बुद्धिको परिचय पनि दिएका नै थिए । आफू केही गर्न नचाहने र अरूले गरेको विशाल काम पनि देखिनसक्ने समाजका नागरिकको के कुरा लेखौँ, प्रभु ! के पैसा भएका उनी एक जना सीताराम प्रसाईनामक व्यक्ति मात्र यस देशमा थिए र ? पैसा नहुनेले नै पनि भोकै बस्नुनपर्ने अवस्था बिताइरहेका कुनै एक व्यक्तिले अर्को भोकले आकुल व्यक्तिका लागि एक गाँस खान दिन सक्छन् ? मैले त 'मै खाऊँ, मै लाऊँ'कै मात्र अधिकांश भीड भरिएको हाम्रो मानवसमुद्र नै देखेकाले सीताराम प्रसाई मेरा लागि अद्वितीय व्यक्तित्वमै पर्छन् । उनीप्रति सधैँ मेरो शिर झुक्ने नै गर्छ ।

२०६० सालअघिको सीताराम प्रसाईको सार्वजनिक व्यक्तित्वबारे पनि यहाँ उजागर गर्न मलाई मन लागेको छ । सीताराम प्रज्ञाप्रतिष्ठानमा दस वर्षजतिको समर्पणका कारण सीताराम प्रसाईको गौरवी बनेको व्यक्तित्व अमरतातर्फ नै उन्मुख भइसकेको थियो । किनभने नेपाली भाषासाहित्यका केदारमान व्यथित, माधव घिमिरे, ईश्वर बराल, ईश्वरवल्लभ, माया ठकुरी, कृष्णचन्द्रसिंह प्रधान, श्यामप्रसाद, भरतराज पन्तप्रवृत्ति कालजयी स्रष्टाहरू गाँसिएका 'सीताराम' आफैँमा अत्यन्त सार्थक अर्थ प्रवाह गर्नमा सफल नाउँ भइसकेको थियो । त्यस बेलाका जननीहरूले आफ्ना सन्तानहरूको शिरमा हात राखेर सीताराम प्रसाई भएस् भन्नु अपेक्षित सत्य भइसकेको थियो । आफ्नो मात्रै पेट पाल्ने अथवा आफ्नो परिवारका लागि सुख, सयल र मोजमज्जाका वैभव थुपार्नु कुनै पनि अर्थमा उल्लेख्य हुन सक्तैन । तर स्वआर्जित धनको पौरख वाङ्मयसेवीका

लागि अर्पित गरेर समाजका लागि प्रेरक व्यक्तित्व हुनु आफैँमा उदाहरणीय कृत्य हो । सीताराम प्रसाई उदाहरणीय कृत्यका कर्ता भएका थिए । त्यस बेला हात खोलेर, मन उघारेर बाँड्ने गरेको उनको त्यो आर्जन उनकै लागि पनि कुनै बेला कति दुर्लभ थियो होला ? अनि सीताराम प्रसाईलाई यस्तो स्तुत्य कार्यका लागि प्रेरित गर्ने कार्य अरू कसैले नगरेर मेरा गुरुदेव नरेन्द्रले नै गरेकाले म पनि त्यसको गौरवमा रमाएकी थिएँ ।

त्यस बेला हर्षविभोर भएर स्रष्टाहरूका पाउमा कष्टसाध्य धन समर्पण गर्ने पौरखी व्यक्ति सीताराम प्रसाई स्तुत्य थिए । नेपाली परिवेशमा सीताराम प्रसाईजस्ता मनका कुबेर फेला पर्दा मलाई मरुभूमिमा फेला परेको पानीको मुहानजस्तै लाग्ने गर्थ्यो । सायद मैले एउटा सामाजिक प्राणीको हैसियतले सीताराम दाइको योगदानको स्तुति गर्न सकेँ कि ? अथवा प्रयत्न पक्कै पनि गरेकी हुँ । वास्तवमा सीताराम दाइ स्तुति गर्नलायककै पनि व्यक्तित्व थिए ।

••

मेरा गुरुदेव नरेन्द्रका केही विशिष्ट विशेषता छन् । म उनकी अर्धाङ्गिनी हुनुका कारण उनको प्रशंसा गर्दा पनि दोष बोक्नुपर्ने र विरोध गर्दा पनि 'पोथी बासेको' बात लाग्ने गर्छ । यो पितृप्रधान समाजमा नारीको हैसियत नै दोस्रो दर्जाको नागरिकभन्दा माथि हुन नसकेकाले पनि यस्तो भएको हुनुपर्छ भन्ने मान्यता म राख्छु । तर म पनि परम्पराको दास मनस्थितिको विपरीत र यथास्थितिवादकी झिनो मसिनो विद्रोही नै हुनाले आफूले ठहर गरेका कुरा प्रकाशमा ल्याउने प्रयत्न गर्छु । कहिले सफल हुन्छु र कहिलेकाहीँ ती कुरा अधिग्रो जाने गर्छन् । तर पनि मेरो प्रयत्न भने जारी हुने गर्छ ।

नरेन्द्रकी म खोपीकी रानीसाहेब अथवा स्वास्नी मात्र नभएका कारण आफ्नो हैसियत अर्थात् नेपाली भाषासाहित्यकै आधा शतकदेखिकी अविरल विद्यार्थी भएका नाताले नरेन्द्रीय विशेषता र

दोषको मूल्याङ्कन गर्न जति अरू स्रष्टा अधिकारी छन् त्यति वा त्यसभन्दा अरु बढी नै म आफूलाई अधिकारी ठान्छु । किनभने मैले मेरा गुरुदेव नरेन्द्रसँग अविच्छिन्न रूपले दिव्य तीस वर्ष बिताइसकेकी छु । त्यसैले मैले जति उनलाई भित्र भित्र र भित्रसम्म चिन्छु र बाहिर पनि उसरी नै चिन्छु, त्यसरी उनलाई चिन्ने अर्को मानिस मैले त अहिलेसम्म भेटे देखेकी छैन, छन् त कोही ?

मैले चिनेका नरेन्द्रमा मानिस चिन्ने क्षमता बेजोड छ । नरेन्दराज प्रसाईले पैसा भएका मानिसलाई साहित्यको मर्यादा, औचित्य र इतिहास राम्रोसँग बुझाउन सकेका छन् । उनीमा ती धन कुबेरहरूलाई उत्प्रेरित गर्न सक्ने क्षमता भएकै कारण सीताराम प्रसाईलाई पनि साहित्यिक क्षेत्रमा सेवा गर्न, धन प्रवाह गर्न उत्प्रेरित गरेका थिए । उनले यो दुरूह कार्यमा सफलता पाएको प्रमाणको रूपमा नै नेपाली भाषासाहित्यको सेवाप्रदायक संस्थाहरू भूपालमानसिंह कार्की प्रज्ञापरिषद्, नइ एकेडेमी, त्रिमूर्ति निकेतनजस्ता संस्थाको स्थापना र सञ्चालन अभूतपूर्व रूपमा भएका छन् । पछिल्ला दिनमा वानीरा फाउन्डेसन निर्माणको पार्श्व बिम्ब पनि नरेन्द्र नै हुन् ।

नरेन्द्रीय विशेषता सामञ्जस्यता प्रदान गर्ने कार्यमा पनि सिपालु भएको मैले देखेकी छु । मैले भेटेका र सुनेका मानिसहरूमध्ये कतिपय मानिसहरू अरू मानिसबीच घनिष्ठता भएको सहन नसक्ने हुन्छन् । ती दुईबीच फाटो पार्नमा पनि उद्यत हुन्छन् र तर यसको विपरीत नरेन्द्र भने आफू नजिक भएका व्यक्तित्वहरूमध्ये कोही कसैको एकअर्काबीच अनमेल अथवा असामञ्जस्यता भएको थाहा पाउनासाथ ती दुईका बीच साँघु बनेर गलत बुझाइलाई सच्याएर आफूचाहिँ ती दुईबीचमा मनोमालिन्य पखाल्ने ओखति बनिदिने उनको प्रवृत्तिको पनि म प्रशंसक हुँ ।

यस्ता प्रशस्त उदाहरणहरूको पनि म साक्षी छु । हाम्रो देशमा साहित्यिक संस्था स्थापनाको गरिमा बोकेका कमल दीक्षित,

जनरल भूपालमानसिंह कार्की र सीताराम प्रसाईका बीच असामञ्जस्य हुन थालेको आभास पाउनासाथ त्यस असामञ्जस्यलाई बढ्न नदिई उनीहरूबीच सुमधुर सम्बन्ध कायम गराउने काम पनि मेरा गुरुदेव नरेन्द्रराज प्रसाईबाटै भएको थियो । यदि यसो नभएको भए हामीलाई संस्था चलाउन साह्रै गाह्रो पर्ने थियो । अन्ततः नरेन्द्रकै कारणले जनरल कार्कीबारे कमल दीक्षितले उनको 'नेपाली' त्रैमासिकमा जयजयकार छपाएका थिए । दीक्षितले 'नेपाली'मा नै सीताराम दाइको पनि प्रशंसा गरेर सम्पादकीय लेखेका थिए ।

•

मेरा गुरुदेव नरेन्द्रले 'सीताराम दाइ'भित्र सीताराम प्रसाईको यथार्थ व्यहोराअन्तर्गत उनका कमजोरीहरूलाई पनि खोलिदिँदा नै 'सीताराम दाइ'मा सीताराम प्रसाईका लागि खर्चिएका प्रशंसाका शब्दहरूले पुस्तकभित्र सत्यको धरातल पाएका छन् । एउटा कुरा बिलकुलै सत्य हो– कुनै पनि व्यक्ति गुण र दोषरहित हुन सक्तैन । गुणको अधिकताले व्यक्तिलाई देवत्वको आसन दिलाउँछ र ती पूज्य हुन्छन्; दोषको अधिकताले भने राक्षसतुल्य आसनमा राखेर मानिस घृणित ठहरिन्छन् । सीताराम दाइका विषयमा लेख्नका लागि नरेन्द्रराज प्रसाईजस्ता चुलिएका लेखकले त्यसै व्यर्थै आफ्नो समय र साधन खर्चिएका पक्कै होइनन् । 'सीताराम दाइ'भित्रका नायक सीताराम प्रसाईले तत्कालीन साहित्यिक समाजका लागि अवश्य नै केही विशेष योगदान दिएका थिए । नरेन्द्रराज प्रसाईको योजनालाई सार्थक बनाउनका लागि उनले आफ्नो आर्जन दिल खोलेर खर्चिएका थिए । ती कुराको खुलस्त विवरण प्रस्तुत गरेर नरेन्द्रले सीताराम प्रसाईलाई उनको देहावसानपछि उनलाई पुनः जीवित तुल्याउने उदाहरणीय दस्तावेज यस पुस्तकभित्र सुरक्षित गरिदिएका छन् । जसले गर्दा भविष्यका नेपाली भाषासाहित्यका विद्यार्थीहरूका लागि अध्ययन सामग्री तयार भएको छ । अनि मानवीय कमजोरीले वशीभूत भएर सीताराम प्रसाईद्वारा भए गरेका कतिपय दोषपूर्णका क्रियाकलाप पनि

‘सीताराम दाइ’भित्र लेखिएकाले यो पुस्तक स्तुतिगानको दोषबाट मुक्त हुन सकेको छ ।

नरेन्द्रराज प्रसाईको मन र सीताराम प्रसाईको धन मिलाएर स्थापना गरेको सीताराम प्रज्ञाप्रतिष्ठानका गतिविधि पनि यसै पुस्तकभित्र समाविष्ट गरिएको छ । यस कृतिभित्र साहित्यिक संस्थाको स्थापना र परिचालनको सङ्क्षिप्त दीर्घदर्शनसमेत समावेश गरिनु अर्को स्तुत्य कार्य भएको छ ।

•

मेरा गुरुदेवबारेको अर्को एउटा सत्य कुरा पनि मैले नै लेख्नुपर्छ । सीताराम प्रसाईलाई ‘सीताराम दाइ’का रूपमा लेखनको विषय बनाउने को हुन् ? परिवार र धनसम्पत्ति, मोजमज्जाको डरलाग्दो भासबाट निकालेर सेतो, चोखो कमल पुष्पजस्तो साहित्यिक संसारमा सीताराम दाइलाई सर्लक्कै बोकेर कसले उभ्यायो ? भलै त्यसमा कमिला लागेर सीताराम दाइ दीर्घकालसम्म टिक्न सकेनन् तर जति समय त्यो श्वेत कमलमा सीताराम दाइ टिके त्यसैको गाथा नै मेरा गुरुदेव नरेन्द्रराज प्रसाईले गाएका हुन् । अनि म पनि मेरा गुरुदेवसँग साँगी लागेर सीताराम दाइकै माया गाउँदै छु; नत्र ट्राभल एन्ड टुर्स चलाउने धनकुबेर यस खाडलमा यत्रतत्र सर्वत्र छरिएकै छैनन् र ? कङ्गालीले आजित भएर आत्मदाह गर्नेहरूको बसोबास हुने यही महानगरीमा सीताराम दाइजस्ता धनकुबेरी त कति आए कति गए । कसलाई फुर्सद छ र कुबेरगणका हिसाब गरिरहन पनि । अनि ती धनकुबेरका ऐसआराममा नष्ट भएर जाने सम्पत्तिको अर्थ पनि तिनकै मात्र क्षणिक तुष्टिका लागि बाहेक केही हुन्छ र ?

मेरा गुरुदेव नरेन्द्रको इच्छाशक्ति दृढ छ; उनमा आफ्ना कार्य फत्ते नगराउन्जेल त्यसैमा लागिपर्ने समर्पण भाव र बेजोडको शक्ति पनि छ । उनमा जस्तै बाढी पहिरो आउँदा पनि आफ्नो गन्तव्य नछोडी त्यहीं पुग्न अविरल हिँडिरहने लगनशीलता पनि छ । लोभ र पाप नभएकाले असत्यसँग निर्भीकतापूर्वक लड्ने साहस पनि

उनीसितै छ । नत्र पूर्वी पहाडबाट यस महानगरीमा आएको एउटा सोह्रवर्षीय किशोरले ढोडको सहारामा पहाड बोक्न सक्थ्यो र ? उनलाई लखेट्नेहरूले लखेटिरहे, कसैले धारे हातले, कसैले वचनले, कसैले लेखनले र कसैले कामका अघिल्तिर ढाट तेर्स्याइरहे । उनका योजनामा किसिमकिसिमका अवरोध पनि पार्न खोजे, तर मेरा गुरुदेवमा कहिले आफ्नो लक्ष्यबाट विचलन आएन ।

म विश्वस्त छु भोलिका दिनमा साहित्यमा पक्ष विपक्ष, गुट र उपगुट, कालो र सेतो, चुच्चो, नेप्टो र थेप्चो नहेरी कर्मको मात्र समालोचना गर्ने अध्येता अवश्य आउनेछन् । त्यस बेला तिनीहरूले साहित्यका सेनापति भनेर मेरै गुरुदेवको नाउँ किटानी गर्नेछन् । हो साहित्यिक क्षेत्रमा आजसम्मको नेपाली भाषासाहित्यको इतिहासको लेखाजोखा गर्दा मेरा गुरुदेव नरेन्द्रराज प्रसाईले जति काम गर्न सकेको अभिलेख अरू कसैको छ ? यदि छ भने त्यो कुरा सप्रमाण पेस हुँदा म मेरो लेखन फिर्ता लिनेछु । चौबिसै घण्टा साहित्य, साहित्य, साहित्यको मात्र आराधना गर्ने साहित्यिक सपना देख्ने र त्यो सपनालाई साकार पार्न सधैँ उद्यत रहने व्यक्ति मेरा गुरुदेवलाई बुझेर पनि नबुझेजस्तो गर्ने र जानेर पनि नजानेजस्तो गरी म अनभिज्ञ कसरी बनूँ ? जानेर र बुझेरै सीताराम दाइले नै पनि आफ्नो अनुज भए पनि मेरा गुरुदेवलाई साहित्यका गुरु थापेकै थिए ।

'सीताराम दाइ'भित्र नरेन्द्रराज प्रसाईको निष्ठा, भाव, इमानदारी, आत्मसम्मान र लगनशीलता पनि सीताराम प्रसाईका कर्तृत्वसँगै गाँसिएर आउनु भनेको नरेन्द्रीय लेखनशिल्पको बलियो उदाहरण नै हो । साहित्यिक महारथी हुने यात्रामा अग्रपङ्क्तिमा पुगिसकेका नरेन्द्रका योजना कार्यान्वयनमा दत्तचित्त र समर्पित भएका सीताराम प्रसाईबारे प्रस्तुत निबन्धकृति नरेन्द्रद्वारा लेखिनु नै पर्थ्यो । यसलाई म लेखकीय इमानदारी मान्छु र नरेन्द्रीय लेखनको गर्वमा रमाउँछु ।

**• इन्दिरा प्रसाई**

# सीताराम दाइलाई हरियो झन्डा

म सानैदेखि निबन्ध लेख्थेँ, गीत लेख्थेँ र पछिपछि मैले जीवनी पनि लेख्न थालेको हुँ । जीवनीमा मात्र म सीमित भएको धेरै वर्ष भयो । त्यसैले मैले गीत र निबन्ध विधामा भने कहिलेकाहीँ मात्रै रचना गर्न थालेँ । जसले गर्दा जीवनीबाहेक गीत र निबन्धको मेरो सिङ्गो कृति प्रकाशनमा आउन सकिरहेको पनि थिएन । अहिले 'सीताराम दाइ'नामक मेरो निबन्धकै नयाँ सिर्जना झुल्केको छ ।

मेरा दाजु सीताराम प्रसाईलाई म मेरो जुनीभरि भुल्न नै सक्तिनँ । मेरो विगतले उनीसितको मेरो घटना र दुर्घटना दुवै थोक आत्मसात् गरेको छ । अनि ती दुवै विषय झ्वाट्टै बिर्सिने खालका पनि थिएनन् । कुनै बेला हामी एकअर्काका दिन पनि धेरै सुकिला थिए र केही समय ती दिन धेरै धमिला पनि भए । ती तीतामीठा मेरा भावनालाई मैले 'सीताराम दाइ'भित्रै उनेको हुँ ।

सीताराम दाइ मेरा आदरणीय दाइ थिए, मेरा श्रद्धेय दाइ थिए र मेरा भरअभरका पनि दाइ थिए । कुनै बेला उनले मेरा लागि गुनैगुन गरेका थिए । उनले मप्रति गरेका केही कैफियत पनि होलान्; तर ती त्रुटि उनको आफ्नो सग्लो मन र मस्तिष्कले गरेका थिएनन् । वास्तवमा रक्सी खाएका बेला उनी अन्धकारमा नै हुन्थे । अन्तत: उनको मन बिगार्ने तत्त्व पनि चुरोट, रक्सी र परी नै भए । उनी दिनमा पच्चिस खिल्ली चुरोट खान्थे, चिया पनि झन्नै त्यति नै कप खान्थे र रक्सी पनि घुँडा टेकिसकेपछि पनि खान छाड्दैन थिए । परीहरूसित पनि

उनी प्राय: रम्न मन पराइरहन्थे । यी तीनै थोकको जीवनशैलीले उनको जिन्दगीलाई नै कुचो लगाउन मद्दत गरिदियो ।

संस्मरण या भनौँ मैले निबन्धलेखनको रुचि बोकेको थिएँ । त्यही रुचिमा आधारित मेरो लेखकीय जीवनमा घटेका कुराको एउटा दस्तावेज प्रस्तुत 'सीताराम दाइ' कृति पनि हो । यसभित्र कतै मीठा कुरा होलान्, कतै नमीठा कुरा पनि होलान् र कतै मलाई नै नपच्ने कुरा पनि होलान् र कतै मनजिकैका पाठकलाई चित्त नबुझ्ने कुरै पनि होलान् । अन्तत: जुनसुकै आत्मपरक रचना भनेकै यस्तै पनि हुन्छ । लेखकले देखे, बुझेको वा आत्मसात् गरेको अनुभूतिसम्म पाठक नपुग्न पनि सक्छन् । त्यसैले लेखकको लेखनसँग पाठकीय विचार वा मन ठ्याम्म नमिल्न पनि सक्छ । यति हो मसितको सरोकार या सन्दर्भबाहेक यस कृतिभित्र मैले सीताराम दाइको परिवार र ललिता भाउजूको माइती पक्षलाई भने उज्याएको अथवा भनौँ प्रकाश पारेको छैन ।

सीताराम प्रसाई के थिए र कस्ता थिए भन्ने जान्न या बुझ्न मेरो 'सीताराम दाइ' पढे पनि पुग्छ । तर यही कृतिलाई नै सम्पूर्ण सीताराम प्रसाई भन्न मिल्दैन । यहाँ त मैले मेरो अनुभूतिभित्रका सीताराम प्रसाई मात्र खामेको छु । अर्थात् मैले जानेका, मैले बुझेका र मैले पढेका मेरा आदरणीय सीताराम दाइको दस्तावेज मात्र यहाँ मैले प्रस्तुत गरेको हुँ । अनि सीताराम दाइबारे कति संवेदनशील कुरा मैले यसै कृतिमा प्रस्तुत गर्न पनि रुचाइनँ । उनी अक्षर पढ्ने सोखिन भएका कारण पनि जोडिनाले मैले उनीसितको मेरो उठबसको फेरोमा 'सीताराम दाइ' शीर्षकमा एउटा लामो निबन्ध लेखेको हुँ ।

मैले अक्षर लेखेकै कारण सीताराम दाइले मसित अत्यन्तै गहिरो सद्भावना राखेका थिए । उनको मप्रतिको अटल माया, विश्वास र योगदानका अगाडि मेरो यस कृतिलाई फिका नै माने पनि हुन्छ ।

नेपाली समाजमा सीताराम प्रसाई एक जना उदाहरणीय व्यक्ति नै थिए । उनी आफूलाई बेफाइदा नहुने गरी अर्काका लागि हीरा फोर्थे । अनि आफ्नो प्रतिष्ठाको उचाइका लागि चाहिँ उनले आफ्नो मन पनि रोप्थे । उद्योगी, व्यापारी र पर्यटन व्यवसायी भए तापनि फाइदा लिने काममा मात्र उनी अग्रसर थिएनन् । उनी सादा भएर पनि भरिभराउ थिए । अनि उनको जिन्दगीका यी विविध सार मैले मेरो उनीसँगको घनिष्ठ सम्बन्धका कारण जति जानेँ, बुझेँ त्यति नै मात्र मैले 'सीताराम दाइ'नामक यस कृतिमा पोखेँ ।

सीताराम प्रसाई राजनीतिका पनि ज्ञाता नै थिए । तर उनी राजनीतिका कुरा निस्केपछि त्यसलाई बकमफुसे भनेर बिट मार्ने तालमा जान्थे । राजनीतिका नाउँमा उनले कसैसित पैँठेजोरी खेलेनन् । यति हो उनी देशभक्तचाहिँ थिए । उनी देशमाराहरूको बदख्वाइँचाहिँ गरिरहन्थे ।

सीताराम प्रसाई सामाजिक काममा उत्सर्गिक थिए । उनैले झापामा सीताराम माध्यमिक विद्यालयको स्थापना गरिदिए । समाजका लागि विविध रूपबाट खर्च गर्न पनि उनी अग्रसरै थिए । यति हुँदाहुँदै पनि उनको सामाजिक व्यक्तित्वको चमक भनेको 'सीताराम प्रज्ञाप्रतिष्ठान' नै देखिएको थियो । यो संस्था स्थापना गरेर उनले नेपाली समाजका लागि टड्कारो सेवा गरेको चाहिँ मैले भुल्नै हुँदैन । किनभने 'सीताराम प्रज्ञाप्रतिष्ठान' मेरै करबलमा स्थापना गरिएको थियो । त्यही संस्थामा गाभिएर, होमिएर र समाहित भएर पनि म सीताराम प्रसाईको पछिपछि लागेका थिएँ । त्यस कलखण्डमा मैले जति गरेँ, आँखै चिम्लेर गरेँ । त्यति बेला मैले दिन गनिनँ र रात पनि भनिनँ । त्यस घडी सीताराम दाइ र मेरो सम्बन्धको एउटा बिर्सिनसक्नुको साम्राज्य नै स्थापित भएको थियो । अनि त्यसैको समेत सग्लो प्रस्तुति नै 'सीताराम दाइ'नामक प्रस्तुत कृति हुँदै हो ।

सीताराम दाइको मन पर्ने विषय साहित्य पनि थियो । उनी साहित्यका राम्रा पाठक थिए । मेरा कृति पढेर पनि उनी गौरव मान्थे । त्यति बेला म उनलाई भन्थेँ– ‘हजुरले आफ्नो आत्मकथा लेख्नुपर्छ ।’ मेरा कुरा सुनेर उनी टाउको हल्लाउँथे । विधिले उनलाई सबै कुरा दिएर पनि लेखक बन्नचाहिँ दिएन । उनी त केही नलेखी नै गए । अन्ततः उनको जिन्दगीको सार सङ्क्षेप नै यही कृति भएको छ ।

सीताराम दाइको नाउँ युगयुगसम्म बाँचोस् भनेर मैले उनीप्रति हरियो झन्डा फहराएको हुँ । राम्रैराम्रो फूलबुट्टाले मात्र मान्छे बाँच्तैन र नराम्रो काम गर्नेहरूको गाथा पनि लेखिँदैन । मैले अनेक रङका बुट्टा हानेर यस कृतिमा जलप लगाएको छैन । सीताराम प्रसाईलाई सग्लो, खारिलो र शाश्वत रूपमा प्रस्तुत गर्न मैले यहाँ एउटा लेखकीय धर्म मात्र बोकेको हुँ । अनि सीताराम दाइप्रतिको मेरो धर्मको एउटा निष्कर्ष नै प्रस्तुत कृति हो । ‘सीताराम दाइ’मार्फत मेरा अक्षरका प्रेमी मेरा दाजु सीताराम प्रसाईलाई मैले अक्षरको कृतज्ञता जाहेर गरेको छु । हुन त यस कृतिभित्र केवल सीताराम दाइ नै मात्र छैनन् म उनीसँगसँगै यसभित्र गाँसिँदै आएको पनि छँदै छु ।

मेरी गुरुदेवी इन्दिरा प्रसाई पनि सीताराम दाइकी फ्यान थिइन् । सीताराम दाइका बारे उनले सीताराम दाइकै जीवनकालमा एउटा निबन्ध लेखेकी थिइन् । उनको उक्त निबन्ध उनले त्यति बेला सीताराम दाइ र ललिता भाउजूलाई नै पनि सुनाएकी थिइन् । त्यही निबन्धलाई समेत गाँसेर मैले यस कृतिमा समावेश गराएको छु । यस कृतिको सिँगारपटारमा इन्दिराको लेखले पनि शाश्वत भूमिका खेल्छ भन्ने मलाई लागेको छ । अनि सीताराम दाइ र मेराबारेका प्रायः अलिखित बेहोरा पनि इन्दिराबाटै लिखत भएको छ । त्यसैले मलाई भन्न मन लागेको छ– ‘सीताराम दाइ’नामक कृतिमा भूमिका लेखेर मेरी गुरुदेवीले मलाई थप गुन लगाएकी छिन् ।’

**• नरेन्द्रराज प्रसाई**

# सीताराम दाइ

# सीताराम दाइ र मेरो रगतको नाता ?

सीताराम प्रसाई मेरो दाजुको नाउँ हो । हामी दुवै जना आत्मीय साइनोमा गाँसिएका थियौँ । तर पनि हामीमाऊ रगतको साइनोचाहिँ देखा परेको छैन । जति नै खोजे पनि उनीसित मेरो रगतको नातो सायद कहीँकतै नभेटिन पनि सक्छ । यति हो, उनको र मेरो एउटै थर भएका कारण चिन्नेहरू धेरैले हामीलाई एकै वंशका ठान्थे पनि र ठान्दै आएका पनि होलान् । एउटै थर अर्थात् हाम्रा नाउँमा प्रसाईको पुच्छर गाँसिएका कारण सीताराम दाइको र मेरो मनोविज्ञान दाजुभाइमा नै केन्द्रित भएको पनि हुँदै हो । तर हामीमाऊको वंशावलीको तथ्य भने बेग्लै छ ।

प्रसाई कति प्रकारका छन्, त्यस बेहोराबाट म अनभिज्ञ छु । त्यसबारे मलाई सरोकार भए तापनि त्यसलाई उधिन्ने काम मेरो होइन । किनभने पछिल्ला दिनमा प्रसाई थर भएका जति हामी एउटै भाइचारामा आबद्ध भइरहेका छौँ । अनि त्यही नै प्रसाईको एउटा गौरवको विषय हो भन्ने प्रसाईबन्धुहरू पनि छन् । चार दिशाका प्रसाईको एकै गोलबद्ध भएका कारण नै मेरा अर्का दाजु तेजबहादुर प्रसाईले भनेका थिए– 'घरमा फुलेका फूल मात्र के फूल र ! जङ्गली फूल मिसिएपछि नै एउटा सुन्दर बगैँचा बन्छ । त्यसैले को प्रसाई कतातिरका प्रसाई भन्ने तथ्य जोजसको मनमा जेजे छ, छँदै छ । हाम्रो प्रसाईको यस प्रकारको एकताको बलियो आधारलाई जय मनाउनुपर्छ । वंशावली भन्ने शब्द अभिमान र एकताको सूत्र पनि

हो ।' वास्तवमा तेजबहादुर दाइको वाणीमा सबै प्रसाई एकै मानिन्थे र उनीबाट कुन प्रसाई कतातिरका हुन् भन्ने भेदभाव पनि रहेको कहिले देखिएन । अनि उनका विचारमा मेरो पनि विमति कहिले भएन । तर यी कुरामा रामबाबू दाइ भने टसमस भएको मलाई थाहा भएन । किनभने प्रसाई वंशको इतिहास रामबाबू दाइका डायरीमा आबद्ध थियो । उनको आज एउटा कुरा र भोलि अर्को कुरा गर्ने बानी पनि थिएन । साथै इतिहास मेटिहाल्ने पक्षमा पनि उनको मनसाय हुँदैन थियो । यति हो घर, परिवार, समाज र राष्ट्रलाई हानी हुने कुनै पनि कुरा उनी ओकल्दैन थिए ।

रामबाबू दाइका अनुसार 'जातजाति आदिका सीमित घेराबाट माथि उठ्नुपर्ने, बाइसी चौबिसी राज्य मिलाएर दुई सय वर्षअघि बडामहाराजाधिराज पृथ्वीनारायण शाहले सिङ्गो नेपाल निर्माण गरे हामी फेरि बाइसी चौबिसीभन्दा पनि सानासाना हुन आआफ्ना वंश समातेर त्यसैको घेराबन्दीमा बाँधिने ? मानव सबै एकै हौँ हामीले विश्वबन्धुत्वमा बाँधिनुपर्छ ।' रामबाबू दाइ राष्ट्रलाई कसरी बलियो बनाउने भन्ने विराट् सोचका राजनीतिज्ञ थिए ।

रामबाबू दाइको विचारसँग सहमत हुँदाहुँदै पनि विश्वबन्धुत्वको विशाल क्षेत्रमा प्रवेश गर्न पनि व्यक्तिले आफ्नो जराको पहिचान वा सेरोफेरोको सत्यतथ्यको हिसाब गर्नुपर्छ भन्ने मान्यता मेरो थियो । जसअनुरूप मैले प्रसाई वंशको सत्यतथ्यमाथि प्रकाश पार्नुपर्छ भन्ने निर्णयमा पुगेँ ।

•

मेरी आमा भागीरथा प्रसाईको जिन्दगानीबारे मेरी पत्नी इन्दिरा प्रसाईबाट लेखिएको 'मेरी सासू' २०६५ सालमा नइ एकेडेमीबाट प्रकाशित भएको थियो । त्यस ग्रन्थमा आबद्ध नन्दमणि प्रसाई उँधोका पाँच पुस्ताको वंशावली खामिएका छन् । त्यो बनाउन हामी नइले हाम्रा दाजुहरू खनूपरुदे 'रामबाबू' प्रसाई,

जयन्द्रप्रसाद प्रसाई, गणेशबहादुर प्रसाई, विष्णुभक्त प्रसाई, प्रा.डा.भीष्मराज प्रसाई, पूर्वमन्त्री खगेन्द्र प्रसाई र शिवकुमार प्रसाईको साथ लिएका थियौँ । वंशावली सङ्कलक लेखेरै त्यस ग्रन्थमा उनीहरूको नाउँ पनि आबद्ध गरिएको छ । त्यही कालखण्डमा प्रसाई वंशबारे दाजुहरूबाट मैले सकेसम्म धेरै कुरा जान्न पाएको थिएँ । अनि त्यसै बेला मैले प्रसाई वंशावली के हो र कस्तो हो भन्ने यथार्थ कुरा पनि थाहा पाएको थिएँ । उदाहरणका लागि भन्ने हो भने मेरा बाजे नरध्वज प्रसाईका बुबा नन्दमणि प्रसाईका तीन जना श्रीमती थिए । तर ती तीनवटी पत्नीमध्ये जेठी अनामका एक जना छोरा रूपनारायण प्रसाई मात्र जन्मेका थिए । उनीबारे केही जानकारी पाइएको थिएन या उनी कति वर्ष बाँचे भन्नेबारेसमेत कुनै किसिमको ठहर या सङ्केत देखिएन । साथै उनका सन्तानसमेत पनि नभएकाले नन्दमणिकी जेठी पत्नीचाहिँ कसकी छोरी थिइन् भन्ने प्रसाईपरिवारमा अत्तोपत्तो भएन । अनि ती तीनै जनाको नाउँ कहीँकतै उल्लेख पनि थिएन । इन्दिराकृत ‘मेरी सासू’नामक ग्रन्थका वंशावली सङ्कलक दाइहरूकै सहमतिमा माइली र कान्छीका सन्तान र तिनका वंश भएका कारण माइलीको नाउँ हरिमाया र कान्छीको नाउँ देवकला राखिएको थियो । ‘मेरी सासू’ प्रकाशित हुनुअघि माइलीलाई चुँडालकी छोरी र कान्छीलाई भण्डारीकी छोरी भन्ने चलन थियो । ‘मेरी सासू’मा प्रकाशित ती दुई नाउँलाई प्रसाई वंशावलीमा यथावत् कायम गरिएको पनि छ ।

रामबाबू दाइदेखि गणेशबहादुर दाइसम्मका भावनालाई समन्वय गरेर सौन्दर्यमूलक लयमा लानुपर्ने बाध्यता मैले मेरै भागमा रहेको देखेँ । वास्तवमा इतिहासलाई उल्टोपाल्टो पार्ने, बङ्ग्याउने र छोपछाप पार्न पनि मनासिब हुँदैन । किनभने भोलिका पुस्ताले यसबारे गहिरो अध्ययन गर्न चाहे भने हाम्रो पुस्ता या हामी अगाडिका पुस्ताका

लागि मर्यादित बेहोरा हुँदैन । त्यसमाथि म लेखकै भएको हुँदा मबाट इतिहासलेखनको विश्वासघात हुनु पनि भएन । वास्तवमा म लेखक मात्र होइन, एउटा इतिहासकार नै पनि हुँदै हुँ । मेरो इतिहासलेखन व्यक्तिकेन्द्रित नै हो । अथवा भनौँ, म जीवनी लेखक हुँ । जीवनी लेखकले आफ्नै वंशबारे सत्यतथ्य लेखिनँ भने म नै भोलिका पुस्ताको डरलाग्दो सिकार बन्न सक्छु । त्यसैले मैले सीताराम दाइ र मेरो नाता स्पष्ट कोर्नु नै पर्ने भएको हो । यसबारे पहिले नै दाजु गणेशबहादुर प्रसाईले मलाई झकझक्याउँदै भनेका थिए– 'भदौरेका प्रसाईसित हाम्रो वंशावलीको साइनो छैन; तर सामाजिक सम्बन्धमा चाहिँ हाम्रो बढोत्तरी भएको छ ।'

•

सीताराम दाइहरूलाई भदौरेको प्रसाई भनिन्थ्यो । भदौरे भनेको कोशी अञ्चलको आठराई तेह्रथुम जिल्लाअन्तर्गत रहेको एउटा पहाडी गाउँ हो । त्यो गाउँ चिन्नुअघि पोखरीको नाउँ उल्लेख हुने गर्छ । किनभने आठराईमा पोखरी चर्चित ठाउँ मानिन्छ । देवीप्रसाद उप्रेतीले त्यही ठाउँमा एउटा अति भव्य पोखरी हाईस्कुलको स्थापना गरेका थिए । त्यसपछि नै त्यो ठाउँ चर्चाको शिखरमा उभिएको थियो । त्यही पोखरीमुनि इवा गाउँमा मेरो मामाघर थियो । अनि इवाको फेदीमा भदौरे गाउँ रहेको छ ।

•

मेरा मावलीका हजुरबुबा प्रेमलाल उप्रेतीकी जेठी पत्नी कौशल्याबाट चार जना छोरा र चारवटी छोरी जन्मेका थिए । ती चार जना छोरीमध्ये जेठी हरिमायाको भदौरेका कृष्णलाल प्रसाईसित वैवाहिक नाता गाँसिएको थियो । अनि माइली वत्सलाको इवाकै नैनानन्द तिवारीसित बिहे भएको थियो । साइँली अर्थात् मेरी आमा भागीरथाको बिहे हाङपाङका जयप्रसाद प्रसाईसित भएको थियो । अनि कान्छीको नाउँ पवित्रा हो र उनको विवाह भदौरेकै श्रीप्रसाद प्रसाईसित भएको थियो । कृष्णलाल प्रसाई र

श्रीप्रसाद प्रसाई भन्नु सीताराम दाइका जेठा बुबा र कान्छा काका थिए । भानुलाल प्रसाईका आठ जना छोरामध्ये सीताराम दाइका बुबा मुक्तिनाथचाहिँ ठाइँला भाइ थिए (पछाडि पृष्ठ १६८ मा वंशावली हेर्नुहोला) ।

मेरी आमाकी ठूली दिदी र ठूला भिनाजु अर्थात् हरिमाया प्रसाई र कृष्णलाल प्रसाईका संरक्षणमा मुक्तिनाथ प्रसाईको बाल्यकाल बितेको थियो । मुक्तिनाथ र मैना प्रसाईबाट तीन भाइ छोरा सीताराम, शिवराम र ध्रुवराम जन्मेका थिए ।

•

मेरी आमाकी ठूली दिदी र ठूला भिनाजुको स्वर्गारोहण हुँदा नन्दमणि प्रसाईका सन्तानले उनीहरूको जुठो बारेका थिएनन् र नन्दमणिका छोरा, नातिहरू स्वर्गीय हुँदा पनि भदौरेका प्रसाईले जुठो बारेका थिएनन् । यसै प्रसङ्गमा एक पटक तेजबहादुर प्रसाईले उनका भतिज कनककेशर प्रसाई र मेरा सामुन्ने भनेका थिए– 'भदौरे र सिनामका प्रसाई मरेको थाहा पाउँदा हामी कानमा पानी लगेर कान पुछ्ने गर्थ्यौं ।' तेजबहादुर दाइका कुरा सुन्नुअघि मैले मेरी आमाबाटै यी सबै कुरा थाहा पाइसकेको थिएँ । मेरी आमाले मलाई भनेकी थिइन्– 'भदौरेका प्रसाईसित हाम्रो वंशको साइनो देखिँदैन । त्यसैले हामीले उनीहरूको जुठो बारेनौँ र उनीहरूले पनि हाम्रो परिवारको जुठो बारेनन् । यसबारेको साक्षी प्रमाण मेरी आमाका जेठा भिनाजु र ठूली दिदीका जेठो नाति वेनुप्रसाद प्रसाई पनि छन् । वेनु २०५५ सालदेखि २०५८ सालसम्म गोरखापत्र संस्थानका महाप्रबन्धक पनि भएका थिए । वेनु भन्नु देवीप्रसाद प्रसाईका जेठो छोरा हुन् । साथै मेरो प्रिय साथीरूपी भतिज भीष्म प्रसाई पनि यसबारेको ज्ञाता मानिन्छन् । उनी २०६८–२०६९ सालमा नेपाल प्रहरीमा एआईजीपी भएका थिए । भीष्मचाहिँ रामप्रसाद प्रसाईका जेठा छोरा हुन् भने रामप्रसाद प्रसाई मार्कण्डेयका छोरा हुन् ।

वेनु र भीष्म काठमाडौँ प्रवेश भएदेखि नै उनीहरू सीताराम दाइसितको बाक्लो सम्पर्कमा रहँदै आएका थिए ।

भीष्म र मेरो अर्को पनि नाता छ । भीष्मसँग मेरी आमापट्टिको पनि नाता छ । भीष्म मेरी आमाकी ठूली दिदीको भतिजा रामप्रसाद प्रसाईका छोरा हुन् । अर्कातिर मेरा कान्छा काका रूपनारायण प्रसाईकी माइली पत्नी गौरा भीष्मकी आमाकी माइली दिदी हुन् । साथै मेरा सहोदर जेठा दाजु विष्णुभक्त प्रसाईले भीष्मकी आमाकी बहिनी भागीरथा प्रसाईसित बिहे गरेका थिए ।

वेनु र भीष्म मेरा आत्मीय दौँतरी र भतिजा हुन् । खास गरेर २०३० सालदेखि नै यी दुवै जनासित मेरो प्रेम, विश्वास र बराबर बसउठ भइरह्यो । तर भीष्मसित भने मेरो अरू विशेष सम्बन्ध कायम भयो । किनभने पहाडमा भीष्म पनि भदौरेबाट हाङपाङ आइरहन्थे र म पनि भदौरे पुगिरहन्थेँ । त्यति मात्र होइन हामीले एसएलसी परीक्षा पनि झन्नै सँगसँगै दिएका थियौँ । अनि काठमाडौँका डेरामा पनि हामी प्राय: सँगसँगैजस्तो नै बस्ने गर्थ्यौँ । त्यतिखेर हामी एकअर्काको अघोषित सल्लाहकार, संरक्षक र सारथी थियौँ । त्यो रीत अझै झरिलो, रापिलो र सुगन्धित रहँदै आएको नै छ ।

•

भानुलाल प्रसाई भन्नु मेरा जेठी ठूलेमा र कान्छी सानीमाका ससुरा हुन् । अनि उनी सीताराम दाइ र भीष्मका बुबा रामप्रसाद प्रसाईका बाजे हुन् । तर बाजेका कुरा मात्र होइन, सीताराम दाइले भीष्मलाई छोराझैँ माया गर्थे । सीताराम दाइका खुसी र दुक्खमा सधैँ भीष्म नै सामेल हुन्थे । यता वेनु, भीष्म र म पनि घनिष्ठ भएका कारण सीताराम दाइको मप्रतिको स्नेह अरू प्रगाढ थियो ।

•

सीताराम दाइकी आमा मैनादेवी प्रसाई हरिलाल थपलियाकी छोरी हुन् भने मेरी जेठी बडेमा कृष्णमाया प्रसाई र ठूलीकान्छी

काकी धनमाया प्रसाई पद्मलाल थपलियाका छोरी हुन् । हरिलाल र पद्मलाल सहोदर दाजुभाइ अर्थात् माइला र कान्छा हुन् । कृष्णमाया प्रसाई र धनमाया भन्नु मेरा जेठा बडाउ खडानन्द प्रसाई र कान्छा काका रूपनारायण प्रसाईकी जेठी पत्नीको नाउँ हो । मेरा कान्छा काकाकी माइली पत्नीको नाउँ गौरा प्रसाई र कान्छी पत्नीको नाउँ महेश्वरा प्रसाई हो । महेश्वराचाहिँ कृष्णमाया र धनमायाकी भदै हुन् । मेरी काकी गौरा प्रसाई, मेरी भाउजू भागीरथा प्रसाई र भीष्मकी आमा टीका प्रसाई सहोदर दिदीबहिनी हुन् । यी सबै कुरा जोडिँदा पनि म सीताराम दाइको नजिक भएको थिएँ ।

सीताराम दाइ र मेरो परिवार सेलरोटीजस्तै घुमेको थियो, कसारजस्तै एकतामा बाँधिएको थियो र खिरजस्तै आत्मीयताको स्वादमा रङ्गिएको थियो । त्यसैले पनि सीताराम दाइ बाँचुन्जेल उनी र म एउटै बुबाआमाका सन्तानजस्ता थियौँ । हामी हाम्रा प्रायः खानपान, कुराकानी र व्यवहारमा पनि एउटै जस्ता थियौँ । यति हो उनी धनका कुबेर थिए, म आफूलाई सामान्य रूपमा जीवन धान्ने एउटा स्वाभिमानी प्रवृत्तिको लेखक मान्थेँ । त्यसैले पनि उनका परिवारबाट म कहिले हेपिन सकेको भने थिइनँ । किनभने उनी मेरो योगदानका अघि जहिले पनि ढाल बनेर उभिने गर्थे । आफ्नी आमा, श्रीमती, भाइ र छोराछोरीलाई उनी भनिबस्थे– 'नरेन्द्र मेरा प्यारो भाइ हो र उसले नेपाली समाजमा चमत्कारी काम गरिरहेको छ । डाक्टर ईश्वर बरालले नै पनि भनेका छन्– सीके प्रसाई र नरेन्द्रराज प्रसाई भनेका प्रसाईपरिवारका मात्र मणि होइनन् उनीहरू नेपालकै होनहार र नामी पात्र हुन् ।' यो पछिल्लो संवाद सीताराम दाइले धेरैलाई भनेका थिए । वास्तवमा उनी मप्रति निक्कै गौरव मान्थे ।

••

प्रेम, विश्वास र समर्पणका लागि वंशावलीको आवश्यकता हुँदैन रहेछ भन्ने नजिर सीताराम दाइ र मैले प्रस्तुत गरेका छौँ ।

'प्रसाई वंशावली'मा सीताराम दाइ र मलाई जेजस्तो पुस्तामा जोडे तापनि त्यो वंशावली समाजलाई देखाउने हात्तीको दाँत मात्र भएको छ । अत्तो न पत्तोका कुरा थुपारेर पनि बनाएको वंशावलीको महत्त्व कति हुन्छ ? इतिहासमा कपोलकल्पित कुरा चल्दैन नै ! यदि साँचो कुरा गर्नुपर्दा सीताराम दाइसित मेरो रगत या वंशको साइनो छँदै छैन । यति हुँदाहुँदै पनि सीताराम दाइ र म कुनै सहोदरीभन्दा पनि घनिष्ठ थियौँ । उनी बराबर भन्थे– 'जहाँ सीताराम छ त्यहीं नरेन्द्र छ र जहाँ नरेन्द्र छ त्यहाँ सीताराम छ ।'

# सीताराम दाइको ममाथिको स्नेह

म सानो हुँदा मेरी ठूलीमा हरिमाया प्रसाई र सानीमा पवित्राका घरमा मेरी आमा भागीरथासित प्राय: भदौरे गइरहन्थैं । त्यसै परिवेशमा म मुक्तिनाथ सानाबा र मैनादेवी आमालाई भेट्न उनीहरूका घरमा पनि जाने गर्थें । मेरी आमाका जेठी दिदी हरिमाया र कान्छी बहिनी पवित्रा भन्नु सीताराम दाइका बडीआमा र काकीहरू हुन् ।

हरेक वर्षमा एक पटक न एक पटक म आमासित भदौरे जाँदा सीताराम दाइका घरमा पर्थ्यौं । मुक्तिनाथ सानाबा खूबै हुक्का तान्ने गर्थे । मैले पहिलो चोटि हुक्का देखेको पनि त्यही घरमा नै थियो । त्यतिखेर यदाकदा सीताराम दाइसित मेरो भेट हुने गर्थ्यो । उनी सानामा लडाकु स्वभावका थिए । कसैसित नदब्ने उनको हाउभाउबाट म सानैमा प्रभावित थिएँ । उनी दयालु पनि थिए । उनी आफन्तप्रति स्नेह पनि गाँस्ने गर्थे । त्यसैले मेरा ठूलीमा र सानीमाले मुक्तिनाथ सानाबाको कुरा निकाल्दा सीताराम दाइको पनि कुरा गर्थे– 'सीते ठूलो भएपछि ठाइँलाले सुक्ख पाउँछन् ।' तर त्यति बेला सीताराम दाइ आफ्नो मावली घर चुहानडाँडामा बस्थे र उनी त्यहीँ नै पढ्थे ।

सीताराम दाइ मभन्दा सात वर्ष जेठा थिए । अथवा भनौँ उनी २००४ साल फागुन २७ गते जन्मेका थिए । म २०११ साल चैत २९ गते जन्मेको थिएँ । आफू छसात वर्ष भुक्तान गरेपछि मैले सीताराम दाइलाई भेटेको थिएँ, देखेको थिएँ र उनीसित बोलेको

थिएँ । बालबच्चाकै वयदेखि नै मेरो उनीसितको सम्बन्ध गाँसिएको बेहोरा अहै म अनुभूत गरिरहेकै छु ।

सीताराम दाइ आफ्नो मावली घर चुहानडाँडामा नै हुर्केका थिए । उनले त्यहीँको शारदा हाईस्कुलमा पढे । स्कुल पढेकै बेला बुबाआमा र मावलीको इच्छामा उनको बिहे भएको थियो । बिहे गरेको समयमा उनी तेह्र वर्षका थिए । किशोरावस्थामा नै उनले पदमलाल उप्रेतीकी काइँली छोरी पुनमसित लगनगाँठो कसेका थिए ।

युवा अवस्थाकै आरम्भमा सीताराम दाइ काठमाडौँमा आएका थिए । काठमाडौँमा आएर उनले आफ्नो भविष्य निर्माणका लागि अनेक तरहका काम गरे । त्यसै बेला उनले आफ्ना जन्तरे मामा देवीप्रसाद थपलियाको संयोजनमा तोयराज जोशीका छोरी ललितासित बिहे गरे । त्यसपछि जेठी पत्नी पुनम प्रसाई आफ्ना पति सीताराम प्रसाईलाई भेट्न काठमाडौँ धाइरहन्थिन् । पछि सीताराम दाइले जेठी पत्नीलाई काठमाडौँको सुकेधारामा एकतले घर पनि किनिदिएका थिए ।

सीताराम दाइलाई बाल्यकालदेखि नै मावली फापेको थियो । परिणामस्वरूप काठमाडौँमा सीताराम दाइले आफ्ना मामा बद्रीप्रसाद थपलियाको पद्म समिल्समा काम गर्न थालेका थिए । त्यसपछि उनी कुपुन्डोल हाइटस्थित काका टीकाप्रसाद प्रसाईको घर भाडामा लिएर बसेका थिए । उनले लज पनि सञ्चालन गरेका थिए । पछि उनले कोलकाताको एउटा औषधि पसलबाट खोकीको औषधिको नेपालको डिलर पनि लिएका थिए भन्ने मैले सुनेको थिएँ ।

शारदा प्रधानले नटराज टुर्स एन्ड ट्राभल्सको आरम्भ गरेकी थिइन् । त्यहाँ प्रवेशका लागि सीताराम दाइ जागरुक भएका थिए र उनले त्यहाँ केही हिस्सा सेयर पनि राखेका थिए । त्यहीँ बसेर उनले पर्यटन व्यवसायबारे चाहिँदो ज्ञान हासिल गरेका थिए । त्यसैताक

अर्थात् २०२८ सालमा उनीसित काठमाडौँमा मेरो भेट भएको थियो । त्यस बेला उनले स्विट्स् भ्यालीमा लगेर मलाई चियाखाजा खुवाएका थिए । त्यतिखेर स्विट्स् भ्यालीचाहिँ रत्नपार्कको पूर्वी उत्तर कर्नरमा थियो । अहिले त्यहाँ आकाशे पुलको उत्तरपश्चिमको दिशाको भऱ्याङको जग रहेको छ ।

काठमाडौँमा मैले नटराज टुर्स एन्ड ट्राभल्समा भेटेका सीताराम दाइको शारीरिक कदको उचाइ छ फुटजति थियो । काठमाडौँ आएपछि उनी निकै उत्साहित भएका रहेछन् भन्ने बेहोरा मैले उनको हाउभाउ हेरेर बुझेको थिएँ । उनको बोलीचाली र लवाइखवाइ पनि फेरिइसकेको रहेछ । ठूलो मोहोताको बेलबटम पेन्ट, ठूला कान भएको सेतो सर्ट र कालो चस्मा लगाएपछि उनी अभिनेताझैँ खाइलाग्दा देखिन्थे । उनको बोलीचाली पनि रुक्कड नै थियो । साथै उनका बोलीमा उमङ्गका रङहरूले ढाकेको पाइन्थ्यो । त्यतिखेर उनी नटराजका हर्ताकर्ताजस्तै थिए । त्यस घडी नटराज घन्टाघरको जामेमस्जिदको सडकतिरको दुईतले घरमा थियो । तर त्यो नटराज टुर्स एन्ड ट्राभल्सको कार्यालय भने राम्ररी सिँगारिएको थियो । अगाडितिरको भुइँतलाको बार सिसैसिसाले ढाकिएको थियो । त्यस ठाउँको त्यो घर नटराजले नै आकर्षक बनाएको थियो । कहिलेकाहीँ म स्कुले साथीलाई लिएर पनि नटराज जाने गर्थें । किनभने त्यो ठाउँ धाक दिने खालकै थियो ।

•

नटराजमा काम गर्नुअघि नै प्रजापति प्रसाई र शारदा प्रधान अम्बिका श्रेष्ठको काठमाडौँ ट्राभल्स एन्ड टुर्समा काम गर्थे । शारदा भाउजूचाहिँ काठमाडौँको सानदारको द्वारिकाज होटेलकी मालिक्नी अम्बिकाकी बहिनी हुन् । त्यहाँ काम गरेकै बेला प्रसाई र प्रधान प्रेममा गाँसिएका थिए । अनि पछि उनीहरू वैवाहिक जीवनमा आबद्ध भएका थिए । त्यसपछि उनीहरूले मन, वचन र कर्मले

नटराज टुर्स एन्ड ट्राभल्सको स्थापना गरेका थिए । सुरुसुरुमा प्रजापति दाइ र सीताराम दाइ खुबै मिल्थे । तर किन हो कुन्नि पछिल्लो समयमा सीताराम दाइले नटराजमा निष्क्रियता देखाएका थिए । अनि डा.तुलसी गिरी र तेजबहादुर दाइको पहुँचमा सीताराम दाइले युनिभर्सल टुर्स एन्ड ट्राभल्सको प्रमाणपत्र प्राप्त गरेका थिए । त्यो कम्पनीले नै उनलाई धन्य बनाएको पनि थियो ।

•

सीताराम दाइलाई सधैँ सुकिलो भएर हिँड्नुपर्थ्यो । उनलाई सधैँ उत्साही भएर बोल्नुपर्थ्यो । अनि उनलाई सधैँ हाँसीमज्जा गर्नुपर्थ्यो । उनको बानीबेहोरा कस्तो थियो भने– मुखमा रामराम छ भने मनमा पनि रामरामै हुन्थ्यो । उनी मान्यजनलाई मान्थे र हेपेकालाई थेचार्ने कला पनि उनमा मौजुद नै थियो ।

सीताराम दाइको स्वभावै दिने र लिने थियो । उनको रुचिको विषय नै कमाउने र दिने थियो । उदाहरणका लागि भन्ने हो भने एक पटक उनले शनिश्चरे झापामा पानीटच्याङ्की बनाउने कारोबार गरेका थिए । त्यस बेला उनी मेरी दिदी नीरा सिटौलालाई भेट्न शनिश्चरे बजार पुगेका थिए । त्यहाँ गएर उनले दिदीको दुक्खसुक्ख बुझेछन् र पाँच हजार रुपियाँ दिदीका हातमा राखिदिएछन् । २०५० सालअघिको त्यो घटना दिदीले बाँचुन्जेल मलाई भनिरहिन्– 'धेरैले सीतारामलाई घमन्डी भन्थे, म त कसैको कुरा नि पत्याउँदिनँ । मलाई अप्ठ्यारो परेको बेला म मुख लुकाएर घरै बसेकी थिएँ । सीताराम भाइले त्यस बेला मेरो शिर उठाउने काम मात्रै गरेनन् मेरो गर्ज पनि टारिदिए ।' मेरी दिदीले भनेको त्यो बोली मैले कहिले पनि बिर्सन सकिनँ ।

•

सीताराम दाइ विशेष गरी मेरा लागि दानवीरका नमुना नै थिए । उनीबाट मैले मेरो व्यक्तिगत जीवनमा पनि धेरै नै सहयोग

पाएको थिएँ । अप्ठचारो परेको अवस्थामा पनि उनले मलाई आर्थिक सहयोग गरेका थिए ।

•

२०५५ सालको तिहारको कुरा हो; पर्यटन सेवा केन्द्रमा हामी देवकोटाको नब्बेऔँ जयन्ती मनाउँदै थियौँ । म र इन्दिरा पहिला नै त्यहाँ पुगिसकेका थियौँ । प्रमुख अतिथि विदूषी चित्रलेखा यादव पनि त्यहाँ आइसकेकी थिइन् । समारोहमा लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानका अध्यक्ष प्रा.घटराज भट्टराई केही ढिला आइपुगेका थिए । प्रा.भट्टराई सधैँ हरेक कार्यक्रममा हामीभन्दा अघि समारोहस्थल पुगिसकेका हुन्थे । 'सर किन ढिला आए' भनेर त्यस दिन मलाई अचम्म लागेको थियो । त्यस दिन समयभन्दा ढिलो हस्याङफस्याङ गर्दै उनी हलभित्र पसे र उनले मलाई बाहिर बोलाएका थिए । कार्यक्रम सुरु हुने बेला भइसकेको थियो तापनि म घटराजसित बाहिर निस्कैँ । त्यस बेला उनले मेरा गोजीमा सात हजार रुपियाँ राखिदिएका थिए । अनि उनले खुसी हुँदै मलाई भनेका थिए– 'आज मलाई सीतारामजीले बोलाउनुभएको थियो । यो पैसा सीतारामजीले तपाईंलाई तिहार मान्न पठाउनुभएको हो । मलाई पनि उहाँले पाँच हजार रुपियाँ दिनुभएको छ ।'

सीताराम दाइसित घटराज सरको त्यस दिन अलमल भएछ । घटराज सरसित सीताराम दाइ अति प्रभावित थिए । वास्तवमा उनी मान्छेको पहिचान गर्न सिपालु थिए । भोलिपल्टै सीताराम दाइउपर कृतज्ञता चढाउन म उनको घर भाटभटेनी पुगेको थिएँ । त्यस बेला उनले मलाई भनेका थिए– 'तिम्रा लागि घटराजजीभन्दा नजिक कोही छैनन् है भाइ !'

मेरी माइली छोरी निकेतिकाका स्वरमा म्युजिक नेपालले २०५६ सालमा गीति सिडी 'प्रियतम' रेकर्डिङ गरेर प्रकाशित गरेको थियो । त्यो क्यासेटका गीत रेकर्डिङ गर्न सीताराम दाइले म्युजिक

नेपालमा पच्चिस हजार रुपियाँ बुझाइदिएका थिए । अनि पछि मेरी आमा भागीरथा प्रसाई र नातिकाजीले त्यो क्यासेटको संयुक्त लोकार्पण गरेका थिए । त्यस समारोहमा प्रा.डा.वासुदेव त्रिपाठी, प्रा.घटराज भट्टराई, बच्चुकैलाश, तारादेवी, प्रेमध्वज प्रधान र साङ्गीतिक स्रष्टाहरूको उपस्थिति थियो । अनि रत्नशमशेर थापा, दीपक जङ्गम र सन्तोष शर्मा वक्ता थिए । त्यस समारोहको आयोजक पनि सीताराम दाइ नै थिए । त्यस दिन सबै निम्तारुलाई सीताराम दाइले कमलादीको हेरिटेज प्लाजामा मन खुलाएर दिवाभोज पनि खुवाएका थिए ।

मेरी छोरी निकेतिका २०५८ सालमा बेलायत जाँदा उसलाई काठमाडौँबाट लन्डनसम्म जाने हवाईटिकट सीताराम दाइले नै दिएका थिए । त्यस बेला त्यहाँ पुग्न टिकटका लागि चालिस हजार रुपियाँ भुक्तानी गर्नुपर्थ्यो ।

•

२०६८ सालमा मेरो छोरो कञ्चनजङ्घा विद्यावारिधि गर्ने सिलसिलामा अमेरिका जाने भएको थियो । छोरो पिएचडी गर्न अमेरिका जाने भयो भन्दा सीताराम दाइ साह्रै खुसी भएका थिए । त्यतिखेर छोराका लागि कोरिएन एयरको टिकट पनि उनले उपहार दिएका थिए । त्यस बेला टेक्ससको डलास जाने टिकटका लागि अठासी हजार रुपियाँ लाग्थ्यो । त्यति मात्र होइन छोराले चेन्नाइमा बिएस्सी पढेताका पनि उनले भिनाजु बद्री बिमलीहस्ते छोराका लागि पचास हजार भारतीय रुपियाँ खर्च दिएका थिए । त्यस कालखण्डको मेरो जटिल आर्थिक अवस्थाका बेला सीताराम दाइबाट प्रदत्त सहयोग नइपरिवारका छोराछोरीको शैक्षिक खर्चको गर्ज टार्नका लागि धेरै ठूलो राहत भएको थियो ।

•

२०५९ सालको कुरा हो– मेरी कान्छी छोरी अनुकृतिकाको नियात्रा 'मेरो जेम्बोरी यात्रा'को लोकार्पण समारोहको पनि सीताराम

दाइले नै आयोजना गरेका थिए । त्यस कृतिको प्रमुख अतिथि मेरी आमा भागीरथा प्रसाई थिइन् । साथै ईश्वरवल्लभ र घटराज भट्टराई ती कृतिका समीक्षक वक्ता थिए । केही दिनपछि ईश्वरवल्लभ दाइले 'कान्तिपुर' दैनिकमा 'मेरो जेम्बोरी यात्रा'बारे एउटा समीक्षात्मक लेख पनि लेखेका थिए ।

•

२०७६ मङ्सिर १५ गते को कुरा हो– छोरी अनुकृतिकाको बिहेको निम्ता पुऱ्याउन म र मेरो सहोदर दाजु भरतराज प्रसाई सीताराम दाइको कोरियन एयर या भनौँ युनिभर्सलको नयाँ भवन महाराजगञ्ज पुगेका थियौँ । त्यस दिन उनीसित मैले फोटो पनि खिचेको* थिएँ । त्यसै घडी उनले मलाई भनेका थिए– 'बिहेमा मैले केही सघाउनुपर्छ भाइ !' उनका ती शब्दले मलाई उनीप्रति थप आदर जागेको थियो । अनि मैले उनीसमक्ष उत्तर दिएको थिएँ– 'सबै बन्दोबस्त भइसकेको छ दाइ ! हजुरको सवारी भएपछि मलाई पुगिहाल्छ ।' अनि मङ्सिर २८ गते बिहेका साँझ साढे सात बजेतिर अम्रपाली ब्याङ्क्वेट बालुवाटारमा घरेलु पोसाकमा नै उनी खुट्टा लरबराउँदै आएका थिए । त्यहाँ उनले छोरी अनुकृतिकाका हातमा सुनको असर्फी राखिदिएका थिए । अनि बस्तै नबसी उनी त्यहाँबाट फनक्कै फर्केका थिए । यति हुँदाहुँदै पनि त्यस घडी उनले देखाएको आत्मीयता पनि हाम्रा लागि थप विशेष नै थियो ।

•

सीताराम दाइ आफ्ना छोरीहरू सिर्जना र श्रद्धालाई भेट्न कालिङपोङ पुग्थे । केही पल्ट डीबी पाण्डे र म पनि उनीसँगसँगै कालिङपोङ र दार्जिलिङ गएका थियौँ । उनी आफ्नै मोटरमा भारत जान्थे र मोटर पनि प्रायः आफैँ हाँक्थे । उनीसित डुल्दा हामी सबैलाई साह्रै रमाइलो लाग्थ्यो । त्यतिखेर हामी सबै गफमा

* मेरा दाजु भरतराज प्रसाईले त्यस दिन खिचेको हाम्रो फोटो नै यस कृतिको आवरणमा रहेको छ ।

आकाशपाताल पुग्थ्यौँ । बीचबीच बाटाका खुद्रा होटेलमा मोटर रोकिन्थ्यो । अनि सीताराम दाइका आग्रहमा होटेलवालाले हाम्रो चाहनाअनुसारको भोजनको व्यवस्था गर्थे । हिँड्ने बेलामा मात्र उनी पैसा सोध्थे । होटेलवालाले जति भन्यो सीताराम दाइ हाँस्तै त्यति नै पैसा तिर्थे । वास्तवमा सीताराम दाइले खर्च गर्न कन्जुस गरेको मैले प्राय: कहिले देखिनँ । तर उनलाई रिस उठेका ठाउँमा चाहिँ पैसा तिर्न उनी कचकच पनि गर्थे ।

खर्च गर्ने विषयको कुरा गर्दा एक पटक सीताराम दाइ, ललिता भाउजू, मेरी पत्नी र कञ्चनजङ्घा मोटरमा सहर घुम्दै थियौँ । त्यही सन्दर्भमा हामी होटेल एभरेस्ट सेराटन पुगेका थियौँ । ‘आज यहाँ खाजा खाने’ सीताराम दाइको प्रस्ताव आएको थियो । त्यति बेला ललिता भाउजू बोलेकी थिइन्– ‘यस्तो महँगो होटेलमा किन खान पर्‍यो; कतै रेस्टुरेन्टमा जाऔँ र उतै खाऔँ ।’ त्यस बेला त्यही कुरामा बूढाबूढीको निक्कै ठाकठुक परेको थियो । त्यतिखेर दुवैले दुवैलाई हामीले सुन्न नसक्ने खालका शब्दका धारिला बाण एकअर्कामा खन्याएका खन्यायै गरेका थिए ।

सीताराम दाइको मन, वचन र कर्मचाहिँ चुली नै हुन्थ्यो । अनि गालीगलौचमा ओर्लिन पनि उनी त्यति नै वीर थिए । ललिता भाउजूको पनि मुख धेरै नै लाग्ने खालको थियो । उनको मुख पनि मैले धारिलो छुराभन्दा कम्तीको चाहिँ सायदै देखिनँ भने पनि हुन्छ ।

**सीताराम दाइको जन्मदिनको प्रसङ्ग**

सीताराम दाइको जन्मदिन २०४९ सालदेखि २०८१ सालसम्म निरन्तर मैले मनाउँदै आएको थिएँ । इन्दिरा र म प्राय: फूलमाला लिएर सीताराम दाइका घरमा जाने गर्थ्यौं । एक पटक उनका घरमा बिहानै पुग्दा ललिता भाउजूले दैलो खोलेकी थिइन् । उनी ‘यो फूलमाला केका लागि नरेन्द्र बाबू’ भन्दै थिइन् । त्यस बेला इन्दिराले भनेकी थिइन्– ‘आज सीताराम दाइको जन्मदिन हो नि त !’ अनि

फेरि ललिता भाउजू बोलेकी थिइन्– 'ए हो र मलाई त थाहै छैन । दाजुको जन्मदिन फागुन २७ गते पो रहेछ ? यसबारे पोहोरपरार पनि मैले नरेन्द्र बाबूसित टेलिफोनमा कुरा गरेको सुन्थेँ । ए आज हजुरको जन्मदिन पो रहेछ' भन्थेँ । तर मलाई त दाइको जन्ममितिको होसै हुँदैन रहेछ त इन्दिरा !'

सीताराम दाइको जन्मदिनका दिन मेरै आग्रहमा सीताराम प्रज्ञाप्रतिष्ठानले एउटा भव्य समारोहको आयोजना गर्थ्यो । तर सीताराम दाइ र मेरो सल्लाहले कहिले पनि र कसैसित पनि यो 'जन्मदिनको उपलक्ष्यको रात्रिभोज हो' भन्दैन थियौँ । त्यस दिन एकडेढ सय जनालाई बोलाएर भव्य भोज खुवाउने गरिन्थ्यो । सीताराम दाइलाई खुवाउने सौख नै थियो । भलै मसित त्यस्तो आर्थिक सामर्थ्य नभए पनि मलाई पनि त्यसरी खुवाउने मनचाहिँ हुन्थ्यो ।

•

सीताराम दाइकी जेठी छोरीको बिहेको मैले नै निम्तो कार्डको नमुना भनौँ ड्राफ्ट बनाएको थिएँ । कार्डमा मैले 'कृपया जिन्सी र नगद गोडधुवा नल्याउनुहोला' लेखेको थिएँ । तर त्यो लेख्न भाउजू मानिनन् । अनि सीताराम दाइले मलाई भनेका थिए– 'एक सयवटाजति निम्तापत्र तिमी लैजाऊ र त्यहाँ हातले 'कृपया जिन्सी र नगद गोडधुवा नल्याउनुहोला' भन्ने लेखेर बाँडिदेऊ भाइ ! यो बिहेको चक्करमा म झगडा गर्न सक्तिनँ ।' हामी नइले त्यही शब्द लेखेर करिब एक सय साहित्यकारलाई निम्ता दिएका थियौँ । त्यो बिहेभोजचाहिँ लाजिम्पाटको र्‍याडिसन होटेलमा भएको थियो ।

•••

आफ्नो घरमा वैराग्य चढेपछि सीताराम दाइ ललिता प्रिन्टर्समा सरेका थिए । त्यस कालखण्डमा उनी र म साह्रै मिल्थ्यौँ । एकैछिन पनि छुट्टिन हामीलाई गाह्रै हुन्थ्यो । त्यति मात्र होइन भाटभटेनीदेखि घट्टेकुलो या घट्टेकुलोबाट भाटभटेनी जान आउन पैदल ४०–४५

मिनेट लाग्थ्यो । त्यसैले सीताराम दाइ अनामनगरस्थित नवनिर्मित ललिता प्रिन्टर्सकै भवनमा सरेपछि हामी प्राय: सँगसँगै हुन्थ्यौँ । उनी त्यहाँ सरेपछि हामी प्रात: हिँडाइमा जाने पनि गरेका थियौँ । बिहान हरेक दिन हाम्रो हिँडाइ उज्यालो हुनहुन लागेपछि आरम्भ हुन्थ्यो । त्यस बेला हाम्रो हिँड्ने ठाउँ सिंहदरबारभित्र हुन्थ्यो । सिंहदरबारको परिसरभित्र हामी प्राय: तीनचार फन्का लगाउने गर्थ्यौं । अनि पर्खालबाहिरबाहिर पनि दुई फन्को लगाएर आआफ्ना निवासमा फर्कने गर्थ्यौं । त्यति बेला हामी सवा एक घण्टा दैनिक हिँड्न थालेका थियौँ । करिब नौ महिना हिँडेपछि उनी अनामनगरबाट फेरि भाटभटेनीमा नै सरेका थिए । अनामनगर बस्ता उनीसित 'छलफल' साप्ताहिकका प्रकाशक तथा प्रधान सम्पादक गोपाल थपलियासँग पनि आत्मीयता गाँसिएको थियो ।

**'नारीचुली'को एलबम र चोरी**

मैले 'नारीचुली' लेखेँ । त्यो ग्रन्थ प्रकाशित गर्न राजा ज्ञानेन्द्रबाट २०६३ सालमा मैले दुई लाख रुपियाँ थापेको थिएँ । अनि त्यसै बेला इन्दिरा र मैले अर्को एउटा पनि सोच बनाएका थियौँ । कुरा के भने– इन्द्र खत्रीले अति मिहिनेत गरेर बाउन्न जना नेपाली साहित्यका नारीचुलीको तस्बिर स्केच गरेका थिए । ती स्केचहरू सबै 'नारीचुली'मा प्रकाशित भए तापनि त्यसको एउटा बेग्लै विशिष्ट कोटिको एलबम बनाउने कसरत गर्नेतिर हामी नइ लागिपरेका थियौँ । तर त्यसका लागि बेग्लै र राम्रै बजेटको हामीलाई आवश्यकता परेको थियो । त्यसैको सिलसिलामा एक दिन साँझ इन्दिरा र म सीताराम दाइका निवासमा पुगेका थियौँ । त्यस बेला उनी बालुवाटारको घरमा बस्ने गर्थे । त्यति बेला राजधानीमा उनका चारवटा सानदारका घरहरू थिए । त्यति बेलासम्ममा सीताराम प्रज्ञाप्रतिष्ठान पनि निष्क्रियप्राय: भएको थियो ।

त्यो साँझ हामीले हाम्रो प्रस्ताव राखेपछि सीताराम दाइ खुसी भएका थिए । अनि मैले प्रस्ताव गरेको एक लाख रुपियाँको चेक त्यसै

घडी उनले काटिदिएका थिए । साथै त्यस एलबमको पछिल्लो आवरणमा उनको फोटो राख्नका लागि फोटो खिचाउन हामीले उनलाई भोलिपल्टै फोटो कन्सर्न लगेका थियौँ । पछि एलबम हेरेर उनी साह्रै खुसी भएका थिए । त्यसै बेला उनीसित बसेर हामी नइले पनि फोटो खिचेको थियौँ । त्यस घडीको त्यही फोटो यस कृतिको पछिल्लो आवरणमा रहेको छ ।

सीताराम दाइको सौजन्यमा 'द समिट अफ उमन राइटर्स' नामक भव्य एलबम सन् २००७ मा नइबाटै प्रकाशित भएको थियो । प्रत्येक नारीको फोटोमा अङ्ग्रेजी भाषामा सङ्क्षिप्त परिचय राखेर स्मारिका साइजको सो कृति डबल कोटेट आर्ट पेपरमा लोभलाग्दो नै छापिएको थियो । साथै त्यस ग्रन्थको बाह्य कभरमा सीताराम दाइको फोटो राखेर उनको परिचय पनि अङ्ग्रेजी भाषामा लेखिएको थियो । त्यस परिचयको नेपालीमा अनुवाद यस्तो छ–

'सीताराम प्रसाईको जन्म तेह्रथुमको आठराईस्थित भदौरेमा सन् १९४८ मार्च १०, बुधबारका दिन भएको थियो । श्री मुक्तिनाथ प्रसाई र श्रीमती मैनादेवी प्रसाईका जेठा छोरा सीताराम प्रसाईले युवाकवि मोतीराम भट्टको जन्मजयन्तीको अवसरमा एक विशिष्ट प्रकारको साहित्यिक संस्था 'सीताराम प्रज्ञाप्रतिष्ठान' (१९९२) को स्थापना गरेका थिए । उनकै इच्छाअनुसार त्यस संस्थामा छवटा पुरस्कारहरू स्थापना गरिएका छन्– १. सीताराम प्रज्ञापुरस्कार (दुई लाख पचास हजार रुपियाँ राशि), २. मुक्ति पुरस्कार (एक लाख रुपियाँ राशि), ३. मैना पुरस्कार (एक लाख रुपियाँ राशि),४. सीताराम पुरस्कार (पचास हजार रुपियाँ राशि), ५. सीताराम युवा पुरस्कार (पच्चिस हजार रुपियाँ राशि), ६. भानुमोती पुरस्कार (तीन जनालाई दसदस हजार रुपियाँ राशि) ।'

त्यस एलबमको कभरको अन्तिम परिच्छेदमा लेखिएको छ– 'सीताराम प्रसाई नेपालको पर्यटन क्षेत्रका एक प्रसिद्ध व्यक्तिको नाउँ हो । उनले देशको शिक्षा क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरेका छन् । हाईस्कुलको स्थापनाका साथै देशका विभिन्न भागहरूमा

पुस्तकालयहरूको संरक्षणको श्रेय पनि उनलाई जान्छ । सीताराम प्रज्ञाप्रतिष्ठानले त्रिमूर्ति निकेतन (कविशिरोमणि लेखनाथ पौडचाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको पूर्णकदको सालिक)को स्थापनामा प्रत्यक्ष योगदान पुऱ्याएको कुरा पनि उल्लेखनीय छ । सीताराम प्रज्ञाप्रतिष्ठानका संस्थापक तथा कुलपति सीताराम प्रसाई कोइलीदेवी सङ्गीत कोषका संरक्षक एवम् अध्यक्ष पनि हुनुहुन्छ ।'

•

नेपाली भाषामा सानदारको छपाइमा 'नारीचुली' प्रकाशित भएपछि जगदीशशमशेर राणालाई पनि यस कृतिले खिचेको रहेछ । त्यसैले होला उनले मलाई भनेका थिए– 'यस्तो विशिष्ट र बहुमूल्य कोटिको ग्रन्थ त अङ्ग्रेजी भाषामा पनि छाप्नुपर्छ । यसको म आफैँ नै अनुवाद गर्छु । यसबापत तपाईंलाई पनि दसौँ लाख रुपियाँ हात पर्न सक्छ ।' अनि यस ग्रन्थ अनुवाद गर्नेबारे उनले मबाट स्वीकृतिपत्रसमेत लिएर भारतको सिमला गएका थिए । तर किताबचाहिँ उनैको लेखन भनेर राजेश राणा पब्लिकेसनबाट सन् २०११ मा भारतको सिमलाबाटै छापिएर नेपाल आएको थियो । मेरा हातमा त्यो ग्रन्थ परेपछि म रुनु न हाँस्नु भन्ने अवस्थामा नै पुगेको थिएँ । अनि मेरी गुरुदेवी इन्दिरा प्रसाईको आग्रहमा मैले उनका विरुद्ध कपीराइट कार्यालयमा मुद्दा हालेको थिएँ । त्यो मुद्दा प्रहरीसमक्ष पुगेपछि उनी भागेर रातोरात भारत पसेका थिए । पछि मलाई दाजु गङ्गाप्रसाद उप्रेतीले फोन गरेर भनेका थिए– 'जगदीशशमशेर राणाको हर्ट अटचाकका कारण निधन पो भएछ, भाइ !' राणाको त्यो हालत सुनेर सीताराम दाइले मलाई भनेका थिए– 'तिमी त अमर भयौ भाइ ! तर राणा त खाकै पो भयो ।'

•

राजा ज्ञानेन्द्रको अनुकम्पा, विश्वास र स्नेहका कारण २०६१ सालमा इन्दिरा गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष भएकी थिइन् । त्यो समाचार आएपछि सीताराम दाइ हातभरिको फूलको बिटो बोकेर नइगृहमा आएका थिए । त्यस बेला उनी साह्रै रमाएका

थिए । हुन त त्यसरी रमाउने रामबाबू दाइ, तेजबहादुर दाइ र भीष्मराज दाइ पनि थिए । तेजबहादुर दाइले त 'इन्दिराको यो नियुक्ति केवल इन्दिराको मात्र होइन, यो हामी प्रसाईहरूकै इज्जत र प्रतिष्ठा पनि हो' भनेका थिए । राजाबाट पछि इन्दिरालाई नेपाल सरकारको सल्लाहकार बनाउँदा पनि सीताराम दाइले मलाई भनेका थिए– 'इन्दिरा भनेकी लरतरो होइनन् है भाइ !'

•

नेपाल सरकारले नइको योगदानको कदर गर्दै नइ प्रकाशनको नाउँ र लोगो राखेर दस रुपियाँको दस लाख प्रति हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले एक सय रुपियाँको दस हजार थान सिक्का प्रकाशनमा ल्याएको थियो । त्यो कालखण्डमा सीताराम दाइ दुबईमा क्यान्सरको उपचार गराएर थला परेको अवस्था थियो । नइको त्यो समाचार उनका कानमा पनि परेको रहेछ । त्यस्तो जटिल अवस्थामा पनि उनले मसित फोनमा खुसी प्रकट गरेका थिए । त्यसै बेला सीताराम दाइले फोनमा मलाई भनेका थिए– 'भाइ ! साह्रै ठूलो कुरा सुनेँ; तिमी र इन्दिरा त उँभो लाग्यौ । नेपाली साहित्यमा नइलाई तिमीहरूले शिखर पुऱ्याएको सत्यतथ्य सरकारले पनि थाहा पाएछ । तिमीहरूलाई योभन्दा ठूलो प्राइज सरकारले दिनु के छ र ? जित्यौ तिमीहरूले, ठूलो जित गऱ्यौ । यो हामी सबैको गौरव हो । मेरा लागि पनि एकएकवटा त्यो सिक्का र टिकट राखिदेऊ है, भाइ !'

२०८१ साल साउन २७ गते मेरा कानमा सीताराम दाइको त्यो अन्तिम संवाद परेको थियो । त्यसपछि मैले न सीताराम दाइको स्वर सुन्न पाएँ न उनको सग्लो जीवन भेट्न पाएँ । २०८२ साल वैशाख १३ गते सीताराम दाइ दुबईमा नै स्वर्गीय भएको समाचार प्रकाशमा आएको थियो । त्यो बेहोराले म धेरै दिनसम्म स्नोक्राएको थिएँ, सुस्ताएको थिएँ र सुर्तामा डुबेको थिएँ । त्यसपछि मेरा लागि केही दिन पृथ्वी नै पनि शून्य भइरहेको मभित्र अनुभूत भइरह्यो ।

# सीताराम दाइ र कालीमायाहरू

सीताराम दाइले आफ्नो मनमा लागेको कुरा मलाई भन्ने गर्थे । एक दिन उनले मलाई भनेका थिए– 'तिमीले ललिते र शिवेसँग कहिले सङ्गत नगर्नू है, भाइ ! उनीहरू दुवैले तिम्रो रिस गर्दा रहेछन् ।' दाइले आफ्नै सहदोर भाइ र पत्नीको समेत विश्वास नगर्नु भनेपछि त्यस दिन म त झन् तीनछक्कै परेको थिएँ । दाइका कुरा सुनेपछि ती कुराबारे म सोच्न थालेँ । ललिता भाउजू र शिव दाइले मेरो रिस गर्ने कारण के थियो भने सीताराम दाइ र म हरपल सँगसँगै हुन्थ्यौँ । त्यति मात्र नभएर मैले बोलेपछि सीताराम दाइ त्यसलाई एउटा कानुनैजस्तो ठान्थे । त्यसैले ललिता भाउजू र शिव दाइले मेरो ईर्ष्या गरेको हो क्यारे भन्ने मलाई लागिरहन्थ्यो । वास्तवमा यो तथ्य प्रकृतिजन्य कुरै थियो ।

सीताराम दाइ र ललिता भाउजू त्यति साह्रो मिल्दैन थिए । एक दिन मेरी गुरुदेवी इन्दिराले मलाई भनेकी थिइन्– 'ती बूढाबूढीको के कुरामा चित्त बुझ्को छैन, त्यहाँ गएको बेला उनीहरूको म प्राय: ङ्यारङ्यार र ङुरङुरै मात्र सुन्ने गर्छु ।' वास्तवमा उनीहरू जबजब भेटिन्थे तबतब एउटा न एउटा बहाना निकालेर उफ्रन्थे । त्यो बेहोरा उनीहरूको नित्यकर्मजस्तै थियो । त्यसैले पनि सीताराम दाइ प्राय: परीको खोजीमा हुन्थे । साँच्चै भन्ने हो भने उनी सुरा र सुन्दरीका प्रिय थिए । त्यसैले उनले धेरै नारीसित सम्पर्क पनि बढाएका थिए । रातिरातिचाहिँ उनले अनिवार्य नै सुरा खानै पर्थ्यो ।

तर जति बिजुली खाए पनि उनले कुनै सुन्दरीको मानहानि गरेको मैले कहिले देखिनँ । घरपरिवारमा प्राय: अनमेल भएकै कारण उनी बाहिरतिर धेरै बरालिने गर्थे । वास्तवमा सीताराम दाइ स्त्रीप्रेम चाहन्थे तर उनी त्यस विषयमा अनुत्तीर्ण नै थिए । अनि केही पाउने लालसामा मात्रै उनीसित केटीहरू झुम्मिने गर्थे । तर उनी जतिसित सम्पर्कमा बसे इज्जतका साथै बस्ने गरेका थिए । जतिसित उनको लसपस हुन्थ्यो तिनीहरूलाई आवश्यकताअनुसार नगद, जिन्सी या भनौँ घर नै पनि दिन्थे । यसै प्रसङ्गमा इन्दिराले मलाई भनेकी थिइन्– 'सीताराम दाइको यस्तै बेहोराले गर्दा भाउजूलाई चित्त दुखेको होला; नत्र किन स्वास्नीले लोग्नेको यसरी बदख्वाइँ गर्थे र !' हुन त खास कुरा के हो भने सीताराम दाइ राणाजस्ता कडा र मेरो गोरुको बाह्रै टक्काको अडानमा बस्ने र ललिता भाउजू पत्तीजस्तै मुखाले भएका कारण सीतारामगृह प्राय: अशान्त नै हुन्थ्यो । वास्तवमा ललिता भाउजू पनि मसितको हरेक भेटमा सीताराम दाइको मात्र प्राय: कुरा काटिरहन्थिन् । म उनका कुरा एकोहोरो सुन्थेँ र उनीहरूलाई मिलाउन मनोवैज्ञानिक रूपमा सीताराम दाइसित म भाउजूको जय मनाएरै कुरा गर्थें । यदि ललिता भाउजूको पक्ष लागेर म बोलेँ भने सीताराम दाइ मलाई व्यङ्ग्य शैलीमा भन्ने गर्थे– 'तिमीलाई पनि ललितेले किनिसकी नि भाइ !'

•

सीताराम दाइ आफ्नो घर जान त्यति रुचाउँदैन थिए । त्यसैले उनी राति एघारबाह्र बजेसम्म पनि जमलकै चेम्बरभवनको आफ्नो कार्यालयमा बिजुली खाएर बस्ने गर्थे । तर उनका परम सहयोगी डीबी पाण्डे भने घडी हेरेर कार्यालय आउँथे र घडी हेरेरै घर फर्कने गर्थे । सीताराम दाइ र पाण्डेको बिजुलीपानीमा चाहिँ शतप्रतिशत कुरा मिल्थ्यो । पाण्डेको पनि सुन्दरीप्रतिको आकर्षण म देख्थेँ नै ! तर उनको परीउपर लसपस भएको चाहिँ मैले चाल पाइनँ । पाण्डेको अर्को मुख्य विशेषता के थियो भने उनी शिष्ट,

शालीन र सरल थिए । शाही नेपाल वायुसेवा निगमको माथिल्लै पदबाट अवकाश लिएका पाण्डे आफ्नो जीवनको उत्तरार्धमा कोरियन एयर या भनौँ युनिभर्सल ट्राभल्समा नै कार्यरत थिए । त्यो कार्यालयका मालिकचाहिँ सीताराम दाइ थिए । अनि म भने हरदिन प्राय: पाँचसात घण्टा नै त्यहीँ हुन्थेँ र सीताराम दाइसितै टाँस्सिएकै हुन्थेँ । तर मेरो तलब, भत्ता र पारिश्रमिकचाहिँ हुँदैन थियो ।

पहिलापहिला मादक पदार्थ सेवन अथवा भनौँ मापसेको जाँच भन्ने थिएन । त्यतिखेर जति रक्सी खाएर गाडी चलाए पनि पुलिसले समाउने चलनै थिएन । त्यसैले सीताराम दाइ टिल्ल हुँदा पनि राति मोटर आफैँ चलाउँथे । उनी मोटर चलाउन सिपालु थिए । भुइँमा खुट्टा टेक्न नसक्ता पनि मरीतरी उनलाई बोकेर मोटर चढाइदिनुपर्थ्यो । त्यसपछि उनी निपुण ढङ्गबाट मोटर चलाउने गर्थे । उनले जति नै खाए पनि उनको सवारीले कसैलाई छोएन, उनको सवारी कतै ठोक्किएन र उनले बिजुलीपानी खाएर सवारी चलाएको पनि प्राय: कसैले थाहै पाएनन् । तर पनि एक पटक उनी रक्सी खाएर सिमरा जाँदा एउटा भीरबाट उनको मोटर खसेको चाहिँ थियो ।

२०४९ मङ्सिर १९ गतेको कुरा हो– सीताराम दाइसित एक जना काली साथी पनि थिइन् । सीताराम दाइ र कालीसित मैले भेटेको बेला रात झमक्कै परेको थियो । उनी रक्सीले टिल्लै थिए । त्यस अवस्थामा पनि कालीलाई अगाडि बसाएर उनले मलाई कर्मचारी आवासक्षेत्र कुलेश्वरबाट 'सि यु भाइ' भनेका थिए ।

सीताराम दाइसँग म छुट्टिएको भोलिपल्ट बिहानै मलाई हेटौँडाबाट टेलिफोन आएको थियो– उनले हाँकेको मोटर चिप्लेर राति नै भीरबाट खसेको रहेछ । तर दुवै जनालाई ईश्वरले सुरक्षित राखेका रहेछन् । त्यो घटना सुनेर म बेजोडले रनथनिन पुगेको थिएँ । अनि मैले तुरुन्तै डा.तारानाथ शर्मालाई फोन गरेर घटनाको

विवरण दिएको थिएँ । मेरा कुरा सुनेर तारा दाइ र शान्ता दिदी पनि आत्तिएका थिए । त्यस कालखण्डमा तारा दाइ र मेरो अति घनिष्ठता थियो ।

सीताराम दाइ र कालीमायालाई सामान्य दखल मात्र भए तापनि मोटर भने कच्याककुचुक भएको थियो । मोटरका दुवैतिरका झ्याल (ढोका) अनि अगाडि र पछाडिका सिसा झरामझुरुमै भएका थिए । केही दिनपछि त्यो मोटरलाई ट्रकमा राखेर काठमाडौँ सिफलको युनिक अटोमा ल्याइएको थियो ।

भीरबाट खसेको टोयटा क्यारिना मोटर दामी थियो । तर त्यसका पार्टपुर्जा र सिसाहरू नेपालमा पाइँदैन थिए । कोरियन एयरका जागिरे मधुसूदन आचार्यले दुबईबाट ल्याएका सिसा पनि मोटरमा मिलेका थिएनन् । त्यसपछि जापानमा कार्यरत मधुका दाजु रघुराम आचार्य मोटरका सिसा र अन्य पार्टपुर्जा लिएर नेपाल आएका थिए । त्यस बेला मोटरका पार्टपुर्जाबाहेक मोटर बनाउन सीताराम दाइले लक्ष्मी नकर्मीलाई दुई लाख रुपियाँ तिरेका थिए । साथै विदेशबाट पनि दुई लाख रुपियाँबराबरका पार्टपुर्जा ल्याइएका थिए । यति हो नकर्मीले त्यो मोटरलाई फेरि नयाँजस्तै बनाएका थिए ।

भीरबाट मोटर खसाएपछि सीताराम दाइले बिजुलीपानी खाएर काठमाडौँ उपत्यकादेखि बाहिरतिर मोटर हाँकेको प्राय: मैले देखिनँ नै ! साथै कालीमाया पनि सीताराम दाइबाट अलप भएकी मलाई थाहा भएन । सीताराम दाइका त्यस्ता कालीहरूचाहिँ मैले धेरै नै गनेको थिएँ । मोटर र सीताराम दाइसितै भीरबाट खस्ने कालीमायालाई चाहिँ सीताराम दाइले जमलस्थित गौतम होटेलमा जागिरे बनाइदिएका थिए । कालीमायाको तलब सीताराम दाइले आफ्नै गोजीबाट दिने गर्थे र कालीमायाचाहिँ गौतम होटेलमा दैनिक दुईतीन घण्टाजति काम गर्थिन् ।

••

सीताराम दाइलाई म बराबर भन्ने गर्थें– 'दाइलाई भाउजू मन परेकी छैनन् भने एक जना गर्लफ्रेन्डसित मात्र गाढा सम्बन्ध राख्नु राम्रो होला । तर यसरी छाडा केटीहरूसित आफू पनि छाडा भएर हिँड्दा हजुरको नाउँमा दाग लाग्छ । हजुरले आफ्ना छोरी र छोराको पनि मुख हेर्नुपर्छ नि !' मेरा कुरा सुनेर सीताराम दाइले 'तैँले ठीक भनिस् भाइ !' भन्थे । तर उनले आफ्नो नियमित कृत्यलाई चाहिँ विसर्जन गराएको मैले थाहा पाइनँ । ललिता भाउजूले यसबारे मसित धेरै गुनासा गरेकी पनि थिइन् । उनी भन्थिन्– 'दाइका लागि म जे पनि गर्छु; जे पनि मान्छु तर यी केटीहरू भेला पार्ने काम बन्द गरिदिए हुन्थ्यो ।'

•••

सीताराम दाइ चुरोट, रक्सी र सुन्दरीका आसक्ति थिए । यी तीनै चीजले उनको बदनामीमा पनि थप सहयोग पुऱ्याएका थिए । अन्ततः निरन्तर चुरोट, रक्सी र चिया खाएर नै उनले आफ्नो प्राण पनि दैवलाई बुझाएका थिए ।

# सीताराम दाइ, स्रष्टाहरू र कम्युनिस्टको देउसी

सीताराम दाइ जति कठोर थिए त्यति नै भावुक पनि थिए । तर उनको कुरा बुझिदिने त्यति साह्रो मान्छे थिएनन् । उनी कहिले मसित आएर रुन्थे र कहिले भीष्म र वेनुलाई बोलाएर आफ्ना मन धुन्थे । उनले विश्वास गरेका प्राय: भीष्म, वेनु र म नै थियौँ । आफ्ना मामा बद्रीप्रसाद थपलिया र देवीप्रसाद थपलियाका छोराहरू रोहिणी थपलिया र सागर थपलियासँग पनि उनले आफ्नो मनका कुरा खोल्थे । उनीहरू पनि घरीघरी सीताराम दाइका कार्यालयमा पुगिरहन्थे ।

सीताराम दाइले आफ्ना घरमा प्राय: आफन्त बोलाउँदैन थिए किनभने उनका घरमा उनका इष्टमित्रको कदर हुँदैनथ्यो । त्यसैले उनी आफ्नै चेम्बरमा आफन्तहरू भेला पार्थे । त्यहीँ उनले प्राय: गौतम होटेलबाट ल्याएर खानापिना गराउँथे । बिहानदेखि दिनभरि आउनेलाई उनी खाना, खाजा या चिया त्यहीँ खुवाउने गर्थे । साँझमा आउनेलाई उनी स्कच नै खुवाएर पठाउँथे र आफू पनि सँगसँगै लागेर मरिन्जेल खान्थे । सीताराम दाइको करबलमा म पनि बिजुली सर्बत खान्थेँ । तर दुई प्याक खाएपछि म ठण्डारामै बनिदिन्थेँ । रक्सीको सन्दर्भका कुरा गर्ने हो भने म शनिश्चरे हाईस्कुलमा सात कक्षा पढेका बेला जयप्रसाद ढकालले रक्सीमा डुबाएर मलाई झन्डै मारेका थिए । उनी अल्कोलिक भन्ने मलाई थाहा थिएन । राति

उनले मलाई धर्मप्रसाद ढकालको कारिन्दाका एउटा गोठ हात्तीकिल्लातिर लगेर रक्सी खुवाएका थिए । त्यतिखेर रक्सी खाँदाखाँदै मेरो शरीरका रौँरौँबाट पसिना आउन थालेको थियो । त्यहीँ नै म बेहोस हुने सम्भावनामा थिएँ । जय दाइ त पेटमा कुनै चारो नहाली खुइँखुइँ रक्सी मात्रै खाँदा रहेछन् । त्यो रात पनि उनले ऋन्नै चारपाँच लिटरजति लोकल रक्सी खाएका थिए ।

रक्सीको सन्दर्भमा कुरा गर्ने नै हो भने सीताराम दाइसित बसेर रक्सी खानुको बेग्लै मज्जा हुन्थ्यो । उनीसित खान बसेपछि परिकार परिकारका खानेकुरा खान पनि पाइन्थ्यो । त्यसैले उनको स्वागतमा साहित्यकारहरू पनि पल्किएका नै हुन्थे ।

•

म प्राय: दिनभरि सीताराम दाइसितै हुन्थेँ । जमलको चेम्बरभवनमा सीताराम दाइको युनिभर्सल ट्राभल्स र कोरियन एयरको अफिस थियो । त्यहाँभित्र सबैभन्दा ठूलो कोठा सीताराम दाइको आकर्षक चेम्बर थियो । उनको कोठाबाहिर अर्को एउटा कोठामा मेरा लागि कुर्सी टेबुल राखिएको थियो । तर पनि म प्राय: सीताराम दाइकै कोठामा बस्थेँ । उनी नभए पनि त्यस कोठामा पस्न रवीन्द्र भट्टराई र धनबहादुर तामाङले मलाई कोठा खोलिदिने गर्थे । सीताराम दाइको अनुपस्थितिमा प्राय: अरूलाई त्यहाँभित्र पस्ने अनुमति थिएन ।

सीताराम दाइको कोठाभित्रबाट अऋ भित्र एउटा कोठा थियो । त्यस कोठामा कोरियन एयरका उपहारहरू भण्डार गरिएका थिए । मलाई मन परेका साहित्यकार त्यहाँ आउँदा मैले उनीहरूलाई कोरियन मनीब्याग, ब्याग, कलम, किरिङ, खास्टो आदि दिने गर्थें । अनि पछि सीताराम दाइलाई ती बेहोराको म पाठ बुझाउने गर्थें । उनी पनि बाँडिरहन मन गर्ने खालका थिए । त्यसैले मैले गरेको व्यवहारबाट उनी खुसी पनि हुन्थे । 'मेरो भाइले आवश्यकताअनुसार

तौलेर उपहार दिन्छ' भन्थे । त्यस बेला ईश्वर बराल, मोदनाथ प्रश्रित, मदनमणि दीक्षित, ईश्वरवल्लभ, गणेशबहादुर प्रसाई, श्यामदास वैष्णव, रत्नशमशेर थापा, मनुजबाबु मिश्र, दैवज्ञराज न्यौपाने, देवीप्रसाद सुवेदी र विष्णुविभु घिमिरे आदिलाई मैले उनीहरूलाई मन परेका चीजहरू छान भन्थें ।

सीताराम दाइका कोठामा साहित्यकार तथा अन्य व्यक्ति पनि आइरहन्थें । ती आउनेमध्ये धेरैजसो किताप छापी माग्ने र आर्थिक सहयोग लिन नै धाउँथे । जोजो आए पनि तिनीहरूसँग सीताराम दाइ भन्ने गर्थे– 'यो मेरो भाइ हो नरेन्द्रराज प्रसाई । यसले लेखेको 'नेपालीपत्र' र 'समकालीन' साप्ताहिकका लेखहरू पढ्ने गरेको छ ? कस्तो खतरा पो लेख्छ मेरो भाइले !' त्यति बेला म ती साप्ताहिकमा स्तम्भकार हुँदा त्यहाँ छाप्ने प्रसङ्ग र विषय सीताराम दाइले पनि मलाई दिने गर्थे । उनलाई नेपाली समाजका विकृति मन पर्दैनथ्यो । त्यसैले उनले पत्रपत्रिकामा लेख्न राजनारायण प्रधान र मलाई प्राय: विषयसन्दर्भ दिइरहेकै हुन्थे । म जुनजुन साप्ताहिकमा लेख्थें राजनारायण दाइलाई पनि म त्यतै तान्थें । त्यस बेला हाम्रा लेखहरू पढ्ने पाठक पनि राम्रै थिए । खास गरेर राज दाइको लेख पढ्नेहरू धेरै थिए । पछि ती लेखहरूको सङ्कलन गरी राजनारायण दाइले सीताराम दाइकै आर्थिक संयोजनमा 'पन्चैबाजा बजाउँदै'नामक कृति सीताराम प्रज्ञाप्रतिष्ठानबाटै २०५१ सालमा छपाएका थिए ।

•

बिजुली खान मन लागेका बेला ईश्वर बरालले मलाई कल गरेर भन्थे– 'आज सीतारामजीकामा जाऊँ न है !' सीताराम दाइका घर या अफिसमा पुगेपछि हाम्रो स्तरीय रात्रिभोज हुन्थ्यो । बराल चार प्याक खाएपछि थप्तैन थिए । वास्तवमा उनलाई कुरा गर्ने मन भएपछि बिजुली खान्थे । अनि सीताराम दाइले प्राय: एकदुई बट्टा ५५५ चुरोट बरालका हातमा थमाउने गर्थे । त्यति बेला बराल

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति थिए । मोदनाथ प्रश्रित र मनुजबाबु मिश्रको बियरको कोटा पनि दुई सिसी मात्रै हुन्थ्यो । यी तिनै जनाले सीताराम दाइलाई निकै आदर पनि गर्थे । सीताराम दाइकी जेठी छोरी सिर्जनालाई प्लस टु भर्ना गर्नका लागि सीताराम दाइले बराल डाक्टरसाहेबलाई दिल्ली र राजस्थानको जयपुर साथै पनि लिएर गएका थिए ।

सीताराम दाइका घर या अफिसमा म कहिले केदारमान व्यथितलाई, कहिले माधव घिमिरेलाई, कहिले मदनमणि दीक्षित, कहिले केशवराज पिँडाली, कहिले वासुदेव त्रिपाठीलाई र कहिले तारानाथ शर्मालाई पुऱ्याउँथें । त्यहाँ कहिले मैले राजेन्द्र सुवेदी, जनकप्रसाद हुमागाईं, देवीप्रसाद सुवेदीलाई पनि पुऱ्याइरहेकै हुन्थें । अनि म कहिले जनार्दन आचार्यलाई र कहिले दुर्गाप्रसाद भण्डारीलाई पनि पुऱ्याउने गर्थें । बिजुली सर्बत खानेजतिलाई त्यहाँ म राति लान्थें र नखानेजतिलाई दिउँसो लान्थें ।

•

सीताराम दाइलाई मैले भनेपछि ढुङ्गाको अक्षर हुन्थ्यो । एक पटक टुकराज मिश्रले मलाई भनेका थिए– 'ज्यान पाल्नै साह्रो भयो ।' त्यति बेला धोबीधारामा मिश्रलाई भेट्न हामी नइ प्राय: गइरहन्थ्यौँ । मिश्रका कुरा सीताराम दाइलाई भनिसक्ता 'के गर्नुपर्छ, म गरिहाल्छु नि' उनले हामीलाई भनेका थिए । अनि उनले हामी नइको योजनामुताबिक मिश्रका लागि केही गरेका नै थिए । उनीबाट रकम लिएर हामी नइले रुन्नै पन्ध्र महिनाजति मासिक एक हजार रुपियाँ मिश्रका हातमा निरन्तर पुऱ्याइरहेकै थियौँ ।

किन हो कुन्नि पछि त सीताराम दाइले मिश्रलाई पैसा दिन त्यति मन गरेनन् । त्यसपछि लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानबाट हामीले मिश्र बाँचुन्जेल मासिक एक हजार रुपियाँ पुऱ्याइरह्यौँ । देवकोटा प्रतिष्ठानमा अध्यक्ष घटराज भट्टराई, उपाध्यक्ष इन्दिरा

प्रसाई र म सदस्यसचिव थियौँ । २०६१ सालपछि सो संस्था पनि त्रिमूर्ति निकेतनमा नै समाहित भएको थियो ।

### सीताराम दाइका घरमा कम्युनिस्टको देउसी

२०४९ सालको तिहारको कुरा हो । दाइ मोदनाथ प्रश्रितले 'सीताराम दाइका घरमा 'राष्ट्रिय जनसांस्कृतिक मञ्च'का तर्फबाट देउसी खेल्ने चाँजो मिलाइदिनु पऱ्यो' भनेर मलाई भनेका थिए । त्यहीअनुरूप मैले सीताराम दाइलाई अनुरोध गरेको थिएँ । त्यति बेला नेपालमा कम्युनिस्टहरूको जगजगी थियो । सायद त्यसैले सीताराम दाइलाई मेरो प्रस्ताव पनि झनै मन परेको थियो । सीताराम दाइले भनेका थिए– 'कति जना आउने हो, जानकारी लेऊ र यतै रात्रिभोजनको पनि व्यवस्था गरौँला ।'

त्यति बेला सीताराम दाइ भाटभटेनीको घरमा बस्थे । त्यहाँ देउसी खेल्नका लागि हामीले सबै बन्दोबस्त गरेका थियौँ । खानापिना मात्र होइन बिजुली सर्बतका लागि पनि त्यहाँ दह्रो बन्दोबस्त गरिएको थियो ।

साँझ सात बजे मोदनाथ प्रश्रितको नेतृत्वमा देउसिरेहरू सीताराम भवनमा प्रवेश भएका थिए । त्यस टोलीमा गङ्गाप्रसाद उप्रेती, रामचन्द्र भट्टराई, विष्णु प्रभात, जेबी टुहुरे, जनकप्रसाद हुमागाईं आदि गरेर जम्मा सत्र जना कमरेडहरूको उपस्थिति थियो ।

देउसिरे भटचाएपछि हामी सबै जना रमाइलो गर्नेतिरै लागेका थियौँ । मीठामीठा परिकारका स्न्याक्सका साथै रेडलेबलको बिर्को पनि खोलिन थालेको थियो । त्यति बेला काठमाडौँमा स्कच नै रक्स्याहाहरूका लागि लोकप्रिय थियो । त्यतिखेर ब्ल्याक लेबल त्यति चल्तीमा थिएन । साथै रेडलेबल नक्कली पनि हुँदैनथ्यो । त्यसैले त्यहाँ उपस्थित प्राय:ले 'सीताराम प्रसाईको जय होस्' भन्दै रक्सी खाएर घुँडा टेक्न थालेका थिए ।

रक्सी खाने, ख्यालठट्टा गर्ने र हावा कुरा गर्नेको अनिकाल पनि त्यहाँ थिएन । सीताराम दाइको मन पर्ने रक्सी रेड लेबलै भएकाले उनी पनि जोसिएका नै थिए । मोदनाथ दाइको दुई सिसी बियर कोटा पुगिसकेको थियो । जेबी टुहुरे एक्लैले पौने बोतल खुइँखुइँ सिध्याएको हामी सबैले हेरिरहेकै थियौँ । त्यसै बेला म बोलेको थिएँ– 'आन्द्रा फुट्ला है टुहुरे ! होस गरौँ ।' मेरा कुरा सुनेर रामचन्द्र दाइ बोलेका थिए– 'यो त आन्द्राकै औषधि हो भाइ !' ती शब्दले रक्सी थप्न टुहुरेलाई प्रेरितै गरेको थियो ।

राति दस बजिसकेपछि पनि हाम्रो बिजुली चलिरहेकै थियो । त्यसपछि आँगनमा नै खानापिना पनि प्रवेश गराइएको थियो । त्यहाँ रक्सी नखाने कम्युनिस्ट पनि देख्ता म छक्कै परेको थिएँ । हुन त मैले पनि एक प्याक मात्रै खाएको थिएँ । सीताराम दाइले कर लगाएका लगाएकै गरेपछि बिर्कोमा रक्सी राखेर म थप्नेचाहिँ गर्थें ।

त्यस देउसीमा सीताराम दाइले राष्ट्रिय जनसांस्कृतिक मञ्चलाई दस हजार पाँच सय पचपन्न रुपियाँ देउसीको भेटी चढाएका थिए । त्यति बेला त्यो दस हजार रुपियाँ पनि धेरै मानिन्थ्यो । त्यति पैसा देखेपछि सबै जना कम्युनिस्टहरूले हर्षबढाइँ गरेका थिए र मोदनाथ दाइ पनि दङ्ग परेका थिए । उनले मलाई भनेका थिए– 'देउसीमा यति धेरै पैसा दिने त सीतारामजी नै मात्र होला ।' अनि त्यस दिन ललिता भाउजूको पनि फऱ्याकफुरुक कम्तीको थिएन ।

हिँड्ने बेलामा जेबी टुहुरेले उनका झोलामा खुसुक्कै एक बोतल रेड लेबल हालेका थिए । मैले 'त्यो के गरेको कमरेड' भनेर कराएको मात्र थिएँ । त्यसै बेला सीताराम दाइ बोलेका थिए– 'छोड्देऊ भाइ, नकराऊ ! लान देऊ ।' त्यो दृश्य देखेर गङ्गा दाइले भने त्यति रमाइलो मानेका थिएनन् ।

राष्ट्रिय जनसांस्कृतिक मञ्चका अध्यक्ष मोदनाथ प्रश्रित अनि उपाध्यक्षमा गङ्गाप्रसाद उप्रेती र जेबी टुहुरे थिए भने महासचिव रामचन्द्र भट्टराई थिए । देउसीको कार्यक्रमको संयोजन गङ्गा दाइले गरेको थिए । त्यो सालको देउसी कार्यक्रममा उपस्थित हामी सबैका लागि रमाइलो भएको थियो । अनि सीताराम दाइले त्यो देउसीलाई सधैँका वर्षभन्दा पनि रमाइलो देउसी मानेका थिए ।

त्यस दिन बिजुली खाएर म पनि मातेकै थिएँ । सीताराम दाइ पनि मातेर कमरेडहरूसित रमाइलो गरिरहेका थिए । अनि हाम्रो नाचगान पनि चलिरहेकै थियो । त्यतिखेर उनले आफ्ना दुइटा खुट्टा मरीतरी टेक्तै त्यो समूहलाई भनेका थिए– ‘हरेक साल देउसी खेल्न आउनुपर्छ है; कमरेडहरू !’

# सीताराम दाइ, भूपाल बुबा र मोदनाथ दाइ

जनरल भूपालमानसिंह कार्कीले मलाई सधैँ पुत्रवत् व्यवहार गरे । साथै सीताराम दाइले पनि मलाई सहोदरी भाइभन्दा धेरै माया गरे । उनीहरू दुवैले मलाई उति नै विश्वास गर्थे । तर बाबु र दाजुमा फरक परेजस्तै मेरो भावनाको पल्ला भूपाल बुबामा नै ढल्केकै हुनुपर्छ । भूपाल बुबाले २०५४ सालमा प्रकाशित आफ्नो आत्मकथामा नै पनि मलाई 'पूर्वजन्मका स्वपुत्र र यस जन्मका पुत्रतुल्य नरेन्द्रराज प्रसाई' लेखे । साथै उनैले नइ एकेडेमी स्थापनाकालमा झन्डै दस लाख रुपियाँबराबरको नगद र जिन्सी प्रदान गरेका थिए । उनैको आडमा २०५२ सालमा नइको आरम्भ भएको पनि थियो । त्यसैले पनि बुबाप्रति हामी नइ निष्ठावान् भइरह्यौँ । एकातिर 'सीताराम प्रज्ञाप्रतिष्ठान' स्थापना गरेर सीताराम दाइ र मेरा बीच प्रगाढ सम्बन्ध सञ्चालित थियो । अर्कातिर भूपाल बुबाको आड, भरोसा र प्रेमले हामी नइ उनीसँग धेरै नै नजिकिएका थियौँ । त्यसैले सीताराम दाइ र भूपाल बुबा दुवै जनालाई एउटै फलैँचामा राख्न पनि हामीले हरदम प्रयास गरिरह्यौँ र त्यसमा हामी सफल पनि भएका थियौँ ।

भूपाल बुबा र सीताराम दाइ म भनेपछि हुरुक्कै हुन्थे । उनीहरूसित कसैले केही असहज काम गराउनु छ भने म मार्फतै काम लगाइन्थ्यो । मेरा कहीँकतै खुराफाती छ या मेरो कतै मनमुटाउ हुँदा पनि सीताराम दाइले मिलाइदिने कामसमेत गर्थे ।

मनमुटाउको कुरा गर्ने हो भने एक पटक मोदनाथ प्रश्रित र मेरो मनयुद्ध चलेको थियो ।

२०४६ सालपछि प्रश्रित र म अति मिल्न थालेका थियौं । 'मेरो मोती पुरस्कार'नामक निबन्धसङ्ग्रह (२०४९) मा पनि उनीबारे मैले एउटा निबन्ध लेखेको थिएँ । उनीसितको मेरो घनिष्ठताका कारण उनको घर अर्थात् गौथलीको गुँड बनाउन पनि मैले आफ्नो गच्छे अर्पण गरेको थिएँ । त्यति बेला मैले चिनेजानेकामध्येबाट कतैबाट फलाम, कतैबाट सिमेन्ट र कतैबाट इँटा मागेर पनि उनको त्यो घरलाई साङ्गोपाङ्गो पार्ने काममा लागेको थिएँ । तर उनी मन्त्री भएपछि उनीसित मेरो सम्बन्ध भङ्ग भएको थियो । अन्ततः मनयुद्धकै क्रमको पछिल्ला दिनमा प्रश्रित मसित मिल्न चाहन्थे । तर मेरो मन भाँच्चिसकेकाले उनीसित सम्पर्क बढाउने मभित्रको चाहना ओइलिएको थियो । यति हुँदाहुँदै पनि अन्ततः हाम्रो सम्बन्धमा फेरि गुबो टुसाएको भने थियो । यसबारेको सानो प्रसङ्ग पनि मलाई यहाँ खाम्न मन लागेको छ–

मोदनाथ प्रश्रित र मेरो मनमुटाउको बेहोरा प्रश्रितमार्फतै सीताराम दाइले थाहा पाएका थिए । अनि उनले 'छलफल' साप्ताहिकका प्रधान सम्पादक गोपाल थपलियालाई समेत सँगै राखेर मोदनाथ प्रश्रित र मलाई आआफ्ना कुरा राख्न आग्रह गरेका थिए । त्यति बेला उनले हामीमाझ आफ्नो कुरा राखेका थिए– 'म एउटा तन्नम बाहुनको छोरा हुँ । हठात रूपमा मलाई शिक्षामन्त्री बनाइयो र मलाई त्यो पद सपनासरि भएको थियो । दैनिक सोह्रसत्र घण्टा एकोहोरो खट्ता पनि म मेरो पदीय कामप्रति त्यति सन्तुष्ट थिइनँ । नरेन्द्र भाइसित जम्काभेट भएको त्यसै दिन बाह्र हजार हाईस्कुलका अनेक बेहोरामा म अल्झेको थिएँ । त्यतिखेर म नर्वसै जस्तो भएको पनि थिएँ । मैले भन्नुपर्दा नरेन्द्र भाइ मेरा आँतकै भाइ हुन् । म उनको गुनले सधैँ थिचिएकै पनि छु ।'

हाम्रा कुरा टुङ्गिने बेला भनौँ अथवा हामी सहमतिको बिन्दुमा पुग्ने बेला मैले एउटा अडान राखेको थिएँ– 'सीताराम प्रज्ञाप्रतिष्ठानबाट मैले जनरल भूपालमानसिंह कार्कीको अभिनन्दन समारोहको आयोजना २०५२ साल पुस २८ गते काठमाडौँमा गर्ने भएको छु । त्यस समारोहमा प्रश्रितजीले पनि 'राष्ट्रिय जनसांस्कृतिक मञ्च'बाट भूपालमानसिंह कार्कीले प्रज्ञापरिषद् स्थापना गरेको उपलक्ष्यमा अभिनन्दन गर्ने हो भने म प्रश्रित दाइसँग मिल्न तयार छु ।' तर पुस २९ गते प्रश्रितको भैरहवामा एउटा विशाल राजनीतिक कार्यक्रम हुने निश्चित भइसकेको रहेछ । तर त्यतिखेर प्रश्रित दाइले जेजे भने पनि म उनका कुरा सुन्ने तयारीमा छँदै थिइनँ । त्यसैले उनीहरू तीन जनाका अगाडि मैले भनेको थिएँ– 'अरू मलाई थाहा छैन, त्यस दिन प्रश्रित दाइ अभिनन्दन गर्न आउने हो भने म मिल्छु, नत्र मिल्दिनँ ।' मेरा कुराको उत्तर दिँदै नरम भाषामा प्रश्रित दाइ बोलेका थिए– 'गोपालजीलाई म अभिनन्दन पठाउने भएँ; उहाँले पढेर सुनाउनुहुन्छ ।' सीताराम दाइ र गोपाल थपलियाले प्रश्रितका कुरामा मञ्जुरी जनाएका थिए, तर त्यो प्रस्तावलाई पनि मैले मान्यता दिइनँ । फेरि निक्कै लामो बहस भएपछि अन्ततः मोदनाथ प्रश्रित दाइ स्वयम् अभिनन्दन दिन आउने भए । उनले भनेका थिए– 'त्यस बेला म भैरहवा नै हुनेछु । तर २७ गते रात्रि बसबाट म काठमाडौँ बिहान आइपुग्नेछु र बेलुका कार्यक्रम सकेर भैरहवा नै फर्कन्छु । त्यहीअनुरूप २८ गते बिहानै ७ बजे प्रश्रित दाइ नइगृहमा आएर अभिनन्दनपत्र ड्राफ्ट गरे । उनले हातैले सो अभिनन्दनपत्र लेखे । त्यो अभिनन्दन दिउँसो समारोहमा वाचन गरेर उनले जनरल कार्कीलाई हस्तान्तरण गरेका थिए । त्यस दिन २८ वटा संस्थाबाट जनरल कार्कीलाई अभिनन्दन गरिएको थियो । त्यस समारोहको सभापतित्व ग्रहण गरिरहेका सीताराम दाइले मेरा कानमा भनेका थिए– 'प्रश्रितलाई पनि मैले मानेँ र मेरो भाइलाई पनि मानेँ । प्रश्रितले अभिनन्दन दिनु भनेको सीताराम प्रज्ञाप्रतिष्ठानको पनि जित हो ।' त्यस बेला मोदनाथ

प्रश्रित कम्युनिस्टका ठूला नेता थिए । त्यस बेला प्रश्रित मदन भण्डारीका नेता, माधवकुमार नेपाल र खड्गप्रसाद वलीले पनि शिरोधार गर्ने विशिष्ट कोटीका नेतामा प्रसिद्ध थिए । 'राष्ट्रिय जनसांस्कृतिक मञ्च'बाट जनरल भूपालमानसिंह कार्कीलाई प्रदान गरिएको अभिनन्दनपत्रमा लेखिएको छ*–

'जीवनको यात्रामा सानो मुखिया पददेखि ठूल्ठूला ओहोदाहरूमा बसी देशसेवा गर्नुभएका, २००७ सालको आन्दोलनमा गहकिलो भूमिका खेली समाज परिवर्तनमा ठोस योगदान गर्नुभएका, राष्ट्रको भौतिक निर्माणमा पनि विविध खँदिला कामले सुपरिचित हुनुभएका सम्माननीय भूपालमानसिंह कार्कीज्यूले नेपाली साहित्य, संस्कृति, कला, विज्ञान आदि क्षेत्रका प्रतिभाहरूको सम्मानमा आफ्नो जीवनका उपार्जनको ज्यादै ठूलो हिस्सा समर्पित गर्दै 'भूपालमानसिंह कार्की प्रज्ञापरिषद्'जस्तो गौरवमय संस्था स्थापना गर्नुभएकामा हाम्रो संस्था 'राष्ट्रिय जनसांस्कृतिक मञ्च'सँग सम्बद्ध सम्पूर्ण लेखक कलाकारहरूका तर्फबाट म हार्दिक कृतज्ञता, बधाई र अभिनन्दन ज्ञापन गर्दछु । उहाँ आर्थिक दानले भन्दा ठूलो भावना र विचारले इतिहासमा ज्यादै सम्मानित स्थानमा पुग्नुभएको छ र उहाँबाट समाजसेवाका क्षेत्रमा सबैले प्रेरणा ग्रहण गर्ने कामना पनि व्यक्त गर्दछु ।

(मोदनाथ प्रश्रित, अध्यक्ष)

•

मोदनाथ प्रश्रित पृथ्वीनारायण शाहका कट्टर पक्षधर भएका कारण, त्रिमूर्ति निकेतन निर्माणमा उनको पनि पार्श्व भूमिका भएका कारण, उनकै संयोजकत्वमा देवकोटा शताब्दी महोत्सव मनाउने कारण, त्रिनारी रत्नको सालिक बनाउन उनको पनि सक्रिय भूमिका भएका कारण, उनी नइ एकेडेमीमा मन, वचन र कर्मले समर्पित भएका कारण आदि जोडिँदै जाँदा उनीसित मेरो अरू घनिष्ठता बढ्दै

---

* हेर्नुहोस्– 'भूपाल अभिनन्दन' (२०५६) पृ.४४२

जानु स्वाभाविकै थियो । अन्ततः मैले उनीबारेको जीवनीकृति ‘मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म’ (२०७९) पनि लेखेँ । वास्तवमा प्रश्रितसित म पुनः जोडिने कारक तत्त्व नै सीताराम दाइ थिए । यदि २०५२ सालमा सीताराम दाइले हाम्रो मिलन नगराएका भए सायद हामी दुवै जना आगो र आगै पनि हुन्थ्यौँ होला । त्यसपछि मैले प्रश्रित दाइ र कविता भाउजूलाई जनरल भूपालमानसिंह कार्कीले विराटनगरमा लगाएको महापुराण अतिरुद्रीयागमा पनि विशिष्ट कोटिको सहभागी गराएको थिएँ ।

•

२०५२ सालमा सीताराम प्रज्ञाप्रतिष्ठानबाट जनरल भूपालमानसिंह कार्कीको अभिनन्दन समारोहको आयोजना गरिएपछिका हरेक वर्ष भूपाल प्रज्ञापरिषद्द्वारा आयोजित समारोहमा सीताराम दाइ विशेष अतिथिका रूपमा मञ्चमा आसीन हुन थालेका थिए । मचाहिँ ती दुवै संस्थाको संस्थापक सदस्यसचिव थिएँ । तर २०६२ सालदेखि सीताराम प्रज्ञाप्रतिष्ठान निष्क्रिय भयो भने २०६० सालमा जनरल कार्कीले निर्वाण प्राप्त गरेपछि भूपाल प्रज्ञापरिषद्को वार्षिक ओजस्विता हराउन थालेको थियो । त्यसो भए तापनि बेला बखतको दैवीप्रकोप समस्या भएका बखतचाहिँ प्रज्ञापरिषद्ले यथोचित आर्थिक सहयोग प्रदान गर्दै आएको छ ।

•

मैले सीताराम प्रज्ञाप्रतिष्ठान र भूपाल प्रज्ञापरिषद् स्थापना गरेपछि कमल दीक्षितले मलाई भनेका थिए– ‘अब तपाईंका विरोधी र चाकरीदार देख्नुहुनेछ ।’ वास्तवमा यी दुई संस्थाको स्थापनाले दीक्षितलाई केही असहजै भएको मैले चाल पाएको थिएँ । त्यसैले मैले यी संस्थाहरूका समारोहहरूमा दीक्षितलाई पनि विशेष अतिथि बनाएर मञ्चासीन गराउन थालेँ । त्यसपछि उनले मलाई व्यङ्ग्य हान्न छाडेका थिए । हुन त उनले जनरल भूपालमानसिंह कार्की राजसभाको सभापति भएका बखत मदन

पुरस्कार वितरण समारोहमा जनरल कार्कीलाई प्रमुख अतिथि बनाएका घटना पनि छँदै थिए । साथै भूपाल प्रज्ञापरिषद्को स्थापनापछि २०५२ सालमा दीक्षितले आफ्नो 'नेपाली' त्रैमासिकमा भूपाल बुबाबारे सम्पादकीय पनि लेखेका थिए– 'श्री भूपालमानसिंह कार्कीले ७५ लाख रुपियाँ अक्षयकोष* राखी भूपालमानसिंह कार्की प्रज्ञापरिषद् खडा गरेको समाचारले अरूलाई जस्तै हामीलाई पनि अत्यन्तै आनन्द लागेको छ । धनीमानीले गर्ने कुरै यस्तै हुन् भन्ने हामीलाई लाग्छ । सो प्रज्ञापरिषद्ले अब प्रत्येक वर्ष दसवटा बेग्लाबेग्लै विभिन्न विषयमा विभिन्न रकमबाट पुरस्कार र प्रत्येक तीन वर्षमा एउटा प्रज्ञापुरस्कार दिन थाल्नेछ । एउटै संस्थाबाट यति धेरै पुरस्कार यसअघि नेपालमा कतै भएको थिएन । दस लाख रुपियाँभन्दा पनि धेरै रकमद्वारा यसरी वर्षैवर्ष नेपालका बुद्धिजीवीहरू सम्मानित हुनु भनेको नेपाल नै सम्मानित हुनु हो भन्ने हाम्रो धारणा छ । त्यसबाहेक पाँच लाख रुपियाँको भूपाल प्रज्ञापुरस्कार त नेपालको सीमा नाघेर सार्क क्षेत्रका स्रष्टाहरूले समेत पाउन सक्ने गरेर यस परिषद्ले आफ्नो गरिमा अझ बढाएको छ । हामी परिषद्का संस्थापक श्री भूपालमानसिंह कार्कीलाई धन्यवाद भन्दै परिषद्का सबै सदस्यहरूलाई साधुवाद गर्दछौँ ।'

दीक्षित मलाई बारम्बार भन्थे– 'जनरल भूपालमानसिंह कार्कीलाई जगदम्बाश्री पुरस्कार अर्पण गरिनुपर्थ्यो, तर कसैले पनि उहाँको नाउँ सिफारिस नगरेको हुँदा पुरस्कार दिन पाइएन ।'

* भूपालमानसिंह कार्की प्रज्ञापरिषद्मा एक करोड रुपियाँको अक्षयकोष थियो ।

# सीताराम दाइ र राजनारायण दाइ

दार्जिलिङनिवासी राजनारायण प्रधान नेपालमा घरीघरी आइरहन्थे । तर गोर्खाल्यान्डको ज्वालाले दार्जिलिङलाई छोपेपछि भने आफूलाई सुरक्षित राख्न भनेरै उनी नेपाल आएका थिए । अनि त्यसपछि निरन्तर उनी पाँच वर्षजति मेरो सेरोफेरोमा काठमाडौँमा बसेका थिए । त्यस बेला उनलाई नेपालमा भरथेग गर्ने काममा सीताराम दाइको चाहिँ बिर्सिनसक्नुको भूमिका थियो । साथै रोमा प्रधानले पनि उनलाई अडेस लाग्ने ठाउँ दिएकी थिइन् ।

२०१७ सालमा स्थापित आठराई चुहानडाँडाको वीरेन्द्र इन्टर कलेजका संस्थापक प्रिन्सिपल राजनारायण दाइ नै थिए । त्यस बेला उनको नाउँ आठराईमा सर्वत्र फैलिएको थियो । राजनारायण दाइ हिँडेपछि सीताराम दाइले त्यस कलेजमा पढेका थिए तापनि किशोरवयका सीताराम दाइका मनमस्तिष्कमा त्यति बेला राजनारायण दाइको सुवास परेको थियो । मामाघर बसेर चुहानडाँडामा पढ्दापढ्दै छाडेर उनी काठमाडौँमा आए र त्रिचन्द्र कलेजमा भर्ना भएका थिए । त्यसैले उनले मेरा मुखबाट राजनारायण प्रधान भन्ने शब्द सुन्नेबित्तिकै कान ठाडो पारेका थिए । त्यति बेला उनले मलाई भनेका थिए– ‘राजनारायण सरलाई म पनि श्रद्धा गर्छु ।’

खासमा गोर्खाल्यान्ड आन्दोलनले तर्साएपछि आफ्नो ज्यूज्यान जोगाउने अभिप्रायले नै राज दाइ दार्जिलिङबाट काठमाडौँ आएका थिए । त्यति बेला उनी आपत् र विपत्को अवस्थामा देखिन्थे ।

त्यसैले उनी केही समय सास नफेरी मेरै घरमा बसेका थिए । माइला बाजे रतनलाल ब्राह्मणकै ज्वाइँ भएकै कारण उनले त्यस बेला गोर्खाल्यान्डको आतङ्कले आफ्नो कर्मभूमिलाई हठात् रूपमै छाड्नुपरेको थियो ।

राजनारायण प्रधान सैद्धान्तिक कम्युनिस्ट थिए । त्यसैले उनका लागि त्यस बेलाको दार्जिलिङ आगाको भुङ्ग्रोसरि भयो । वास्तवमा त्यतिखेर रूखका हाँगाहरूमा मान्छेका टाउका झुन्डचाइने दृश्य स्थानीयहरूले देख्ने गर्थे । सुभाष घिसिङको नरसंहारजन्य कृत्य र भौतिक संहारबाट बच्न धेरै बुद्धिजीवीहरू दार्जिलिङबाट त्यसै कालखण्डमा पलायन भएका थिए । अनि घिसिङले राज दाइलाई पनि खबर गरेका थिए– 'राजनारायण सरको घाँटी काटेर झोलामा राख्छु र त्यो झोला सल्लाका रूखमा झुन्डचाइदिन्छु ।' त्यही डरमर्दो संवाद बोकेर राजनारायण दाइ दार्जिलिङबाट आत्तिएर, छटपटाउँदै र भौँतारिँदै काठमाडौँ आएका थिए । राज दाइ नेपाल आएपछि उनी र म भएर राज दाइको रोजीरोटी जुटाउने जागिरका लागि धेरै ठाउँ धाएका थियौँ । उनको आयस्तासहित टाउको लुकाउने ठाउँको हामीबाट निरन्तर खोजी भइ नै रह्यो । त्यति बेला मैले राज दाइलाई काठमाडौँमा अडचाउन अनेक उपाय रचेँ । म पनि आर्थिक रूपमा दुर्बल भएका कारण उनको बन्दोबस्त चाँडै होस् भनी रातोदिन लागिपरिरहेँ ।

आपत् परेका बेला भगवान्को याद आउँछ भन्थे । त्यस बेला कहीँकतैबाट आड र भरोसा नपाएपछि मैले सीताराम दाइलाई नै सम्झेँ । त्यही परिवेशमा मैले राज दाइलाई सीताराम दाइबाट सञ्चालित युनिभर्सल टुर्स एन्ड ट्राभल्स र कोरियन एयरमा पुऱ्याएको थिएँ । नोकरी गर्ने सन्दर्भमा सीताराम दाइसँग राज दाइको कुरा पनि मिल्यो । परिणामस्वरूप कोरियन एयरमा राज दाइलाई आर्थिक प्रशासनको प्रमुखको जिम्मेवारीमा काम सुम्पने निर्णय भयो । अनि

उनको तलब पनि त्यहाँ भनेजस्तै थियो । उनका लागि मासिक दस हजार रुपियाँ तलब कायम गरिएको थियो । त्यस बेला दस हजार रुपियाँ मासिक तलब नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारीको पनि हुँदैनथ्यो । त्यति मात्र होइन राज दाइलाई आवासगृहका लागि आवश्यक थप रकम पनि दिइएको थियो ।

•

राजनारायण प्रधानले कोरियन एयरमा काम गर्न थालेपछि त्यहाँका कर्मचारीहरू पनि खुसी थिए । सीताराम दाइका दुई जना हस्ती सुदर्शन सिटौला र मधु आचार्यका साथै कार्यकारी निर्देशक डीबी पाण्डे र भिनाजु बद्री बिमलीले पनि राज दाइका कामलाई मद्दत गरेका थिए । बिमली सीताराम दाइका साक्खै भिनाजु भएका कारणले उनी सीताराम दाइको भलो चिताउने, इमानदार र बफादार कारिन्दा थिए । उनी कसैको कुभलो चिताउँदैन थिए । डीबी पाण्डेको नाउँचाहिँ मैले 'हो सीताराम' नै राखिदिएको थिएँ । त्यसपछि त्यहाँका सबैले डीबी दाइलाई 'हो सीताराम' भनेरै कहन्थे । वास्तवमा सीताराम दाइले जे भने पनि डीबी दाइबाट खण्डन हुँदैनथ्यो । सीताराम दाइका कुरामा सार मिलाउने मात्र उनको काम हुन्थ्यो र सीताराम दाइले जे कुरा गरे पनि उनी 'हो सीताराम' मात्र भन्ने गर्थे । डीबी पाण्डे सीताराम दाइका ठूलै आज्ञाकारी थिए । उनी कसैलाई बिझाउँदैन थिए । अनि उनी सीताराम दाइको बिजुली सर्बतमा पनि प्राय: सधैँ साथ दिइरहन्थे । उनी पनि खाएपछि बेस्सरी नै खान्थे ।

सीताराम दाइको हितका लागि सुदर्शन र मधु भने समर्पित भएर काम गर्थे र कालोलाई कालो र सेतोलाई सेतो नै भन्ने गर्थे । युनिभर्सल टुर्स एन्ड ट्राभल्सलाई उकास्न यी दुई भाइको महत्त्वपूर्ण भूमिका थियो । त्यसैले राज दाइले यी दुई जनालाई मन पराएका थिए । पछिल्ला दिनमा राज दाइ त्यहाँ नहुनु र सुदर्शन, मधु पनि बहकिएर त्यहाँबाट हिँडेपछि त्यो ठाउँ नै प्राय: शून्य भएको मलाई

अनुभूति भएको थियो । ती दुई भाइले चाहिँ आफ्नै टुर्स एन्ड ट्राभल्सको स्थापना गरेका थिए ।

सीताराम दाइका कार्यालयमा रवीन्द्र भट्टराई र जितबहादुर तामाङभन्दा इमानदार कार्यकर्ता मैले देखेकै पनि थिइनँ । यिनीहरू सासका भरमा सीताराम दाइका कुरा बुझिसक्थे । तामाङको काम खानेकुरामा हुन्थ्यो भने भट्टराईको काम कागतपत्रमा हुन्थ्यो ।

सुरुमा डा.तारानाथ शर्मा पनि सीताराम दाइको साहित्यिक सल्लाहकार थिए । तारा दाइ र राज दाइ दार्जिलिङदेखिकै साथी रहेछन् । त्यसैले राज दाइलाई भेट्न तारा दाइ प्रायः जमल आइरहन्थे । तर 'द राइजिङ नेपाल'को प्रधान सम्पादक भएपछि भने तारा दाइ आफ्ना पुराना मान्छेसित बोल्न त्यति रुचाउँदैन थिए । कतिसम्म भने त्यहाँ जागिरे भइन्जेल मसित पनि उनी टाढाटाढै थिए ।

राज दाइले युनिभर्सल ट्राभल्स या भनौँ कोरियन एयर प्रवेश गर्नुपूर्व तारा दाइको छोरा अनललाई मैले नै सीताराम दाइका कार्यालयमा नियुक्ति गराइदिएको थिएँ । तर अनलले केही महिनामै जागिर छोडेका थिए । जागिर किन छोडे भने उनले दसैँ खर्च पाएनन् रे ! यसबारे मैले सीताराम दाइलाई गुनासो गर्दा उनले भनेका थिए– 'मैले गोजीबाट पैसा निकालेर दिन सक्छु तर दुई महिना काम गरेका कर्मचारीलाई अफिसले पाकेको तलब मात्र दिन्छ, दसैँ खर्च दिँदैन । तीन महिना काम गरेपछि मात्र दसैँ खर्च पाउने नियम छ ।' त्यो बेहोराको जानकारी मैले तारा दाइ र शान्ता दिदीलाई दिए तापनि उनीहरू मेरा कुरामा खुसी हुन सकेका थिएनन् ।

दसैँका बेला राज दाइको त दसैँ नै हुन्थ्यो । धेरै पैसा पाएपछि उनी फेरि रक्सीमा डुब्थे । पछिपछि उनी अग्निराज श्रेष्ठसित मिलेर अफिसमा नै रक्सी खान थालेका थिए । कतिसम्म भने उनी कोटको

भित्री गोजीमा हाप लिटरको नेपाली भोड्काको बोतल बोकेरै हिँड्ने गर्थे । उनको चलन सीताराम दाइका लागि समेत पनि अप्रिय नै थियो । यति हुँदाहुँदै पनि सीताराम दाइ राज दाइसित ठाडो मुखले बोल्न सक्तैन थिए । म नै उनीहरूको संवादको संयोजक थिएँ । वास्तवमा राज दाइ जेजस्तो स्थितिमा भए तापनि सीताराम दाइले उनको आदर गर्थे । पछिल्ला दिनमा राज दाइ पनि सीताराम प्रज्ञाप्रतिष्ठानको सदस्य भएका थिए । अनि पछि राज दाइ दार्जिलिङ फर्कंदा उनले मलाई एउटा चिठी लेखेर छोडेका रहेछन्– ‘भाइ, म दार्जिलिङ गएँ; अब उतै बस्छु । तिमीलाई मैले भेटेर भन्न सकिनँ किनभने तिमीले बाटो छेक्छौ भन्ने मलाई थाहा थियो । त्यसैले सीतारामजीसित सुटुक्क बिदा मागेर म हिँडें ।’

# सीताराम दाइ, तेजबहादुर दाइ र सीके दाइ

सीताराम दाइसितको मेरो लामो सम्बन्धबाट मैले एउटा अर्को कुरा पनि थाहा पाएँ । कुरा के हो भने उनीसित हिजो पौँठेजोरी खेल्ने, उनको खेदो खन्ने र उनलाई तहसनहस गर्न खोज्नेहरूप्रति पनि उनको रिसराग हुँदैनथ्यो । त्यसमाथि पनि तिनीहरूमध्ये कोही उनीसमक्ष पुगे भने त उनको भावनामा पनि ती व्यक्तिप्रति खासै कुभावना हुँदैनथ्यो । हुन त आफ्नै भूल हुँदाचाहिँ क्षमा माग्न भने उनी अघि सर्दैन थिए । तर क्षमा दिन भने उनी सिपालु नै थिए । व्यापारीहरू आफ्नो काम पटचाउन मान्छेको पैताला चाट्छन् भन्थे तर जतिसुकै घाटा होस् या नोक्सान होस् या व्यापार डुबोस् उनी प्राय: सकेसम्म आत्मसम्मानको रक्षा गरेर नै बस्थे । यति हुँदाहुँदै पनि आफ्नो गल्ती छ भने उनी प्रायश्चित गर्न पनि त्यति चुक्तैन थिए । तर त्यो बेहोरा अरूले चाल पाउन गाह्रै हुन्थ्यो । अनि यसै सन्दर्भको एउटा कुराचाहिँ मलाई लुकाउनै मन लागेन, कुरा के हो भने– शक्तिशाली मान्छेका अघि उनी नरम, सरल र शालीनताका कुबेर भएरै प्रस्तुत हुन्थे । धाक, धक्कु र आफ्नो हैसियतको फुटानी लगाउनका लागि पनि उनलाई जित्ने मान्छे मैले प्राय: देखेको छैन ।

सीताराम दाइ बिजुली सर्बतका त सहोदरीझैँ थिए । खाएपछि सानाठूला कोसित आफू बसेको छु भनेर पनि उनी आँखा हेर्दैन थिए । बिजुलीपानी उनको जीवनमा टचाप्पै टाँसिएको एउटा डरलाग्दो शत्रु नै थियो । बिजुली खाएकै बेला एक पटक उनले तेजबहादुर

दाइलाई समेत तथानाम भनेर आफ्ना घरबाट गेट आउट गरेका थिए । त्यति बेला उनी तेजबहादुर दाइसित कड्केर बोलेका थिए– 'तिमी मेरो सम्पत्ति लुट्न मसित पछिपछि लागेका होइनौ ?' त्यति बेला पनि सीताराम दाइ भन्न छाड्दैन थिए– 'म चाँदीका थालमा सुनको चम्चाले भात खाने प्रसाई हुँ ।'

तेजबहादुर दाइलाई अरूको सम्पत्तिको खाँचो नै थिएन । उनी नेपाली काङ्ग्रेसको इलामका संस्थापक सभापति थिए । पञ्चायत कालीन अवस्थामा राजा महेन्द्रबाट उनी अञ्चलाधीश नियुक्त भए । पछि उनी श्री ५ को सरकारको सचिव भए । अन्त्यमा उनी बाग्मती अञ्चलाधीश पनि भए । उनी भ्रष्टाचारविरोधी थिए । उनी पैतृक सम्पत्तिबाटै सम्पन्न थिए ।

वास्तवमा तेजबहादुर प्रसाई भनेका हाम्रो प्रसाईका गौरवी व्यक्तित्वको नाउँ हो । आफैँ साहित्यिक व्यक्तित्व तेजबहादुर दाइ साहित्य र साहित्यकार भनेपछि अति श्रद्धा गर्थे । त्यस बेलाको नेपालमा पञ्चायती व्यवस्थाका गरिमाशाली प्रशासकीय व्यक्तित्वका रूपमा ख्याति कमाएका तेजबहादुर दाइको नाउँ आफूसँग गाँस्न पाउँदा र उनको दाजुभाइका रूपमा आफ्नो परिचय गराउँदा पनि धेरैजसो प्रसाईहरूले आफूलाई आकासिएको महसुस गर्थे ।

खास कुराचाहिँ सीताराम दाइले बिजुली खाएर बेहोसमा ती संवाद ओकलेका थिए । त्यसैले भोलिपल्ट सबेरै तेजबहादुर दाइका घरमा पुगेर सीताराम दाइले जोडदारको क्षमा मागेका थिए । तेजबहादुर दाइको पनि एउटा ऋन्नै त्यस्तै विशेषता थियो । भनौँ, उनीचाहिँ माफ माग्न र माफ दिन अति सिपालु थिए । तेजबहादुर दाइ र सीताराम दाइको सम्बन्ध माटाको भर ढुङ्गो र ढुङ्गाको भर माटो जस्तै थियो । दुवैलाई अप्ठ्यारो पर्दा एकअर्कामा हारगुहार गर्ने उनीहरूको चलनै थियो । जबजब म तेजबहादुर दाइसित हुन्थेँ तबतब उनी सीताराम दाइको बयान गरिरहन्थे । सीताराम दाइ

पनि तेजबहादुर दाइको वकालत गरेर अघाउँदैन थिए । यति हुँदाहुँदै पनि बिजुली धोकेका बेला सीताराम दाइले आफूलाई श्री ३ राणाजस्ता सर्वशक्तिमान् ठान्थे ।

सीताराम दाइको जीवनको ठूलो बाधक नै रक्सी थियो । उनले बिजुली खाएका बेला मलाई पनि कठालो समाएर फालेका थिए । 'अबदेखि तँसँग मेरो कुनै सम्बन्ध छैन' भनेर एक पटक उनले मलाई थामिनसक्नुको गालीगलौच गरेका थिए । त्यस बेलामध्ये राति उनका घरबाट रुँदै निस्केर म मेरो घर आएको थिएँ । फेरि पर्सिपल्ट राति दुई बजेतिर उनी बिजुली सर्बत खाएर मेरो घरमा आएका थिए । त्यति बेला उनले भनेका थिए– 'सीताराम छैन भने नरेन्द्र छैन र नरेन्द्र नहुँदा सीताराम हुँदैन । तिमीले मलाई मार्छौ भने मार, म मरिदिन्छु । तर तिमीले मसित चित्त दुखाउन पाउँदैनौ ।' त्यस बेला सीताराम दाइका आत्मीय कुरा सुनेर म उनीसित लल्याकलुलुक परेको थिएँ ।

•

सीताराम दाइ र म प्राय: सँगसँगै सीके दाइका डेरामा जाने गर्थ्यौं । सीताराम दाइ जति पटक सीके दाइकामा जान्थे खाली हात जाँदैन थिए, केही न केही खानेकुरा लिएर जान्थे । अर्को एक दिन सीताराम दाइले मलाई भनेका थिए– 'सीके दाइका घरमा गएर खाजा खाऔँ भाइ !' अनि मिठाईका सामानहरू लिएर हामी सीके दाइको डेरा कुमारीपाटी पुगेका थियौँ । त्यतिखेर त्यहाँ सीताराम दाइले लगेका परिकार परिकारका मिठाई हामीले खाएका थियौँ । सीताराम दाइ जे गर्दा पनि मन खुलाएर नै गर्थे । त्यसैले त्यहाँ हामीले पुऱ्याएका मिठाईहरू पनि दामीदामी थिए ।

नेपाली काङ्ग्रेसका सङ्कटकालदेखिका नेता सीके प्रसाई नेपाली काङ्ग्रेसका बौद्धिक व्यक्तित्व थिए । नेपाली काङ्ग्रेसलाई बौद्धिक पार्टीका रूपमा चिनाउन सीके प्रसाईको योगदान अपरिमेय

थियो । वास्तवमा नेपाली काङ्ग्रेस भनेको मुङ्ग्रे बुद्धिका मानिसहरूको समूह होइन, चेतना र बौद्धिकता भएका व्यक्तिको बाहुल्यता त्यहाँ छ भनेर त्यस दललाई प्रचारित गराउने श्रेय सीके प्रसाईलाई नै पनि थियो । सीके दाइहरूकै कारणले पनि देशका प्राय: देशभक्त बुद्धिजीवीहरू नेपाली काङ्ग्रेसप्रति आकर्षित र समर्पित भएका थिए । तर कालान्तरमा त्यही प्रजातान्त्रिक सिद्धान्त र राष्ट्रवादलाई नेपाली काङ्ग्रेसको मुङ्ग्रे बुद्धि र भरौटे विवेकले खरानी बनाउन प्रयास गरे । अन्तत: तिनीहरूले नेपाली काङ्ग्रेस पार्टीजस्तो चुलिएको पार्टी रसातलमा नै पुऱ्याए ।

सीके दाइ नेपाली काङ्ग्रेसका बफादार नेता थिए । उनी बीपी कोइरालाका भक्त थिए । तर उनले गिरिजाप्रसाद कोइरालाको धन, छोरीप्रति धृतराष्ट्रीय शैली र पारिवारिक आसक्तिको निन्दा गर्थे । त्यसैले त्यस बेला पनि सीके दाइले सीताराम दाइलाई भनेका थिए– 'सीताराम भाइ ! तिमीले जताजता जेजे गरे तापनि गिरिजाबाबूलाई आर्थिक सहयोग गरेको मलाई मन परेन । गिरिजाबाबू एक जना ठूलाखाले मगन्ते हुन्; उनी खाएर पनि अघाउँदैनन् र मागेर पनि थाक्तैनन् ।' त्यसै बेला सीके दाइको कुरा मोड्दै सीताराम दाइ बोलेका थिए– 'दाजुले यस्तो सुकुल ओछ्याएर बस्नुभएन । जति खर्च लागे पनि घरभाडा म तिरिदिन्छु, राम्रो घरमा सर्नुपऱ्यो ।' अनि प्रत्युत्तर दिने क्रममा सीके दाइको बोली प्रस्फुटित भएको थियो– 'म ज्ञानुको प्रभावमा परेको हुँ । उनी विशुद्ध गान्धीवादी हुन् । त्यसैले मलाई यस्तै राडीपाखी र गुन्द्री नै मन पर्छ भाइ ! ठूलो घरमा बसेर ठूलो धमास दिने मेरो प्रवृत्ति पनि होइन । तिमी असल छौ, दुनियाँको भलो गर्छौ । तिमीले नरेन्द्र भाइजस्ताको साथ पनि पाएकै छौ । तिमी अघि बढ, त्यसैमा म सन्तुष्ट छु ।' सीके दाइका कुरा सुनेर त्यति बेला दङ्ग पर्ने ज्ञानु भाउजू, रोशन कार्की र नरहरि सङ्ग्रौला पनि थिए ।

रोशन कार्की सीके दाइकी साली हुन् भने नरहरि दाइलाई उनी 'ज्वाइँ' भन्ने गर्थे ।

•

सीताराम प्रज्ञाप्रतिष्ठानको स्थापनापछि सीताराम दाइको मन, वचन र कर्म धेरैले सुनिसकेका थिए । त्यही कारण राजेश्वर देवकोटालाई सीताराम दाइसित चिनजान गर्न मन रहेछ । एक दिन सीताराम दाइ र म देवकोटाको घर महाराजगञ्ज गएका थियौँ । त्यस दिन देवकोटाले सीताराम दाइलाई भनेका थिए– 'आज मेरा घरमा दानवीर कर्ण आउनुभयो । सीतारामजीबारे सीके प्रसाईले 'जनमत'मा लेखेको लेख मैले पढेको थिएँ । रामबाबू प्रसाईलाई पनि मैले भेटेको छु । गणेशबहादुर प्रसाईको पनि योगदान कम्तीको छैन । प्रसाईहरू एकभन्दा अर्को कमी भएको मैले देखिनँ ।'

•

हाम्रा गौरवी दाइहरूबारे मैले अध्ययन गरिरहेँ । जसमध्ये सीताराम दाइ बोलक्कड थिए, तेजबहादुर दाइ बोल्ड थिए र सीके दाइ शिष्ट, मर्यादित र शालीन भाकामा बोल्न र लेख्न सिपालु थिए । सीताराम दाइ जागरुक थिए, तेजबहादुर दाइ बौद्धिक थिए र सीके दाइ चिन्तक थिए । यी तीन भाइसित मेरो बराबर सम्पर्क भइरह्यो । तर यी तीन भाइ एक्कै ठाउँमा बसेर गफ गरेको चाहिँ मैले देख्न पाएको थिएन ।

•

तेजबहादुर दाइ, सीके दाइ र मेरा बाजे क्रमश: डि.विष्णुलाल र नरध्वजचाहिँ नन्दमणि प्रसाईका छोराहरू थिए । नन्दमणि प्रसाईका नौ भाइ छोरामध्ये डि.विष्णुलाल पाँचौँ छोरा (अन्तरे) र नरध्वज सातौँ छोरा मन्तरे थिए । नन्दमणि प्रसाईको सग्लो वंशावली इन्दिरा प्रसाईकृत 'मेरी सासू' (भागीरथा प्रसाईको आकृति : २०६५) नामक ग्रन्थमा आबद्ध गरिएको छ ।

# सीताराम दाइसित मुक्तिनाथ दर्शन

सीताराम दाइले मलाई अचाक्ली माया गर्थे । मान्छेका पेटमा पाप कस्तो हुन्छ भन्ने उनलाई थाहा थिएन जस्तो म अनुभूत गरिरहन्थेँ । किनभने उनी मसित खुलस्त थिए र मनका कुरा मुखैमा ल्याउने गर्थे । व्यापारी भए तापनि उनी आफूले माया गरेका व्यक्तिका लागि मानवतावादी थिए । तर आफूसित काम नपर्नेलाई उनले घाँस हाल्नचाहिँ जानेका पनि थिएनन् ।

सीताराम दाइले एक दिन मलाई भनेका थिए– 'भाइ कुन दशा ग्रह बिग्रेर हामी झन्नै परपरै हुन लागिसकेका थियौँ । अब एक पटक हेलिकोप्टर चढेर हामी मुक्तिनाथको दर्शन गर्न जाऔँ ।' दाइका कुरा सुनेर म दङ्ग नपर्ने कुरै थिएन । त्यस बेला हेलिकोप्टर चढ्ने सन्दर्भले मेरो स्मृतिमा दस वर्षअघिको प्रसङ्गले छोएको थियो । २०४२ सालका जलस्रोत तथा कृषिमन्त्री डीपी अधिकारीले त्यस बेला मलाई हेलिकोप्टर चढाउने आश्वासन दिएका थिए । त्यति बेला अधिकारीलाई मबिना हुँदैनथ्यो । केटौले नै बुद्धि भएका कारण डीपी अधिकारीका चिप्ला कुरामा म फुरुङ्ग परेर उनका अगिपछि हिँड्थेँ । उनी मन्त्री भएपछि झनै उनीसँग साँगी लाग्न पुग्ने गर्थें । त्यस घडी उनी तीनमहिने अन्तरिम मन्त्रिमण्डलका शक्तिशाली मन्त्रीहरूमध्ये एक थिए । उनको कार्यकालमा म उनको अवैतनिक सल्लाहकार थिएँ ।

डीपी अधिकारीले मलाई अघिल्लो दिन भनेका थिए– 'भोलि बिहान साढे छ बजे नै यहाँ आइपुग्नू है ! हामी हेलिकोप्टरमा

पूर्वाञ्चलको अरुण जानुपर्छ ।' मन्त्रीका कुराले म दङ्ग परेको थिएँ । त्यस रातभरि खुसीले मलाई निद्रा पनि लागेन । हेलिकोप्टर चढ्ने रहर पूरा हुने मेरो सपना पनि बिपनामा रूपान्तरित हुने भएको थियो । अनि भोलिपल्ट बिहानै मन्त्रीले भनेको निर्दिष्ट समयभन्दा आधा घण्टापहिले नै म मन्त्रिनिवास पुलचोक पुगेको थिएँ । म हतारहतार मन्त्रिनिवासको तला चढ्दै थिएँ । त्यस बेला मन्त्राणी अर्थात् चन्द्रा दिदी रुस्केर बोलेकी थिइन्– 'नरेन्द्रजी ! उहाँ त साढे पाँच बजे नै एयरपोर्ट जानुभयो ।' वास्तवमा त्यस दिन त्यो संवाद मेरा लागि अत्यन्तै अप्रिय भयो । यस सन्दर्भको एउटा निबन्ध मैले 'अक्षरको प्रदर्शनी' (२०५५) सालमा पनि लेखिसकेको छु ।

•

मुक्तिनाथ जाने सन्दर्भमा २०५२ साल भदौ २० गते एकाबिहानै म सीताराम दाइको निवास भाटभटेनी पुगेको थिएँ । त्यहाँबाट बिहान ६ बजे सीताराम दाइले आफ्नो पजेरो स्टार्ट गरेका थिए । मोटरमा सीताराम दाइकी आमा मैनादेवी प्रसाई, मेरी कान्छी काकी धनमाया प्रसाईसहित हामी मुक्तिनाथ जाने सिलसिलामा घरबाट निस्केका थियौँ । मेरा काकीहरू धनमाया र मैनादेवीको नाताचाहिँ दिदीबहिनी हो ।

हामी सबै जना हेलिकोप्टरमा बसेका थियौँ । रसियामा भारी बोक्दाबोक्दै थोत्रो भएपछि त्यसलाई नेपाल एयरवेजले लिजमा ल्याएको रहेछ । त्यसैले त्यो उडन्ते 'बाहिर बाहिर नैनसुत, भित्रभित्रै भूइँमा सुत'जस्तै थियो । भनौँ त्यो उडन्ते बाहिरबाट हेर्दा चटक्कै परेको सुकुलगुन्डोजस्तो देखिन्थ्यो तर भित्र पसेपछि मन नै भरङ्ग हुने खालकै थियो ।

हेलिकोप्टरमा मेरा कान्छी काकी धनमाया प्रसाई, सीताराम दाइ र उनकी आमा एवम् म आकासे मार्गमा वार्तालाप गरिरहेका थियौँ । त्यस घडी आकाश अँध्यारो थियो, वातावरण डरलाग्दो थियो

र समय केही खतरनाकजस्तै देखिएको थियो । सोही दिन बिहानै सीताराम दाइका ज्योतिषी पण्डित शिवकुमार शुक्लाले सीताराम दाइ र मलाई भनेका थिए– 'आज हेलिकोप्टर चढ्नु अनिष्टकारक र धेरै नै अशुभ छ ।' उनले सो दिनको यात्रा रद्द गराउन धेरै जोड गरेका थिए । तर 'रात रहे अग्राख पलाउँछ' भन्ने हिसाबमा हेलिकोप्टरचाहिँ तुरुन्तै चढिहाल्ने मभित्र काँचो भावनाले कुतकुत्याएको थियो । अनि मैले सोही तरिकाको वातावरणका लागि बल प्रयोग गरेको थिएँ । मेरा कुरा सीताराम दाइले हत्तपत्त काट्तैन थिए । त्यसैले सोही दिन हामीले हेलिकोप्टर चढ्न पाएका थियौँ ।

हामी चढेको हेलिकोप्टर काठमाडौँबाट उडेको पैँतिस मिनेटमा पोखरा विमानस्थलमा ओर्लेको थियो । त्यस बेला एयर होस्टेज रसियन नागरिक निसेल वाङ्ख बोलेकी थिइन्– 'मौसम ज्यादै खराब भएकाले हामी पोखरामा ओर्लेका हौँ ।' त्यस बेला हाम्रा सहयात्री वरिष्ठ अधिवक्ता सुशील पन्त, उनकी पत्नी कुमुदा पन्त, डीबी पाण्डे, शिवकुमार शुक्लालगायत अन्य दसबाह्र जना यात्रीहरू हेलिकोप्टरबाट ओर्ल्यौँ ।

हामी करिब बिहान आठ बजेदेखि चार घण्टासम्म पोखरा हवाईमैदानमा रहेका थियौँ । पाइलटले त्यस बेला मौसमको खराबीले पोखराबाट मुक्तिनाथ नजाने निर्णय गरिरहेका थिए । उनीहरूको निष्कर्ष थियो– 'मुक्तिनाथमा अवतरण गर्न नसकिने किसिमले कुहिरो लागेको छ ।' त्यसै बेला मैले भनेको थिएँ– 'ठीक छ, हामी मुक्तिनाथ हिँडेकै हौँ, जाऔँ, ल्यान्ड गर्न सकिएन भने मुक्तिनाथवरिपरि घुमाएर हेलिकोप्टर फर्काउनुहोस् ।' त्यतिखेर मेरा कुरा सुनेर ज्योतिषी शिवकुमार शुक्ला दर्दनाक स्वर निकालेर बोलेका थिए– 'मुक्तिनाथ आज जानै हुँदैन ।' शुक्ला र मेरा कुरा सुनेर त्यहाँ सबै जना हाँस्न थालेका थिए । मेरा दुवै काकी मौनतामा नै थिए । अनि एकछिनपछि सीताराम दाइ बोलेका थिए– 'नरेन्द्रले बोलेपछि ढुङ्गाको अक्षर

हुन्छ ।' त्यसपछि सबै यात्रुहरूले सीताराम दाइका कुरा सदर गरे । अनि हामी पुनः हेलिकोप्टरमा पस्यौँ ।

पोखराबाट छुटेपछि कालो अन्धकार आकाशतिरै उडन्तेले घ्यारघ्यार र घुरघुर गर्न थालेको थियो । त्यस बखतचाहिँ मेरो पनि मुटुले ठाउँ छोडिसकेको थियो । पैँतिस मिनेटसम्म तनावमा नै उडेपछि उडन्तेले हामीलाई मुक्तिनाथमा पुऱ्याएको थियो । त्यति बेला त्यहाँको मौसम सफा भइसकेको रहेछ । अनि उडन्ते त्यहाँको हेलीप्याडमा अवतरण भएको थियो ।

हेलिप्याडबाट करिब पाँच मिनेट ढुङ्गा ओछ्याएको सिँढी उक्लेपछि हामी मुक्तिनाथ मन्दिर पुगेका थियौँ । मन्दिरपरिसरमा पुगेपछि सीताराम दाइ निक्कै जोडले बोलेका थिए– 'जय मुक्तिनाथ, जय सीताराम !' त्यति बेला हाम्रा टोलीका सबै सदस्यहरू उत्साहित देखिन्थे । ज्योतिषी पनि खुसी नै देखिन्थे ।

सबै जना पूजा सकेर हिँड्दा पनि मेरी काकी धनमाया प्रसाई मन्दिरभित्र पूजा गरिरहेकी थिइन् । म काकीलाई पर्खेर मन्दिरछेउमै बसिरहेको थिएँ । त्यस बेलासम्ममा हेलिकोप्टर उडिसकेको रहेछ । रसियन पाइलटले पूजाआजा गर्न हामीलाई एक घण्टाको म्याद दिएको थियो । तर काकीको निकै लामो पूजाविधिले गर्दा उडन्तेले हामीलाई छाडेको थियो । त्यस बेला सीताराम दाइको कडीकडाउ नियन्त्रणले गर्दा हेलिकोप्टर हामीलाई बोक्न पुनः त्यहाँ ओर्लेको थियो । त्यसपछि अघिकै जस्तो कुहिरीमण्डलको अन्धकार चिर्दै हाम्रो यात्राले पोखरा हवाईमैदान भेटेको थियो ।

काठमाडौँका लागि हेलिकोप्टर उड्ने क्रममा नै फेरि आकाशमा कालो बादल थुप्रन थालिसकेको थियो । बल्लतल्ल आकाश उघ्रेलाउघ्रेला जस्तो भएको थियो । अनि हामी सबै जना हवाईमैदानमा भेला भयौँ । त्यसपछि पुनः हामी हेलिकोप्टरभित्र पस्यौँ । बेलुका ५ बजे पोखराबाट

हेलिकोप्टर काठमाडौँका लागि उडेको थियो । तर बेलाबेला आकाश र धर्तीभरि अँध्यारो देखिँदा पनि हामी सबैलाई डरै लागेको थियो र 'हेलिकोप्टर खसि त नहाल्ला' जस्तो पनि लाग्थ्यो । त्यस बेला सीताराम दाइ पनि डराएकै थिए । शुक्ला भने काठमाडौँदेखि नै रुद्राक्षको माला जपेका जपेकै थिए । डीबी दाइले पोखरामा नै अघाउन्जेल बिजुलीसर्बत निलिसकेका रहेछन् । त्यसैले उनलाई हेलिकोप्टर खस्छ र उड्छमा सरोकारै थिएन । केहीछिनमा आकाश उघ्रेला जस्तो भएको थियो । अनि मैले सीताराम दाइलाई भनेको थिएँ– 'ए दाइ ! अब मरिँदैन है, मरिँदैन ।'

हेलिकोप्टर काठमाडौँ उपत्यकामा प्रवेश भएपछि मेरो मन सिमलको भुवाभन्दा हलुङ्गो भइसकेको थियो । हेलिकोप्टरले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भूईँ टेकेपछि सीताराम दाइका अनुहारमा लालीगुराँस फुलेको देखियो । त्यतिखेर बेलुका ५ बजेर ४० मिनेट गइसकेको थियो । त्यति बेला सीताराम दाइ बोलेका थिए– 'स्याबास मेरो भाइ नरेन्द्र ! तिमीले हामीलाई मुक्तिनाथ पुऱ्याईकन छाडचौँ ।'

# सीताराम दाइ, कोइलीदेवी, अरुणा लामा र म

सीताराम दाइले केहीको उद्धार गरे । केही मान्छेहरूले उनको साथ पाए, आड पाए र भरोसा पाए । यति हो उनीसित मुख फोर्न सक्नु पर्थ्यो । नमाग्नेलाई उनले दिँदैन थिए र मुख फोर्नेलाई उनी त्यति कसर पनि राख्तैन थिए । उनी दयालु स्वभावका भए तापनि कहिलेकाहीँ कठोर देखिन्थे; तर अप्ठ्यारै परेर मुख फोरेपछि उनी सकेसम्म गर्ज टार्न अग्रसर नै हुन्थे । उनलाई सर्काएर, ठूलो पारेर र चाकरी गरेर माग्नेलाई उनले जति दिन्थे त्यसपछि तिनीहरू उनीसित टाढै हुन्थे । अनि फेरि त्यो ताल त्यस्तै दोहोरिएकै हुन्थ्यो । त्यसरी उनको धन खानेहरू धेरैको नाउँ मलाई कण्ठाग्र नै छ ।

•

कोइलीदेवीलाई म आमा भन्थेँ उनी मलाई छोरा भन्थिन् । उनका नाउँमा केही गर्ने मेरी पुरोधिका इन्दिरा र मैले सोच बनाएका थियौँ । सोहीअनुरूप हामीले 'कोइलीदेवी सङ्गीत कोष' स्थापना गरेका थियौँ । त्यसका लागि हामीले चारैतिरबाट सहयोग थापेर दुई लाख रुपियाँ पनि जम्मा गरिसकेका थियौँ । अनि त्यो पैसा अक्षयकोषमा राखिएको थियो । त्यसैको ब्याजबाट पुरस्कार समर्पण गर्ने हामीले विधान पनि बनाएका थियौँ ।

पछिल्ला दिनमा 'कोइलीदेवी सङ्गीत कोष' सञ्चालन गर्न हामी नइलाई आर्थिक रूपले हम्मेहम्मे परेको थियो । त्यसैले सीताराम दाइलाई हामीले त्यस संस्थाको अध्यक्ष बनाएका थियौँ । सीताराम

दाइले त्यस संस्थाको वार्षिक कार्यक्रममा कोइलीदेवी पुरस्कारका लागि बर्सेनि पच्चिस हजार रुपियाँ बेहोर्नुपर्ने हाम्रो प्रस्ताव उनले स्विकारेका थिए ।

कोइलीदेवी पुरस्कार कोइली आमाका उपस्थितिमा सीताराम दाइले नै गायक तथा सङ्गीतकारलाई समर्पण गर्थे । सीताराम दाइको उपस्थितिका कारण त्यस समारोहको रौनक नै बेग्लै थियो । समारोह स्थलमा नै पनि सीताराम दाइ र कोइली आमाको मीठामीठा वार्ता हुन्थे । कोइली आमालाई सीताराम दाइले धेरै नै सम्मान गर्थे र आमाले पनि उनलाई त्यति नै स्नेह गर्थिन् ।

पछिल्ला दिनमा सीताराम दाइको मन बिग्रिएको थियो । किनभने त्यस कालखण्डमा माओवादीको वाइसिएलले उनलाई भूमिगत बनाएको थियो; त्यसपछि उनलाई टुँडिखेलमा उभ्याइएको थियो । यी प्रपञ्चपछि उनले वाङ्मयिक संस्थाहरूमा देखिन त्यति मनसाय पनि राखेनन् । दुई वर्ष उनी उक्त संस्थाको अध्यक्ष बने र उनले छोडेपछि हामी नइले नै त्यस संस्थालाई जीवित राख्न सकेनौँ । विविध आर्थिक कठिनाइ आइपरेकाले त्यो संस्था पनि हामीले नइ एकेडेमीमा समाहित गरेका थियौँ । संस्थाबाट अलग भए तापनि सीताराम दाइ हामी नइलाई भनिरहन्थे– 'कोइलीदेवीको नाउँमा पुरस्कार स्थापना गरेर तिमीहरूले साह्रै पुण्य काम गरेका छौ । त्यस संस्थाको नालीबेलीले पनि तिमीहरूको परिचय दिएको छ ।'

•••

कोइलीदेवीको सन्दर्भमा कुरा गर्ने हो भने उनी बाँचुन्जेल उनको भरथेग हामी नइबाटै भएको थियो । काठमाडौँ, लगनटोलका सत्यनारायण प्रधानले उनको घरको डेरामा टिकी नसक्ने बनाइएपछि कोइलीदेवीलाई घट्टेकुलोमा हामीले नै सारेका थियौँ । प्राय: हरदिन उनीसित मेरी आमा भागीरथा प्रसाईको उठबस हुन्थ्यो । तर कोइलीदेवीको स्वर्गारोहणका बेला हामीलाई पर्नु विपत्ति परेको

थियो । त्यस विपत्तिको समाधान अर्थात् घरदेखि आर्यघाटसम्म र तेह्रौँ दिनसम्मको सम्पूर्ण खर्च मुक्तक साम्राज्ञी उषा शेरचनले बेहोरेकी थिइन् ।

••

अरूहरू कलाकार, साहित्यकार र चित्रकारका साथै कोइलीदेवी, तारादेवी र अरुणा लामालाई हामी नइले मन, वचन र कर्मले सेवा गरिरह्यौँ । यी तीनै जनाको जीवनी र संस्मरणमा आधारित नइबाट कृति पनि प्रकाशनमा आएको थियो । अरुणा लामाका प्रसङ्गमा एउटा घटना पनि घटेकै थियो । सीताराम दाइसित मेरो झगडा परेको कालखण्डमा मैले 'अरुणा लामा स्वर्णिम साँझ' गर्ने सोच बनाइसकेको थिएँ । त्यस बेला अच्युतरमण अधिकारीको 'उन्नयन' पत्रिकामार्फत उक्त कार्यक्रम गर्नेहेतु म प्रचार गर्दै थिएँ; तर केही समयपछि सीताराम दाइ र म टमक्कै भएर मिल्यौँ । त्यस घडी दाइले मलाई भनेका थिए– 'हेर मेरो भाइ ! तिमीले कति ठूलो काम गर्न लागेका रहेछौ । आखिर सीताराम प्रज्ञाप्रतिष्ठान पनि तिमीले नै स्थापना गरिदिएका हौ र यो संस्था तिम्रै पनि हो । त्यसैले यही संस्था मार्फतै 'अरुणा लामा स्वर्णिम साँझ'को आयोजना गर । यसका लागि केकति खर्च लाग्छ म बेहोरिदिन्छु ।' अनि मैले सीताराम दाइको आज्ञापालन गरेको थिएँ ।

अरुणा दिदीको दिनप्रतिदिन अभ्यास हुँदै थियो । मणिकमल छेत्रीको नेतृत्वमा दार्जिलिङका नौ जना बाजागाजाका कलाकारलाई खानेबस्ने व्यवस्थाका साथ मैले होटेलमा राखेको थिएँ । तर केही दिनपछि नै सीताराम दाइ हठात् रूपमा हराएका थिए । अनि त्यो खान, बस्नको सम्पूर्ण दायित्व मेरै थाप्लोमा पर्न गएको थियो । त्यति मात्रै होइन, उनको अनुपस्थितिमा के गर्ने र कसरी यत्रो कार्यक्रम सञ्चालन गर्ने भनेर म आत्तिइरहेको थिएँ । म निराश भएका बेला त्यस विशाल कार्यका लागि सञ्चारजगत्का नामी हस्तीहरू रमा

सिंह र भाष्करराज राजकर्णिकारको मलाई गतिलो सहायता जुटेको थियो । साथै मलाई सागर थपलियाको पनि विशेष सहयोग जुटेको थियो । त्यस बेला थपलिया सदर ट्राफिक प्रहरीमा डिएसपी थिए ।

मैले २०५० साल कात्तिक २४ गते 'अरुणा लामा स्वर्णिम साँझ'को आयोजना गरेको थिएँ । रानी ऐश्वर्यको जन्मदिनका अवसरमा आयोजित सो कार्यक्रम सीताराम प्रज्ञाप्रतिष्ठानबाट सम्पन्न भएको थियो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको ठूलो प्रेक्षालय दर्शकहरूबाट खचाखच भरिएको थियो । कार्यक्रम सुरु हुन लाग्दानलाग्दै सीताराम दाइ पनि बिजुली खाएर बाङ्गा खुट्टा टेक्तै कार्यक्रम स्थलमा टुप्लुक्कै उपस्थित भएका थिए ।

'अरुणा लामा स्वर्णिम साँझ'लाई नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको थियो । एक महिनाअघिदेखि मैले टिकट बेचेको र त्यसै कार्यक्रमको सफलताका लागि कीर्तिनिधि विष्टले अच्युतरमण अधिकारीमार्फत पठाएको रकमसमेत गरेर झन्नै तीन लाख रुपियाँ कार्यक्रमस्थलमा नै अरुणा दिदीका हातमा राख्न म सफल भएको थिएँ । मैले सीताराम दाइकै हातबाट ताम्रपत्र र चेक अरुणा दिदीका हातमा समर्पण गराएको थिएँ । साथै नेपाल टेलिभिजनबाट पनि अरुणा लामालाई पैँसट्ठी हजार रुपियाँ प्रदान गर्न मैले नै जोड गरेको थिएँ । अनि त्यसबापतको रकम सोही समारोहमा नेपाल टेलिभिजनका सञ्चालक समितिका सदस्य अशेष मल्लको हातबाट अरुणा दिदीलाई प्रदान गरिएको थियो ।

त्यसै समारोहमा प्रसिद्ध गीतकारहरूद्वारा लेखिएको अरुणा लामाप्रतिको लेखरचना समावेश गरेर 'अरुणा लामा : कथा र व्यथा'नामक ग्रन्थ पनि मैले सम्पादन गरेको थिएँ । जनरल भूपालमानसिंह कार्कीबाट त्यस कृतिको प्रकाशन सौजन्य जुटेको थियो । वास्तवमा त्यस बेलाको मेरो त्यो कामबाट सीताराम दाइ आह्लादित भएका रहेछन् । केही दिनपछि उनले मलाई भनेका

थिए– 'हेर भाइ ! हिजो मैले बिजुली खाएर आएकोमा तिमीले पक्कै चित्त दुखाएको हुनुपर्छ । त्यो मेरो ठूलै भूल थियो । मेरोतर्फबाट पनि अरुणा लामालाई समारोहमा नै एक लाख रुपियाँ दिन्छु भन्ठानेको थिएँ, त्यो पनि मैले दिन भुलेछु । अरुणा दिदीले हाम्रो संस्थालाई पनि सगरमाथा पुऱ्याइदिइन् ।'

सीताराम दाइले अरुणा दिदीलाई पैसा दिन्छु भनेको समयमा दिदीले डाँडो काटिसकेकी थिइन् । त्यसपछि पनि उनी धेरैपछि मात्र दार्जिलिङबाट काठमाडौँ आएकी थिइन् । 'अरुणा लामा स्वर्णिम साँझ' अघि अरुणा दिदी र सीताराम दाइको कहिले भेट भएको थिएन । अनि कार्यक्रमपछि पनि उनीहरूको सम्पर्क कहिले भएन । यति हुँदाहुँदै पनि अरुणा दिदीले बाँचुन्जेल 'सीताराम भाइको जय होस्' भनिरहिन् । सीताराम दाइले पनि बोलेको कुरा सबै पुऱ्याउँछन् भन्ने मलाई लाग्ने गर्थ्यो । तर अरुणा दिदीलाई एक लाख रुपियाँ दिन उनी किन चुके, चुके; त्यो बेहोरा मैले बुझ्नै सकिनँ ! त्यसपछि उनले यसबारे कुरा पनि निकालेन् र मैले पनि उनीसमक्ष किचकिच गर्ने मनसाय नै राखिनँ । पछि अरुणा दिदी दिवङ्गत भएपछिचाहिँ सीताराम दाइले मलाई भनेका थिए– 'भाइ मैले अरुणा दिदीलाई एक लाख रुपियाँ दिन्छु भन्दाभन्दै यतिका दिनसम्ममा पनि दिन सकिनँ छु; मलाई अपसोच भयो ।'

# सीताराम दाइ, म र ललिता प्रिन्टर्स : दुःखद घटना

सीताराम प्रज्ञाप्रतिष्ठानको स्थापना भएपछि मैले सीताराम दाइसमक्ष एउटा प्रस्ताव राखेको थिएँ– 'मेरो काम छैन, एउटा सानोतिनो प्रेस राखौँ । म त्यहाँ काम गर्छु । मलाई त्यससम्बन्धी रुचि पनि छ र ज्ञान पनि छ । आफ्नै प्रेस भएपछि हाम्रो संस्थाबाट हामी भनेजस्ता कृतिहरू पनि प्रकाशन गर्न सक्छौँ ।' मेरा कुरा सुनेर सीताराम दाइ दङ्ग परेका थिए । त्यसपछि उनले मलाई सोधेका थिए– 'प्रेस कहाँ राख्ने भाइ ? प्रेसै राख्ने हो भने एउटा जग्गा पनि खोज न त !' अनि म जग्गा खोज्नेतिर लागेँ । सीताराम दाइको वचन पाएपछि त्यस घडी खुसीले मेरा खुट्टा भूइँमा पनि टेकिएका थिएनन् । साँच्चै म प्रेस चलाई आम्दानी गरेर घरव्यवहारलाई पनि सुकिलो बनाउँछु भन्ने मेरो मनमा अनेक भावनाको तरङ्ग बग्न थालेको थियो ।

**विनीता प्रसाई र धर्म पन्तको जग्गा खरिद**

सीताराम दाइको आज्ञाले म जग्गा खोज्नतिर लागेँ । जग्गाका कारोबारीसितको सम्पर्कमा पनि म पुगेँ । जग्गा खोज्दै म चारैतिर मुख सुकाएर हिँड्न थालेँ । तर सीताराम दाइलाई चित्तबुझ्दो जग्गा मैले कहीँकतै पाउन सकिनँ । म त्यसै फेरोमा रुमल्लिएकै बखत धर्म पन्त र विनीता प्रसाई मेरा घरमा आएका थिए । विनीता भन्नु मेरा अन्तरे बुबा इन्द्रप्रसाद प्रसाईकी छोरी र धर्म ज्वाइँ हुन् । अझै

अहिलेको चल्ती भाषामा भन्दा उनीहरू मेरा दाजु चरणकुमार प्रसाईका बहिनीज्वाइँ हुन् ।

मेरा बहिनीज्वाइँ विनीता र धर्म जापानमा थिए । त्यहाँ पैसा कमाएर उनीहरूले अनामनगरमा पनि झन्नै एक रोपनीजति जग्गा जोडेका रहेछन् । हामीमाझको कुरैकुरामा नवस्थापित सीताराम प्रज्ञाप्रतिष्ठानको कुरा पनि निस्केको थियो । त्यसै बेला मैले प्रेस खोल्नेबारे उनीहरूलाई जानकारी दिएको थिएँ । अनि त्यसै सन्दर्भमा मैले जग्गा खोज्दै छु भनेको थिएँ । त्यस बेला उनीहरू पनि जग्गाको ग्राहक खोज्दै हिँडिरहेका रहेछन् ।

बहिनीज्वाइँ र मेरा कुरा भूइँमा खस्न थालेपछि मलाई 'के खोज्छस् कानो आँखा' भइहाल्यो । अनि मैले उनीहरूसित त्यहींको त्यही जग्गाको कुरा गर्न थालेँ । हामीमाझ कुरा मिल्न थालेपछि त्यति बेलै उनीहरूकै सामुन्ने मैले सीताराम दाइलाई फोन गरेँ । उनले मलाई 'यथोचित दाम मिलाएर तिमी कुरा छिनिहाल भाइ' भनेका थिए । त्यसपछि म झनै खुसी भएँ । अनि बहिनीज्वाइँसित मैले जग्गाको भाउ मिलाउन थालेँ । उनीहरूले जग्गाको मोल बयालिस लाख रुपियाँसम्म हात पऱ्यो भने दिने भनेका थिए । मैले बहिनीज्वाइँसित राफसाफ भनेँ– 'यो ठाउँबाट मेरो जीवन बन्ने र धेरै नै उपलब्धि हुन्छ जस्तो छ । त्यसैले तीस लाखमा दिनु नि ! त्यसो भए सीताराम दाइलाई किन्ने पार्न सक्छु' भनेर मैले बहिनीज्वाइँलाई हात जोडेर अनुनय विनय नै गरेँ । त्यसपछि धर्म ज्वाइँ बोलेका थिए– 'आआफ्नामा के भयो त ! अब के बार्गेनिङ गर्नु र पैँतिस लाख पुऱ्याइदिनु नि त दाइ ।' अनि मैले 'ल बत्तिस लाख ओके भयो, अब यसबारे थप विमर्श नगरौँ र हामी जग्गा पास गर्ने कामतिर लागौँ' भनेको थिएँ । धर्म ज्वाइँ र विनीता बहिनी मेरा आज्ञाकारीका नमुनै थिए । उनीहरूलाई पनि जग्गा बेच्न हतारै परेको रहेछ । त्यसैले हामीमाझ बत्तिस लाखमा नै जग्गाको

इमानजमान भएको थियो । त्यो जग्गा पास गर्नेबित्तिकै उनीहरू फेरि जापान जाने सुरसारमा थिए ।

अनामनगरमा भरखर बाटो बन्दै थियो । तर त्यति बेला त्यहाँ पिचको सुरसारै थिएन । सिंहदरबारको पूर्वी मूलढोकाकै ठीक सामुन्ने सडकैमा टाँसिएको त्यो जग्गा मलाई मात्र होइन सीताराम दाइलाई पनि साह्रै मन परेको थियो । अनि उनले मलाई धन्यवाद दिँदै त्यो जग्गा आफ्नै नाउँमा पास गरेका थिए । जग्गा पास गरेपछि सीताराम दाइले खुसी हुँदै मलाई भनेका थिए– 'यतिका दाम घटाएर यतिको राम्रो ठाउँको जग्गा कसरी लिन सक्यौँ, भाइ ! तिमीलाई मैले व्यापारमा पनि मानेँ है, नरेन्द्र !'

**ललिता प्रिन्टर्समा मेरो हिस्सा**

सीताराम दाइले जग्गा पास गरेकै दिन त्यहीँको चार आना जग्गाचाहिँ 'ललिता प्रिन्टर्स'का नाउँमा पनि पास गराएका थिए । त्यति बेला सीताराम दाइले मलाई भनेका थिए– 'ललिता प्रिन्टर्स' तिम्रै कारणले स्थापना गरेँ । ललितेको नाउँ राख्ने मलाई फुट्टीकौडी मनै थिएन, तिमीले नै जोड गरिहाल्यौ । काम गर्ने तिमी नै हौ भन्ने विचारले मैले तिम्रो वचन मानेको पनि हुँ । अब ललिता प्रिन्टर्स, चार आना जग्गा र त्यसमा बन्ने घरमा तिम्रो पच्चिस प्रतिशत सेयर राखिदिन्छु । तिम्रो इमानदारीको मलाई नाफा खान मन लागेन, भाइ !' त्यति बेला दाइलाई मैले उत्तर दिएको थिएँ– 'मलाई काम गरेको आधारमा पारिश्रमिक दिनुहोला, म सेयरचाहिँ लिन्न । म आफ्नै बुबाको अंश नलिने मान्छे परेँ । हाम्रो अंशबन्डा गरेका दिन भतिज भीष्म पनि चन्द्रगढीको अड्डामा नै थिए । उनलाई पनि मैले अंश नलिएको बेहोरा थाहै छ । म पैतृक सम्पत्ति नलिएका मान्छेलाई हजुरको सम्पत्तिको हिस्सा लिन मेरो आत्माले मान्दैन ।' मेरा कुरा सुनेर सीताराम दाइ फेरि बोलेका थिए– 'तिम्रा नाउँमा पनि जमिन र प्रेसको मैले हिस्सा राखेँ भाइ ! मैले तिमीलाई सेयर दिएँ र तिमी

कम्पनीको बोर्डसदस्य र महाप्रबन्धक पनि हुनुपर्छ । म तिमीलाई राम्रो पारिश्रमिक पनि दिन्छु ।' त्यसपछि सीताराम दाइकै करबलले प्रेसमा मेरा भागमा पच्चिस प्रतिशत सेयर आएको थियो । साँच्चै हो, त्यतिखेरको सीताराम दाइका शब्दशब्दले मेरो छाती हर्षले फुटेको थियो र आँखा रसाएका थिए । वास्तवमा मेरा सहोदर दाजुभाइहरूले पनि 'म अंश लिन्न' भन्दा त्यसरी करबल गरेर 'तैँले पैतृक सम्पत्ति लिनै पर्छ' भनेको मलाई थाहा थिएन ।

सीताराम दाइले बिनासर्त मलाई 'ललिता प्रिन्टर्स'को सेयरवाला बनाएका थिए । अनि म प्रेसको महाप्रबन्धक भएपछि मेरा मनमा धेरै कुरा खेल्न थालेको थियो । सीताराम दाइको उदारताको मैले मनमनै कृतज्ञता ज्ञापन गर्नेबाहेक मसित त्यस बखत अरू सामर्थ्य पनि थिएन । त्यति बेला मेरा दाजु मात्र होइनन् मलाई त उनी मेरा पूर्वजन्मका बुबाजस्तै पनि लाग्न थालेको थियो । हुन त म सात वर्षको हुँदै मेरा बुबाले हामीलाई यस धराधाममा छाडिसकेका थिए । मैले बुबाको स्नेह पनि त्यति राम्ररी ख्याल गर्न पाएको थिइनँ । त्यसैले सीताराम दाइप्रति मेरो मनले भक्तिभावना जनाइरह्यो । उनले मलाई सम्पत्ति दिए भनेर उनीसित म खुसी भएको थिइनँ । उनले मलाई माया गरेर मेरो भविष्यलाई सुरक्षित राख्ने काम गरेको बेहोरा बुझेर उनीप्रति म अति नै कृतार्थ भएको थिएँ ।

**ललिता प्रिन्टर्समा मेरो फ्ल्याटको निर्माण**

ललिता प्रिन्टर्सको नक्सा इन्जिनियर एमपी दुवाडीले बनाएका थिए । सीताराम दाइका प्राय: घरहरूका नक्सा उनैले बनाएका रहेछन् । उनी मान्छे पनि साह्रै भद्र, शालीन र सरल थिए । त्यसै घडी मैले उनलाई चिनेको थिएँ । त्यस बेला उनले 'ललिता प्रिन्टर्स'को चार तलाको नक्सा बनाएका थिए । त्यसमध्ये भूइँतलामा प्रेस राख्ने, अर्को तलामा कार्यालय राख्ने, तेस्रो तलामा दुई फ्ल्याट गरिएको थियो । त्यस दुई भागमा बीचमा तीन फुटको प्यासेज राखिएको

थियो । उत्तरपट्टि राजनारायण प्रधानको फ्ल्याट र दक्षिणपट्टि मेरो फ्ल्याट छुट्ट्याइएको थियो । त्यो नक्सा हेरेपछि फेरि पनि मेरो मनको बाँध खुसीले फुटेको थियो । मेरा बुबाकै रूप भएर सीताराम दाइ त्यतिखेर प्रस्तुत भएको मैले थप अनुभूत गरिरहेकै थिएँ ।

'ए भाइ ! अब तिमी प्रेसको घर बनाउनतिर लाग । घर बनिसकेपछि तिमी यतै सर्नू, राजनारायण सरलाई पनि यतै ल्याउनू ! उता तिम्रो घर भाडामा दिनू !' सीताराम दाइका संवादले म झन् छक्कै परिरहें । साँच्चै त्यस बेला खुसी धेरै भएर म आत्तिएको थिएँ । जीवनमा सीताराम दाइजस्तो मान्छे पनि पाएँ भनेर पृथ्वीभरिका देवीदेउताउपर मैले कृतज्ञता ज्ञापन गरिरहें ।

नक्सा पास गरेपछि म नेपाली भाषासाहित्यका समालोचक प्रा.जगन्नाथ त्रिपाठीका डेरा ज्ञानेश्वरमा पुगें । त्रिपाठी गुरु शालीन, सरल र सौम्य थिए । उनी मृदुभाषी, बौद्धिक र मानवतावादी पनि त्यस्तै थिए । उनी राम्रा ज्योतिषी र वास्तुविद् पनि थिए । म आफ्नो र अरूका कुण्डली पनि त्रिपाठी गुरुलाई नै प्राय: देखाउने गर्थें । सुधा त्रिपाठीका बुबा भनेपछि गुरुप्रति मेरो थप सम्मान पनि चुलिएकै थियो । गुरु साहित्यकार, सुधा साहित्यकार र म पनि साहित्यकार भएपछि झन् हाम्रो सम्बन्ध गाढा नै भएको थियो ।

'ए बाबू ! अहिले घर बनाउन हतार नगरौँ । केही समय पर्खौं । अहिले घरको जग खन्ने साइत छैन । अन्धशुल्कका समयमा नयाँ र यति ठूलो काम गर्न हुँदैन ।' गुरुले जग खन्ने साइत छैन भनेपछि म यो कुरा बोकेर सीताराम दाइकोमा पुगें । गुरुका सबै कुरा ब्यक्त्याएपछि दाइले मलाई भनेका थिए– 'किन साइत जुर्दैन ? बाहुनले जसरी पनि साइत निकालिहाल्छन्, भाइ ! मिलाएर एउटा साइत निकाल भन न !' त्यसपछि म फेरि गुरुका डेरा पुगें । गुरुले 'जबरजस्ती नगरौँ' भनेपछि मैले गुरुसित अनुनय गरेर भनें– 'एउटा साइत निकाल्नै पऱ्यो गुरुदेव ।' गुरुले पनि जबरजस्तीको एउटा

साइत निकालेर मलाई भनेका थिए– 'साइतै जुरेको त मानिँदैन है बाबू, ख्याल गर्नु है !'

ललिता प्रिन्टर्सको जग खनियो, एक जना बाहुन पनि पढाइयो र म नै कर्ता भएर मैले पूजा पनि लगाएँ । त्यस दिन पनि मेरो मन भूवाजस्तै उड्दै थियो र म खुसीयालीको पिङ मच्याइरहेको थिएँ । त्यस बेलाको मेरो खुसी देखाउने एउटै मान्छे थियो– मेरो छोरो कञ्चनजङ्घा ! त्यति बेला ऊ एघार वर्षको थियो । घर बन्न थालेपछि ऊ पनि साह्रै खुसी थियो । ऊ दिनदिनै त्यहाँ जान्थ्यो र उसका साथीहरूलाई 'यो पनि हाम्रो घर हो' भन्थ्यो ।

**माथुरको जालोभित्र सीताराम दाइको प्रवेश**

ललिता प्रिन्टर्सको भव्य घर बन्न थालेको थियो । त्यसैबीच सीताराम दाइ र म प्रेस किन्ने अभिप्रायमा सक्रिय भएका थियौँ । अनि हामी नारायणहिटीको मन्दिरअगाडि चेक मेसिनको नेपालको दलाल जे.माथुर भन्नेका कार्यालयमा गएका थियौँ । सीताराम दाइलाई प्रेसको फुट्टीकौडी ज्ञान थिएन, मेरा पारामा लागेर उनले करोडौँको सम्पत्ति त्यसै ठाउँमा लगाउने निर्णय गरिसकेकै थिए । म पनि प्रेस चलाउने पूरै जोसमा थिएँ । सीताराम दाइलाई म बराबर भन्थेँ– 'पाँच वर्षमा म हजुरको प्रेसको साउँ उठाइदिन्छु । जग्गाको भाउ त आफैँ बढिरहन्छ ।' मेरा कुरा सुनेर दाइ पनि ज्यादै उत्साहित थिए ।

सीताराम दाइ र म माथुरका कार्यालयमा थियौँ । माथुरलाई प्रेस राख्ने ढाँचा म बताउँदै थिएँ । १९ बाई २५ इन्चको चलनचल्तीको प्रेसबारे म कुरा गर्दै थिएँ । एउटा मेसिन १९–२५ र अर्को १०–१५ इन्चको प्रेस राख्ने सीताराम दाइसित मेरो केही महिनाअघि नै सहमति भएको पनि थियो ।

मिस्टर माथुरसित हाम्रो कुरा भइरहेको थियो । माथुरलाई नेपाली भाषाको ज्ञान थिएन । त्यसै बेला माथुरले हिन्दीमा बोलेका

थिए– '१९–२५ को भन्दा २०–३० को प्रेस राख्नुभयो भने मालामाल हुन्छ । यस्तो प्रेस नेपालमा धेरै छैन ।' त्यसपछि मैले त्यहीँ सीताराम दाइलाई 'त्यस प्रकारको मेसिन नेपालमा काम लाग्दैन' भनेको थिएँ । अनि उनी मसित केही कडा स्वरमा बोलेका थिए– 'तिमी बोल्छौ ? तिमीलाई कसले बोल्न लगाएको छ ? जस्तो किन्नुपरे पनि म किन्छु, सम्पत्ति मेरो हो ।' अनि फेरि मैले भनेको थिएँ– 'दाइ ! यो २०–३० को मेसिन नेपालमा कामै लाग्दैन । यस्तो मेसिन राख्ने कुनै प्रेस मालिक उस्केकै छैनन् । माथुरले नबिकेको मेसिन हामीलाई भिडाउन खोज्दै छ ।' अनि फेरि सीताराम दाइ बोलेका थिए– 'भाइ पैसा मेरो हो; म भन्दै छु, तिमी चुप लाग ।' त्यस बेला सीताराम दाइ माथुरको चिप्लो बोलीमा फसिसकेका थिए ।

सीताराम दाइ र माथुरको कुरा टुङ्गियो । २०–३० कै प्रेस किन्ने कुराले मेरो छाती भारी भयो । त्यस बखत 'म ताक्छु मुडो बन्चरो ताक्छ घुँडो' भयो । बाटाभरि पनि मलाई सीताराम दाइसित बोल्न त्यति मन लागेन । माथुरको आठ गेजको फलामे जालोमा फसेपछि सीताराम दाइको उम्कने प्रश्नै थिएन ।

अर्को महिनामा २०–३० र १०–१५ इन्चको चेक मेसिन भारतबाट अनामनगरमा आयो । त्यति बेला खुसीले मेरो आँखा रसाएका थिए । कञ्चनजङ्घा पनि अति खुसी थियो । लामो ट्रकमा मेसिन एक रात अनामनगरकै बाटोमा रहेको थियो । भोलिपल्ट र पर्सिपल्ट सारा कुल्लीसमेत भेला पार्ने काम भयो र एउटा क्रेन मेसिनको सहाराले ती मेसिनहरू भूइँमा झारियो । त्यसपछि गल लगाएर दुई दिनमा मेसिनलाई आफ्नो ठाउँमा सुरक्षित पुऱ्याइएको थियो । म पनि कुल्लीहरूसँगसँगै लागेर गल लगाउने गर्थें ।

मेसिन आएपछि हरदात म मेसिनमाथि सुतेको थिएँ । किनभने त्यस बेलासम्म प्रेसको घर राम्ररी बनिसकेको थिएन, झन्नै उदाङ्गो जस्तो नै थियो । राति आगो लगाउँछन् या मेसिनका पार्टपुर्जा हराउला

भन्ने ठानेर मेरो बास ललिता प्रिन्टर्समा नै हुन थालेको थियो । मेसिन प्रेसमा थुपारेको बीसबाइस दिनपछि मात्र चेक इन्जिनियर आएर मेसिन फिट गरेका थिए । प्रेसका झ्यालढोका नबनिन्जेलसम्म रातिराति म तिनै मेसिनमाथि सुत्ने गर्थें । काठका कार्टुनमा भएकाले ती मेसिन प्रेसको एकतलाको पूरै भाग उचाइका थिए । भनौँ ती मेसिनको डब्बा दस फुटका उचाइमा थिए । प्रेसको भूइँतलाको उचाइ भने तेह्र फुटजति थियो । त्यसैले रात परेपछि म तिनै मेसिनमाथि नै चढेर टुक्रुक्कै बस्थेँ र निद्रा लागेपछि सुत्ने गर्थें ।

ललिता प्रिन्टर्स राम्ररी चल्न थालेको थियो । सीताराम दाइको आज्ञानुसार आफ्नो घर भाडामा लगाएर म प्रेसमा नै सर्ने तयारीमा थिएँ । दार्जिलिङबाट प्रभा भाउजूलाई बोलाउन राजनारायण दाइसित पनि मैले आग्रह गरेको थिएँ । त्यतिन्जेलमा एउटा चौथो तलामा सीताराम दाइ एकल रूपमा सरिसकेका थिए । तर त्यस ठाउँमा ललिता भाउजूले टेकेकी थिइनन् । त्यहाँ दाइलाई खाना पकाउने भान्सेदेखि सेवा गर्ने व्यक्तिहरूसमेत थिए । त्यति बेला उनका छोराछोरी भने कालिङ्पोङमा पढ्दै थिए । ललिता भाउजूचाहिँ भाटभटेनीकै घरमा बसेकी थिइन् । अनि जेठी छोरी सिर्जना काठमाडौँ आएका बेला उनी यदाकदा आफ्ना बुबासितै ललिता प्रिन्टर्समा नै पनि बस्ने गर्थिन् ।

●●

ललिता प्रिन्टर्सको प्रेस भूइँतलामा थियो भने मेरो कार्यालय पहिलो तलामा थियो । सीताराम दाइको निर्देशनमा मैले मेरो कार्यकक्ष सानदारकै बनाएको थिएँ । अनि प्रेस पनि मजाले चल्न थालेको थियो । छपाइ गर्ने काममा मलाई भ्याइनभ्याइ नै थियो । प्राविधिकबाहेक मसित एकदुई जना मात्र मेरा सहायक थिए । त्यस बेलासम्म मैले आवश्यक कर्मचारी भर्ना गरिसकेको थिइनँ । राम्रा प्राविधिकको म खोजीमा नै थिएँ । त्यहाँ दामीदामी पाँचवटा कम्प्युटर पनि राखिएका थिए । त्यतिखेर प्रेसदेखि बजारसम्म मेरै प्राय: दौडधुप हुने गर्थ्यो ।

ललिता प्रिन्टर्समा साप्ताहिक र दैनिक पत्रिका नछाप्ने मैले निर्णय गरेको थिएँ । केही दिनपछि सीताराम दाइले मलाई भनेका थिए– 'मेरो भाइ, त्यो गोपाल थपलियाको 'छलफल'चाहिँ हाम्रै प्रेसमा छापौँ न है !' त्यसपछि मैले ललिता प्रिन्टर्समा नै 'छलफल' साप्ताहिक पनि छाप्न थालेको थिएँ । एक दिन गोपाल दाइ भने सीताराम दाइले बिजुली खाएको बेला फेला परेछन् । उनीहरूमाझ केके वादविवाद भयो मलाई थाहा भएन । दिनको एकदुई पटकसम्म पनि भेट्ने उनीहरूको एक हप्तासम्म सम्पर्क नभएपछि मेरा मनमा चिसोचाहिँ पसेकै थियो । वास्तवमा बिजुली खाएपछि सीताराम दाइको प्राय: हप्काइदप्काइ पनि चल्ने नै गर्थ्यो । यसै सन्दर्भमा पछि गोपाल दाइले मलाई भनेका थिए– सीताराम दाइले खाएको बेला उनी सामुन्ने जो पुग्यो त्यो त फस्योफस्यो । खाएपछि मुखमा जे आयो त्यही बोल्ने उनको बानी रहेछ । मलाई पनि उनले तथानाम भन्दै थिए, मैले सुनेको नसुनै गरिदिएँ, तर उनी मान्छे त दानवीरै हुन् है !'

**ललिता प्रिन्टर्ससँग मेरो बिछोड**

सीताराम दाइ र मेरो कुरा भइरहन्थे । हामी कुरा गरेर थाक्तैन थियौँ । प्राय:जसो साँझ भएपछि सीताराम दाइ र म ललिता प्रिन्टर्समा बिजुली खाएर बस्ने गर्थ्यौं । त्यस बेला उनको बसोबास अनामनगरमा नै थियो । मचाहिँ बिहान सीताराम दाइसितै मर्निक वाकमा जान्थेँ र एकडेढ घण्टापछि घर फर्कन्थेँ । अनि खाना खाएर दस बजेतिर म सधैँ ललिता प्रिन्टर्स पुग्थेँ । मेरो घरबाट हिँडेर अनामनगर पुग्न पाँचसात मिनेट लाग्थ्यो । भनौँ, प्रेस र मेरो घरको दूरी पाँच सय मिटरजति थियो ।

एक दिन साँझ परेपछि सीताराम दाइ र म भएर सधैँझैँ बिजुली सर्बत खान थालेका थियौँ । त्यति बेला हाम्रा कुरा सौहार्द रूपमा चलिरहेका थिए । उनका गिलासमा रातो पानी थपिँदो थियो । त्यही कारणले राति एघार बजेदेखि सीताराम दाइको बोली

मउपर निकै कडा हुन थालेको थियो । दसपन्ध्र मिनेट मलाई हप्काइदप्काइ गरेर उनी एकोहोरो बोलिरहेका थिए । त्यसपछि उनीसित मेरो भनाभन हुन थालेको थियो । उनी कडा रूपमा प्रस्तुत भए पनि नरम रूपमा नै जबाफ फर्काउने मेरो रीत थियो । त्यसै बेला उनले मेरो कठालो समाएर घोक्र्याउँदै मलाई भऱ्याङबाट खसाएका थिए । त्यति बेला म आधा तलासम्म पुग्ने गरी बजारिएको थिएँ । तर मलाई चोटपटक भने लागेको थिएन । त्यसपछि झनै साह्रो कराएर उनले मलाई गाली गरिरहे । त्यतिखेरसम्ममा म ओर्लेर तेस्रो तलामा नै पुगिसकेको थिएँ । त्यस बखत भऱ्याङको सिरानमा उभिएर उनले चिच्च्याउँदै मलाई फेरि भनेका थिए– 'तेरिमा बजिया ! तँ मेरो सम्पत्ति खान पछि लागेको होइनस् ? तँ अब यता आइस् भने म तेरो चिन्ता गर्छु ।' अनि राति बाह्र बजेतिर भक्कानिँदै म आफ्नो घरमा आएको थिएँ ।

सीताराम दाइले मलाई घोक्र्याएको भोलिपल्ट बिहानै मैले एउटा वक्तव्य लेखेँ । अनि मैले राष्ट्रिय समाचार समितिमा छाप्न त्यो वक्तव्य राससका सम्पादक लीलासिंह कर्मासमक्ष पुऱ्याएको थिएँ । त्यसै क्रममा 'नरेन्द्रराज प्रसाईबाट सीताराम साहित्यिक प्रतिष्ठान त्याग' भनेर गोरखापत्रमा समाचार प्रकाशित भएको थियो ।

त्यसै हप्ताको शुक्रबार 'नेपालीपत्र' साप्ताहिकमा मैले 'नाता, धन र स्वाभिमान' शीर्षकको एउटा लेख छपाएको थिएँ । मेरो त्यो लेख निक्कै कडा थियो र चर्चित पनि भयो । मेरो त्यो वक्तव्य र लेख पढेपछि सीताराम दाइ झन्नै पन्ध्र दिन लगातार बिजुलीपानीमा डुबेका थिए भन्ने कुरा दाइ राजनारायण प्रधान, गोपाल थपलिया, भाइहरू अनुप थपलिया र मधु आचार्यबाट मैले सुनेको थिएँ । बिजुलीको हकमा सीताराम दाइको बानी कस्तो थियो भने नखाए नखाने नै र खान थालेपछि एकडेढ महिनासम्म पनि लगातार खाइरहने उनको लत थियो ।

सीताराम दाइले मलाई घोक्र्याएपछि उनीसित मेरो बोलचाल बन्द भएको थियो । मेरै कार्यकालमा त्यस वर्षको पुरस्कार घोषणा भएको थियो, तर त्यो साल मेरो हस्ताक्षरबिना सीताराम दाइकै मात्र हस्ताक्षरमा पुरस्कार प्रदान गरिएको थियो । त्यति बेला ज्ञान उदास, डा.हरि शर्मा, यज्ञनिधि दाहाल, अविनाश श्रेष्ठ आदि अच्युतरमण अधिकारीमार्फत सीताराम दाइसमक्ष पुगेका रहेछन् । दाइसमक्ष कुप्रो परेर उनीहरू भन्थे रे– 'नरेन्द्रले जति त काम हामी गरिहाल्छौँ नि ! अच्युतरमणजस्ता मान्छे उपाध्यक्ष हुनुहुन्छ; हजुरले आत्तिनुपर्ने कुरै छैन ।' केही दिनसम्म यो जत्था सीताराम दाइसमक्ष धाइरह्यो रे ! अनि पुरस्कार समारोहका केही दिनपछिको मध्यरातमा बिजुली खाएरै सीताराम दाइ मेरा घरमा आएका थिए । त्यसपछि रुँदै उनले आफ्नो भुल स्विकारेका थिए । साथै मेरो जरा खन्नेहरूको नालीबेली पनि उनैले प्रस्तुत गरेका थिए । त्यो रात सीताराम दाइसँगसँगै लागेर म पनि रोएको थिएँ ।

सीताराम दाइले मलाई धूमधामै माया र विश्वास गर्थे नै ! त्यसैले राति आएर उनले मसित मन खोलेका थिए– 'भाइ जे हुनु भयो, नराम्रो भयो । आखिर तिमी भाइ र म दाइ हुँदै हौँ । मेरा भुलहरूलाई बिर्सिदिऊ, मेरो भाइ ! अब हामी मिलेर काम गरौँ ।' अनि मैले सीताराम दाइलाई प्रत्युत्तर दिएको थिएँ– 'हजुरका कुरा म मान्छु । मलाई हजुरले मर भनिसिन्छ भने म मरि पनि दिन्छु । सबैसबैतिर म दाइकै पछिपछि हुनेछु । सीताराम प्रज्ञाप्रतिष्ठानमा म पहिलेझैँ समर्पित भएरै काम गर्नेछु । तर ललिता प्रिन्टर्समा चाहिँ म काम गर्दिनँ । त्यहाँ मेरो एक पैसा निजी हिस्सा परेको पनि छैन । त्यसैले त्यो पच्चिस प्रतिशत सेयर पनि हजुरले नै फिर्ता लगिस्योस् । त्यसपछि मलाई शान्ति हुनेछ ।'

कानुनी रीत पुऱ्याएर मैले ललिता प्रिन्टर्सको सेयर सीताराम दाइलाई नै फिर्ता गरेको थिएँ । सीताराम दाइले सेयर फिर्ता गर्नै

मानेका थिएनन् । तर त्यो सेयरको धनी हुन मेरो मनले मान्दै मानेन र मैले मेरो परिवारका नाउँमा भएका सम्पूर्ण लेखाजोखा नै फिर्ता गरिदिएको थिएँ । साथै मैले प्रेसमा काम गर्न पनि छाडेको थिएँ । त्यो समाचार रामबाबू दाइ, सीके दाइ, तेजबहादुर दाइ, गणेश दाइ र भीष्म दाइलाई पनि मैले सम्प्रेषण गरेको थिएँ । त्यति बेला उनीहरूले 'तिमीले त्यत्रो दुक्ख गरिसकेकै थियौ, काम छाडे पनि सेयरचाहिँ फिर्ता गर्नु हुँदैन थियो' भनेका थिए । तर मैले उनीहरूलाई सीताराम दाइको महानताको बखान गरिरहें । वास्तवमा सीताराम दाइ महान् थिए । यति हो– त्यस समय मेरो कर्मले साथ नदिएका कारण मेरो शिरमा कालो बादलचाहिँ मडारिएको थियो ।

••

ललिता प्रिन्टर्सको भवन चारतले बनेको थियो । त्यस घरको बिजुली जडानबारे सम्पूर्ण कार्य गर्न मैले दिवस दाहाललाई दिएको थिएँ । उनले एक महिना लगाएर त्यो काम फत्ते गरेका थिए । उनीसित काम गर्ने उनका सहयोगी पनि रातोदिन त्यसैमा लागिपरेका थिए । उनीहरूको कामको ज्याला असी हजार रुपियाँ पुगिसकेको थियो । त्यसै बेला बिजुली खाएको बेला उनले दाहाल भाइलाई कडा शब्दका आडमा गेट आउट गरेका थिए । अनि दाहाल भाइले पाउने ज्याला पनि उनले पाउन सकेका थिएनन् । त्यो पीडा भने अहिलेसम्म मेरा छातीमा छँदै छ । त्यसै गरी डिल्लीबजार चारखालको कुनै फर्निसिङ हाउस (सायद त्यो बाग्मती हुनुपर्छ) बाट पनि मैले दुई तलाका लागि दामीदामी कार्पेट ल्याएर बिछ्याएको थिएँ । सीताराम दाइले के कारणले हो कुन्नि त्यो पनि पैसा तिरेको मैले थाहा पाइनँ । फर्निसिङ हाउसका मान्छे सीताराम दाइका वरिपरि धाइरहेको चाहिँ मलाई थाहा थियो । अरूतिर उनको आर्थिक व्यवहार केकस्तो रह्यो मलाई ज्ञात छैन, किनभने मैले त्यस मामलामा कहिले चासो पनि देखाइनँ । तर ती दुई ठाउँको म नै जमानी थिएँ र त्यतातिरको पैसा नतिरेको व्यथा सधैँ मैले पाल्दै आएँ । त्यस बेहोराले भने मेरो मन

अझै जलेकै छ । दाहाल भाइ घरीघरी बाटोमा भेटिँदा म त्यही नै गुनासो पनि पोख्ने गर्थें । अनि दाहाल भाइ मुख सुकाएर उत्तर दिन्थें– 'यसमा हजुरले चिन्ता नलिनुहोला दाइ ! त्यो रकम सीताराम दाइलाई मैले दान गरेको ठानेको छु ।'

•

अनामनगरको बाटो हिँडेपिच्छे मेरा आँखा ललिता प्रिन्टर्सको त्यो मैले बनाएकै घरमा पुग्छन् । मेरो दिनरातको मिहिनेतको पसिनासमेतले बनेको त्यो ठाउँ देख्ताचाहिँ मेरो मन कुँडिने गर्छ । प्रेस खिया परेपछि सीताराम दाइले प्रेस र सेरोफेरोको सबै नै जग्गा बेचिदिएछन् । त्यसपछि अग्रभागको पिचरोडमा टाँस्सिएको जग्गामा पनि अर्केले घर बनाएछन् । त्यसैले त्यो ठाउँ मेरो एकादेशको कारुणिक दन्त्यकथाजस्तै भएको छ ।

# सीताराम दाइबाट ललिता विसर्जन र भानुमोतीको जन्म

सीताराम दाइले मेरै पहल, परिकल्पना र व्यवस्थापनमा सीताराम प्रज्ञाप्रतिष्ठानको स्थापना गरेका थिए । खास गरेर बहुदलीय व्यवस्था भित्रिएपछि म भुङ्ग्रोभित्रको जिउँदो माछोझैँ भएको थिएँ । त्यस बेला मेरो यात्रा अति कारुणिक उपन्यासजस्तो थियो । त्यति बेला भुङ्ग्रोबाट मलाई जोगाउने वा झिक्ने काम सीताराम दाइले पनि गरेका थिए । वास्तवमा उनले सीताराम साहित्यिक प्रतिष्ठानको स्थापना गरेपछि खोलो समाएर माछा बौरिएझैँ मैले पनि सामाजिक रूपमा सास फेर्न पाएको थिएँ । मैले राजा मानेँ, मैले पञ्चायती व्यवस्था मन पराएँ र म रानी ऐश्वर्यको छेउमा पुगेका कारण बहुदलवादी साहित्यकार हुँ भन्ने केही लोभीपापीहरूले मलाई अनेक लाञ्छना भिराए । अनि तिनैले मलाई अनाहक सक्तो सताउन खोजेका थिए । तर ती सबै, सबै र सबै जना विविध बहानामा क्रमश: मैले गाडेको झन्डाकै छायामा आउन थालेका थिए ।

सीताराम साहित्यिक प्रतिष्ठानमा मेरो कार्य उकालो लागेकै थियो । तर सीताराम दाइको पारिवारिक सङ्घर्षका कारण मेरा योजनाहरूमा तुवाँलो लाग्दै जान थाल्यो, मेरा उद्देश्यहरू भत्कँदै जान थाले र मेरा पाइलाहरूमा ब्रेक लाग्दै जान थाल्यो । त्यसैले मैले जानेजति, भनेजति र चाहेजति काम गर्न नै पाइनँ । तर तीन

वर्षपछि मेरै पहलमा भूपालमानसिंह कार्की प्रज्ञापरिषद्‌को स्थापना भएको थियो । परिणामस्वरूप पछिल्ला दिनमा सीताराम प्रज्ञाप्रतिष्ठानले मलाई जोकड बनाउनबाट जोगाएको थियो । तर महामना जनरल भूपालमानसिंह कार्कीले निर्वाण प्राप्त गरेपछि भूपाल प्रज्ञापरिषद्‌ले पनि नियमित भनेजस्तो काम गर्न सकेन । साथै २०५२ सालमै इन्दिरा र मैले नइ एकेडेमीको पनि अवतरण गरेका थियौँ । यति हो नइ एकेडेमी स्थापना गरिएकाले चाहिँ मैले दीर्घकालीन रूपमा साहित्यिक संस्थामा काम गर्ने मौका पाएको हुँ ।

•

सीताराम दाइ र ललिता भाउजूको दैनिक नै झगडा हुने गरेको भन्ने बेहोरा मलाई थाहै थियो । पारिवारिक र सामाजिक रूपमा उनीहरूलाई इज्जत, बेइज्जतको सवालमा पनि सुरक्षित राख्ने मैले अभिप्राय राखेकै थिएँ । एकातिर सीताराम दाइलाई मैले राखेको प्रस्ताव ‘सीताराम साहित्यिक प्रतिष्ठान’ अति नै मन परेको थियो भने अर्कातिर त्यस संस्थाअन्तर्गत मैले ‘ललिता काव्य पुरस्कार’को पनि परिकल्पना गरेको थिएँ । तर ‘ललिता काव्य पुरस्कार’को तर्जुमा गर्दा सीताराम दाइले नाक खुम्च्याएका थिए । त्यही घडी त्यहीँ छेउमा बसेका डीबी पाण्डेले भनेका थिए– ‘ठीक छ सीताराम ! नरेन्द्रले राम्रै उद्देश्य राखेको होला । यो कुरा पनि जायजै छ । यसलाई तिमीले अन्यथा नलिए पनि होला !’

‘ललिता काव्य पुरस्कार’ चलाउने सीताराम दाइ र मेरो सहमति भएपछि नै मैले सीताराम साहित्यिक प्रतिष्ठानको विधान दर्ता गराएको थिएँ । त्यसपछि मैले कामको पनि थालनी गरेँ । २०४६ साल चैतमा बहुदलीय व्यवस्था आएपछि चैते काङ्ग्रेसले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट सञ्चालित हुने गरेको राष्ट्रिय कविता महोत्सव पनि खारेजीमा पारिदिएका थिए । राजा महेन्द्रको सपना साकार पार्नेहेतु मैले सर्वप्रथम सीताराम साहित्यिक

प्रतिष्ठानबाट २०४९ फागुन २७ गते 'राष्ट्रिय कविता महोत्सव'को आयोजना गरेँ ।

राष्ट्रिय कविता महोत्सवमा ६७५ कविले भाग लिए तापनि 'ललिता काव्य पुरस्कार' पाउनेलगायत ५० जनाले प्रतियोगी बनेर कविता सुनाएका थिए । यति हुँदाहुँदै पनि कालीप्रसाद रिजाल, केदारमान व्यथित, चेतबहादुर कुँवर, रत्नशमशेर थापा, यादव खरेल र वासुदेव त्रिपाठीले अप्रतियोगीका रूपमा आआफ्ना कविता वाचन गरेका थिए । वास्तवमा त्यो बेलाको त्यो साहित्यिक भेलामा निम्तारुहरू टनाटन थिए । कार्यक्रम चेम्बरभवन जमलको सभाकक्षमा भएको थियो । निम्तारुहरूलाई पेटभरि खाजा खुवाउने चलन पनि त्यसै दिनदेखि आरम्भ भएको थियो । त्यहीँ नै जिलेबी, पुरी, तरकारी, अचार र चिया बनाउने व्यवस्था थियो । त्योभन्दाअघि साहित्यिक कार्यक्रमहरूमा प्रायः किस्तीमा फिँजाइएको बिस्कुट र एकएक कप चिया खुवाउने प्रचलन रहँदै आएको थियो । वास्तवमा सीताराम दाइको शारीरिक उचाइ जति ठूलो थियो मन पनि त्यति नै ठूलो थियो । उनको जीवनको सबैभन्दा ठूलो इच्छा आफ्ना सम्पर्कमा आएका मान्छेलाई पेटभरि खुवाउने नै थियो । त्यसैले सीताराम प्रज्ञाप्रतिष्ठान जति चल्यो सानदार रूपले नै चलेको थियो ।

२०५१ सालसम्म पनि जेनतेन गरेर मैले मेरै सम्पादनमा 'ललिता' पत्रिका निकालेको थिए । यसै प्रसङ्गमा सीताराम दाइसित मेरो नराम्ररी झगडा पनि परेको थियो । अनि तेस्रो अङ्कमा मैले सम्पादकबाट मेरो नाउँ नै नराखी 'ललिता' निकालेको थिएँ । त्यसपछि भने सीताराम दाइ मेरा घर आएर कड्केका थिए– 'ललिता' पत्रिका र 'ललिता काव्य पुरस्कार'को नाउँ निक्लिन्छ भने म सीताराम साहित्यिक प्रतिष्ठान नै बन्द गरिदिन्छु ।' अनि मैले 'ललिता' नै बन्द गरिदिएको थिएँ । त्यसपछि सीताराम दाइ, वासुदेव त्रिपाठी र इन्दिरा प्रसाईसँगको सरसल्लाहले मेरो र इन्दिराको सम्पादनमा

'भानुमोती' प्रकाशनमा ल्याउन थालिएको थियो । त्यस बेला संस्थाको नाउँ पनि सीताराम साहित्यिक प्रतिष्ठानबाट सीताराम प्रज्ञाप्रतिष्ठान विधानमा कायम गरिएको थियो । साथै संस्थाको कुलपति सीताराम प्रसाई, सहकुलपति प्रा.डा.वासुदेव त्रिपाठी, उपकुलपति इन्दिरा प्रसाई तथा प्रा.ठाकुर पराजुली, प्रा.घटराज भट्टराई, डा.गार्गी शर्मा, डा.चेतबहादुर कुँवर, लीलासिंह कर्मा र शिव रेग्मी सदस्यहरू तथा म सदस्यसचिव रहेर हामीले विधान संशोधन गरेका थियौँ । त्योभन्दा अघिका उपाध्यक्ष अच्युतरमण अधिकारी र सदस्य डा.हरि शर्माले मेरो अनुपस्थितिमा मलाई पखाल्दै मेरो जरा काट्न खोजेको तथ्यले उनीहरूलाई मैले नवगठित समितिमा पुन: भित्र्याएको थिइनँ । उनीहरूलाई सीताराम दाइले नै पनि 'भस्मासुर' भन्ने गरेका थिए ।

•

सीताराम दाइ र ललिता भाउजूको गृहयुद्धका कारण तीन अङ्कपछि 'ललिता'लाई विसर्जन गर्नुपरेको थियो । त्यसपछि संस्थाले आदिकवि भानुभक्त आचार्य र युवाकवि मोतीराम भट्टका सम्मानमा भानुमोती काव्य महोत्सवको आयोजना गरिरह्यो । अनि सीताराम प्रज्ञाप्रतिष्ठानबाट हरसाल 'भानुमोती' पत्रिका पनि छापिन थाल्यो ।

सीताराम प्रज्ञाप्रतिष्ठानको छविले देशदेशान्तर परिक्रमा गरिरहेको थियो । त्यही कालखण्डमा माओवादीको भातृसङ्गठन वाइसिएलले सीताराम दाइलाई अपहरण गरेको थियो । नेपालमा धेरैले धन कमाए । तर सन्तोषजनक चन्दा नदिनेहरू आक्रमणमा पनि पर्दै गए । त्यही रीतमा सीताराम दाइले पनि धेरै दिनसम्मको दुक्ख पाइ नै रहे । सीताराम दाइलाई वाइसिएलले अपहरण गरेर चौबिस घण्टा लुकाएरै राखेको थियो । भोलिपल्ट उसले सीताराम दाइलाई सिंहदरबार वडा प्रहरी कार्यालयमा बुझाएको थियो । त्यतिखेर सीताराम दाइले मलाई भनेका थिए– 'मलाई फसाइस् भाइ ! मलाई तैँले भड्खालोमा पारिस् ! यदि मैले सीताराम प्रज्ञाप्रतिष्ठान नखोलेको

भए आज मेरो यो हालत हुँदैन थियो । अलिकति केही राम्रो काम गर्न थाल्दा चारैतिरबाट आक्रमण हुने रहेछ । मेरो नाउँ तैँले धेरै चलाइस् र सबैको म आँखी भएँ । अब यो संस्थालाई अगाडि लाने मेरो इच्छा नै रहेन । अब म वाइसिएल मामलाबाट मुक्त भएपछि सर्वप्रथम सीताराम प्रज्ञाप्रतिष्ठान नै खारेज गर्छु, यसलाई म छुँदै छुन्न ।'

'सीताराम प्रज्ञाप्रतिष्ठान बन्द गर्छु' भन्ने सीताराम दाइको संवादले इन्दिरा र म लखतरान भयौँ । तर पनि मैले सीताराम दाइलाई भनेको थिएँ– 'दाजु ! यति विशाल वृक्ष भइसकेको छ यसलाई किन लडाउने र ! वाइसिएलको राप, दाइँ र शक्ति सधैँ त हुँदैन नि !' त्यति बेला सीताराम दाइले मलाई उत्तर दिएका थिए– 'मलाई मेरो नाउँ पुग्यो; मलाई मेरो नाउँको धीत मऱ्यो, अब मलाई नाउँ चाहिएन ।'

# सीताराम प्रज्ञाप्रतिष्ठानको सुखद स्थापना र दुःखद अन्त्य

**(सीताराम दाइले पुल पनि थापे र पुल पनि काटे)**

**सीताराम साहित्यिक प्रतिष्ठानको सुखद स्थापना**

मैले ठूलै उत्साहले सीताराम साहित्यिक प्रतिष्ठानको स्थापना गरेको थिएँ । संस्थाको उत्पति गराउने धन सीताराम दाइको भए तापनि मन मेरै थियो । त्यसको विधान पनि मैले नै बनाएको थिएँ । २०४९ साल भदौ १२ गते मोतीजयन्तीका दिन जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट मैले त्यस संस्थाको दर्ता प्रमाणपत्र लिएको थिएँ । त्यसपछि सीताराम दाइले नबिल बैङ्कमा पैसा पनि राखेका थिए । संस्था स्थापनाको सुरुमा उनले साढे सात लाख रुपियाँ नबिल बैङ्कमा जम्मा गरेका थिए ।

सीताराम दाइ अध्यक्ष र म सदस्यसचिव भएर सुरुका दिनमा हामी दुवै जनाको हस्ताक्षरमा बैङ्क खाता खोलेका थियौँ, तर पछि त्यसको सञ्चालन उनी एक्लैले गर्न थालेका थिए । त्यसैले पछिल्लो समयमा संस्थाको खातामा कति रकम जम्मा भएको थियो भन्ने कुरा मलाई थाहा भएन । त्यति बेला संस्था नवीकरण गर्दा लेखापरीक्षण भनौँ अडिट गर्नुपर्ने र कर कार्यालयमा कर तिरिरहनुपर्ने कानुनी व्यवस्था पनि थिएन । त्यही कारणले नै म संस्थाको आर्थिक कारोबारबाट पूर्णत: टाढै रहेको थिएँ । सीताराम दाइले मलाई भनेअनुसार संस्थामा उनले पचास लाख रुपियाँको अक्षय कोष

पुऱ्याएका थिए । तर त्यो रकम कुन बैङ्कमा कहिले राखिएको थियो भन्नेबारे मैले उनीसित सोधीखोजी नै गरेको थिइनँ ।

सीताराम साहित्यिक प्रतिष्ठानको स्थापना गर्ने क्रममा मलाई दाजुहरू खनूपरुदे 'रामबाबू' प्रसाई, सीके प्रसाई, गणेशबहादुर प्रसाई, राजेश्वर देवकोटा, जनकलाल शर्मा, डा.ईश्वर बराल, डा.तारानाथ शर्मा, ईश्वरवल्लभ, घटराज भट्टराई, डा.गणेश भण्डारी, कृष्ण गौतम, लीलासिंह कर्मा र शिव रेग्मीले आआफ्नो तरिकाको परामर्श दिएको तथ्य पनि मैले भुल्न हुँदैन ।

•

सीताराम साहित्यिक प्रतिष्ठानको स्थापनापछि त्यसबारेको समाचार छाप्ने पत्रपत्रिका तँछाड र मछाडमा नै थिए । त्यस बेहोरालाई मैले यस कृतिको परिशिष्टमा जस्ताको तस्तै राखेको पनि छु । २०४९ सालअगाडि एक जना स्रष्टालाई पचहत्तर हजार रुपियाँ र दुई जना नारी पुरुष स्रष्टालाई जनही पचासपचास हजार रुपियाँको पुरस्कार दिने नेपालमा यही मात्रै संस्था थियो । संस्थामा वासुदेव त्रिपाठी र इन्दिरा प्रसाईको उपस्थिति भएपछिचाहिँ पचहत्तर हजार रुपियाँ राशिको पुरस्कार दुई लाख पचास हजार र पचास पचास हजार रुपियाँ राशिका पुरस्कारलाई एकएक लाख रुपियाँको बनाएका थियौँ

•

संस्था दर्ता भएकै दिन भनौँ, भदौ १२ गतेको साँझ रेडियो नेपाल र नेपाल टेलिभिजनबाट सीताराम साहित्यिक प्रतिष्ठान स्थापना भएको समाचार पनि प्रसारण भएको थियो । त्यसको पर्सिपल्टै अर्थात् भदौ १४ गते पुरुषोत्तम दाहालले रेडियो नेपालको 'घटना र विचार' कार्यक्रममा यसबारे बृहत् प्रकाश पारेका थिए । त्यति बेला 'घटना र विचार' साह्रै चर्चित थियो । त्यो कार्यक्रममा रेडियो नेपालको समाचार सुन्नेजत्तिकै स्रोता हुन्थे । अनि यो कार्यक्रमको आरम्भ या स्थापना दाहालबाटै भएको थियो ।

'घटना र विचार' कार्यक्रममा पुरुषोत्तम दाहालले बोलेका थिए– 'गैरसरकारी स्तरमा ठूलो साहित्यिक पुरस्कार राशि 'सीताराम पुरस्कार' र 'ललिता काव्य पुरस्कार' दिने भनेर सीताराम साहित्यिक प्रतिष्ठानको स्थापना भएको छ । शिक्षासेवी सीताराम प्रसाईको प्रबल इच्छाबमोजिम स्थापना भएको 'सीताराम साहित्यिक प्रतिष्ठान'ले एउटा 'ललिता'नामक साहित्यिक पत्रिकाको पनि नियमित प्रकाशन गर्नेछ ।' त्यसै बेला सीताराम दाइसित दाहालले अन्तर्वार्ता पनि लिएका थिए । त्यति बेला दाइले भनेको यो संवाद रेडियोबाट प्रसारण भएको थियो 'मेरा भाइ नरेन्द्रराज प्रसाईले पनि यसमा मलाई प्रेरणा दिए ।' ('ललिता'– २०४९, पृ.१२८)

'सीताराम साहित्यिक प्रतिष्ठान'को स्थापना भएपछि जनस्तरदेखि राजदरबारसम्म सीताराम प्रसाई र ललिता प्रसाईको सुवास फैलिएकै थियो । एकातिर रानी ऐश्वर्यसितको मेरो श्रद्धापूर्वकको गाढा सम्बन्धका कारण मौसुफबाट संस्थालाई शुभकामना प्राप्त भएको थियो । त्यतिखेरको ऐतिहासिक दस्ताबेज सुरक्षित राख्नेहेतु मैले यहाँ 'ललिता'*को वर्ष १, अङ्क १, २०४९ फागुन लेखिएको (सम्पादकीय प्रस्तुत गरेको छु–

'नेपाली वाङ्मयका क्षेत्रमा सीताराम साहित्यिक प्रतिष्ठान नाउँको एउटा भव्य साहित्यिक मन्दिर देख्न पाउँदा प्रत्येक नेपाली भाषाप्रेमीलाई आत्मविस्मृति हुनु स्वाभाविकै हो । यस्तो विशिष्ट सरस्वती मन्दिरको निर्माण गरेर श्री सीताराम प्रसाईले नेपाली साहित्याकाशमा अत्यन्तै ठूलो योगदान गर्नुभएको छ । आफ्नो सच्चा पौरख, अध्यवसाय र जाँगरले आर्जित धनको केही अंश उहाँले यस्तो पवित्र यज्ञ गरेर ज्यादै उल्लेखनीय, अनुकरणीय र अविस्मरणीय काम गर्नुभएको छ ।

* 'ललिता' पत्रिकाको सम्पादक म नै थिएँ ।

यस प्रतिष्ठानको विधिवत् जन्म २०४९ भदौ १२ गते मोतीजयन्तीका दिन भएको थियो । यसको पहिलो औपचारिक कार्यक्रम भने २०४९ मङ्सिर २० गते राष्ट्रिय कविता महोत्सवका रूपमा एउटा भव्य समारोहका साथ भएको थियो । श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकारबाट प्रथम राष्ट्रिय कविता महोत्सवको सफलताको कामना गरिबक्सी सन्देश पठाइबक्सेबाट हामीलाई हौसला, प्रेरणा र प्रोत्साहन प्राप्त भएको छ ।

प्रथम राष्ट्रिय कविता महोत्सवमा जम्मा ६७५ कविता प्राप्त भएका थिए र तीमध्ये ५० कवितालाई निर्णायक समितिले वाचनका लागि छानेको थियो । यसै सालदेखि प्रतियोगितामा विजयी रचनाकारहरूलाई प्रतिष्ठानले ललिता काव्य पुरस्कारद्वारा सम्मानित गर्ने परम्परा थालेको छ ।

यस प्रतिष्ठानलाई विशुद्ध साहित्यिक मर्यादाबाट परिचालित गर्ने हाम्रो अभिप्राय हो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका भूतपूर्व कुलपति कविवर श्री माधव घिमिरेबाट प्रथम राष्ट्रिय कविता महोत्सवको उद्घाटनका साथ प्रतिष्ठानले आफ्ना यात्राको शुभारम्भ गरेको छ ।

प्रथम राष्ट्रिय कविता महोत्सवका निर्णायक समितिमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति डा.ईश्वर बराल अध्यक्ष, डा.तारानाथ शर्मा सदस्य, श्री मोदनाथ प्रश्रित सदस्य र श्री दैवज्ञराज न्यौपाने विशेष सहयोगी रहनुभएको थियो ।

प्रतिष्ठानको मुखपत्र यस 'ललिता'मा प्रकाशित सम्पूर्ण कविताहरू राष्ट्रिय कविता महोत्सवका लागि स्वीकृत भएका थिए र तीमध्ये केही कविता महोत्सवमा अप्रतियोगी रूपमा समाविष्ट थिए । यहाँ प्रकाशित सबै रचनाहरूका भाषिक शुद्धाशुद्धिका विषयमा डा. ईश्वर बरालबाट यथेष्ट सहयोग पाइएको छ ।

प्रतिष्ठानले यसै वर्षदेखि सीताराम पुरस्कार समर्पित गर्ने घोषणा गरेको छ । आधा शताब्दीदेखि निरन्तर साहित्यसृजनामा समर्पित कविवर श्री केदारमान व्यथितलाई पहिलोपल्ट सीताराम पुरस्कार समर्पित गर्ने सुअवसर प्राप्त भएकामा प्रतिष्ठानलाई ज्यादै खुसी लागेको छ ।'

•••

२०५२ सालमा सीताराम प्रसाईको कुलपतित्वमा प्रा.डा.वासुदेव त्रिपाठी सहकुलपति र इन्दिरा प्रसाई उपकुलपति भएपछि विधान संशोधन गरी यसको नाउँ 'सीताराम प्रज्ञाप्रतिष्ठान' राखिएको थियो ।

'सीताराम प्रज्ञाप्रतिष्ठान'ले आफ्नो कृत्यलाई नियमित, स्तरीय र सानदार रूपमा सञ्चालन गर्दै आएको थियो । 'ललिता' पत्रिका पनि संस्थाको स्थापना कालदेखि लगालग प्रकाशित हुँदै आयो र तीन वर्षसम्म ललिता काव्य पुरस्कार पनि समर्पण भइरहेकै थियो । साथै संस्थाले अरू थप विविध पुरस्कारहरू पनि समर्पण गर्दै आएको थियो ।

**सीताराम प्रज्ञाप्रतिष्ठानको दुःखद अन्त्य**

सीताराम प्रज्ञाप्रतिष्ठान २०४९ सालदेखि सुचारु रूपले चल्दै आएको थियो । यसको योगदानको उचाइ दिनानुदिन बढोत्तरीमा नै थियो । म तन, मन लगाएर यसैमा जोतिएकै थिएँ । भरखर बहुदलीय व्यवस्था आएर चैते काङ्ग्रेस र कम्युनिस्ट स्रष्टाहरूबाट म उपेक्षित भएका बेला मैले त्यो संस्थाको सञ्चालनलाई अवसरका रूपमा पनि ग्रहण गरेको थिएँ ।

संस्थाको नाउँ प्रसिद्धिको शिखरमा पुगेपछि सीताराम दाइलाई २०६० सालदेखि नै विभिन्न खाओवादीले दिनु दुक्ख दिएका थिए । पछिल्ला दिनमा चाहिँ माओवादीको भातृसङ्गठन वाइसिएलले सीताराम दाइलाई दह्रो ऋटारो हानेको थियो । त्यस बेहोराको समाचार नछाप्ने प्रायः पत्रपत्रिका नै थिएनन् भने पनि हुन्छ । यी विविध कारणबाट सीताराम दाइले पनि लत्तो छाड्दै गएका थिए । अन्ततः

२०६२ सालमा सीताराम प्रज्ञाप्रतिष्ठानले औपचारिक बिट मार्नुपरेको थियो । वास्तवमा विविध रङका खाओवादीहरूले धम्क्याउने काम गरेपछि सीताराम दाइले मलाई भनेका थिए– 'अब मलाई काम गर्न नदिने भए भाइ ! सीताराम प्रज्ञाप्रतिष्ठान धेरैको आँखी भयो । चन्दा माग्नेको ताँती बढ्दो छ । चन्दा पनि एकदुई लाख हो र ! पाँच लाख, दस लाख, पन्ध्रबीस लाख घटी माग्दैनन् त ! फेरि एक समूहले मात्र चन्दा मागे हुने नि विभिन्न टुक्रे दललाई चन्दा दिएर साध्य नै नहुने भयो । अब केही समय हाम्रो संस्थालाई ओझेलमा नै पारौँ होला, भाइ !' विविध वितण्डाका कारण सीताराम दाइको भावना समाजसेवामा आफ्नो पौरख थुपार्न अक्षम भयो । त्यसै समयको हाराहारीमा माओवादी दलको वाइसिएलले सीताराम दाइलाई अकल्पनीय रूपमा सताउन थालेको थियो । यसको एउटा घटना यहाँ प्रस्तुत गर्न मैले सान्दर्भिक ठानेको छु–

सीताराम दाइका पहलमा नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्क लिमिटेडको स्थापना भएको थियो । बैङ्कको अध्यक्ष पनि सीतारामा दाइ नै थिए । बैङ्कको समस्याग्रस्त ऋण असुलीको विषयमा वाइसिएलले २०६४ साल जेठ २० गते सीताराम दाइलाई अपहरण गरेको थियो । यसै सम्बन्धमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिक्रिया दिएका थिए– 'अराजक हुने जोकोहीलाई पनि कारबाही गरिनेछ ।' अनि यो कुरा गोरखापत्रले जेठ २२ गते छापेको थियो । साथै सोही दिन नेपाल बैङ्कर्स सङ्घद्वारा सीताराम दाइको अपहरणको आपत्ति जनाइएको कुरा 'नेपाल समाचारपत्र'ले समाचार छापेको थियो– 'कुनै पनि कानुनी राज्यमा विधिको शासनव्यवस्था रहने भएकाले प्रसाईले मुलुकको कानुनी व्यवस्थाको विपरीत हुने गरी कुनै कार्य गरेको वा आरोप लागेको अवस्थामा पनि निजलाई कानुनी प्रावधानअनुसारकै प्रक्रिया पुऱ्याएर उचित कारबाही हुनुपर्नेमा केही व्यक्तिले अनधिकृत रूपमा कानुन आफ्नो हातमा लिई कानुनी

मर्यादाको सीमाबाहिर गई गरेको यस्तो कार्य सदासर्वदा निन्दनीय र अशोभनीय ठहर्दछ ।' साथै अरूहरू थुप्रै पत्रिकामा यसबारेका समाचार छापिएका थिए ।

नेपाल घरेलु तथा साना उद्योग विकास बैङ्कले पनि गोरखापत्रमा जेठ २५ गते विज्ञप्ति छापेको थियो– 'यस बैङ्कका अध्यक्ष श्री सीताराम प्रसाईज्यूलाई बैङ्कको समस्याग्रस्त ऋण असुली सम्बन्धी विशेष निर्णय गर्न सञ्चालक समितिको बैठक मिति २०६४ साल जेठ २० गते ५ बजे राखिएकोमा सोही दिन ४ बजे नै अचानक कार्यालयबाट गैरकानुनी रूपमा मानवअधिकारविपरीत अपहरण गरी अमानवीय व्यवहार एवम् गाली बेइज्जती भएकोमा यस किसिमको निन्दनीय कार्यप्रति यो बैङ्क घोर भार्त्सना गर्दछ ।'

•

सीताराम दाइको बैङ्क काण्डले नेपाल थर्केको थियो । उनले साहित्यिक संस्था स्थापना गर्दा जेजति प्रचार र सम्मान पाएका थिए त्योभन्दा धेरै, धेरै र धेरै उनको बेइज्जत, अपमान र धज्जी उडाउने काम भएको थियो । त्यसपछि उनले सामाजिक काममा हात हाल्न अनकनाउन थालेका थिए । अनि सीताराम प्रज्ञाप्रतिष्ठान भने किशोरवय नपुग्दै खरानीमा रूपान्तर भएको थियो । अन्तत: 'मेरो निरन्तर दस वर्षभन्दा धेरै समयको रगत र पसिनाको केही अर्थ नै पनि भएन' भनेर म अति दु:खितै भएँ । वास्तवमा त्यस घटनाले इन्दिरा र म साह्रै पिरोलिएका थियौँ । यो संस्था खारेज हुने भएको सङ्केत पाएर ललिता भाउजूले चाहिँ काखी बजाएकी थिइन् । अनि त्यस घडी सीताराम दाइले मलाई भनेका थिए– 'भाइ ! तिम्रै कारणले मैले पुल थापेँ र मेरो नाउँ पनि चल्यो । अब मैले पुल काट्ने भएँ ।' उनको त्यस संवादले मेरो छाती छियाछिया भएको थियो ।

# परिशिष्टहरू

**परिशिष्ट– १**

# मेरो रगत र पसिनाको फल

‘सीताराम प्रज्ञाप्रतिष्ठान’ भनेको नरेन्द्रराज प्रसाई हो र नरेन्द्रराज प्रसाई भनेकै ‘सीताराम प्रज्ञाप्रतिष्ठान’ हो भन्ने एउटा समय पनि थियो । हुन पनि हो ‘सीताराम प्रज्ञाप्रतिष्ठान’लाई नेपाली भाषासाहित्यको एउटा नमुना संस्थाका रूपमा प्रस्तुत गर्न म मन, वचन र कर्मले समर्पित थिएँ । एकातिर म धीत मरुन्जेल साहित्यको सेवा गर्न अग्रसर थिएँ भने अर्कातिर मेरा दाजु सीताराम प्रसाईलाई अजर र अमर पार्ने मेरो एउटा तपस्या पनि थियो ।

‘सीताराम प्रज्ञाप्रतिष्ठान’ शिखर आरोहणतिर नै लागेको थियो । यसले एक दशकजति आफ्नो बनोटलाई सक्रियतापूर्वक जनमाऩ प्रस्तुत गर्न सक्यो । अन्तत: एउटा ओजपूर्णको संस्था पनि कसरी सिमखेतमा भासिँदो रहेछ भन्ने प्रमाण सीताराम प्रज्ञाप्रतिष्ठान नै भयो ।

देशमा बहुदलीय व्यवस्था घुसेपछिको फेरोको मेरो एउटा सुन्दर सपना नै ‘सीताराम प्रज्ञाप्रतिष्ठान’ थियो । कालान्तरमा मेरो त्यो सपना पनि सपनामा नै बिलायो । अनि त्यो इतिहासचाहिँ परिशिष्टमार्फत मैले मेरो यस निबन्धसङ्ग्रहमा सुरक्षित राखेको हुँ ।

**• नरेन्द्रराज प्रसाई**

२०८२ साल फागुन ३ गते

**परिशिष्ट– २**

# स्रष्टाका चिठीपत्रहरू

रेडियो नेपाल सुनेर अत्यन्तै खुसी औ गौरवान्वित भएँ कि तिमीले भाइ नरेन्द्रराज प्रसाईको साथ पाएर 'सीताराम साहित्यिक प्रतिष्ठान' खडा गरिदिएछौ, जुन काम यति सराहनीय छ कि सानो मुखले ठूलो कुरो म के गरूँ ! धन धेरैले कमाउँछन् र धनी बन्छन् तर मनका धनी अत्यन्तै थोरै हुन्छन् संसारभरि । प्रारब्ध र परिश्रमले जेजति कमाएका छौ, त्यसको केही अंश यस्तो काममा लगायौ जसले देश र कुलको इज्जत त बढ्छ बढ्छ, तिम्रो पनि अवश्य जयकल्याण हुन्छ ।

**• सीके प्रसाई**

**(देवी बस्ती, बिर्तामोड, झापा)**

भदौ १४, २०४९

••

नेपाली साहित्यको संवर्द्धनका लागि स्थापित सीताराम साहित्यिक प्रतिष्ठान मेरा भाइहरू सीताराम प्रसाई र नरेन्द्रराज प्रसाईको साहित्यिक रुचि र निष्ठाको उपलब्धि हो । नेपाली भाषासाहित्यको श्रीवृद्धिमा यसको महिमा सदैव रहने नै छ । विशेष गरी स्रष्टा र सिर्जनाको सम्मान र अनुसन्धानमा भाइहरूको जोडी र टोलीले देखाउने तत्परता साहित्यिक इतिहासमा उदाहरणीय बनोस् ।

**• गणेशबहादुर प्रसाई**

**(धाइजन, झापा)**

भदौ १५, २०४९

••

नेपाली भाषा तथा साहित्यको विकासमा उल्लेखनीय योगदान गरेर नेपाली साहित्यमा प्रथम पुरुष बन्नुभएकोमा यहाँलाई हार्दिक बधाई छ ।

**• काजी रोशन**

**(अध्यक्ष, धवलागिरि पुरस्कार प्रतिष्ठान, बागलुङ)**

भदौ १८, २०४९

••

भनिन्छ मन हुनेसँग धन हुँदैन, धन हुनेसँग मन हुँदैन । यो भनाइ धेरै हदसम्म साँचो भए तापनि सधैँ सत्यचाहिँ हुँदो रहेनछ भन्ने कुरा यसै साता प्रकाशित समाचारले पुष्टि गरेको छ । 'सीताराम साहित्यिक प्रतिष्ठान'को स्थापना जसका निम्ति सीताराम प्रसाई भन्ने एक व्यक्तिले साढे सात लाख रुपियाँ बैङ्कमा मुद्दती खातामा जम्मा गरिदिएका छन् । त्यसको ब्याजबाट प्रत्येक वर्ष नेपाली साहित्यका साधक वा स्रष्टा एक जनालाई पचहत्तर हजार रुपियाँको पुरस्कार दिइनेछ र प्रत्येक वर्ष राष्ट्रिय कवि सम्मेलनको आयोजना गरी प्रथम, द्वितीय र तृतीय हुने कविहरूलाई क्रमश: दस, सात र तीन हजार रुपियाँसहित 'ललिता काव्य पुरस्कार' प्रदान गरिनेछ ।

**• मदनमणि दीक्षित**

'विरोचन' (समीक्षा)

भदौ १९, २०४९

••

तपाईंले नेपाली साहित्यप्रति अगाध प्रेम राखी 'सीताराम साहित्यिक प्रतिष्ठान'को स्थापना गरेर नेपाली दाताहरूमध्ये उच्च स्थानमा रहनुभएकोमा हार्दिक बधाई टक्र्याएको छु ।

**• सरोज ओली**

**(शनिश्चरे, झापा)**

भदौ २०, २०४९

••

तपाईंले आफ्नो पसिनाको कमाइबाट देशको भाषासाहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याउने दृढता लिनुभएको खबर सुन्न पाउँदा

साह्रै हर्ष लागेको छ । तपाईंले आफ्नो पसिनाको कमाइबाट देशको भाषासाहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याउने दृढता लिनुभएको खबर सुन्न पाउँदा साह्रै हर्ष लागेको छ ।

'सीताराम साहित्यिक प्रतिष्ठान'ले कुनै पनि देशभक्त, विद्वान्, बुद्धिजीवी तथा समाजसेवीको राम्रो साथ र सहयोग पाउनेछ र यसले भविष्यमा देशको भाषासाहित्यको उत्थानका साथै देशभक्ति तथा राष्ट्रियताको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनेछ ।

**• जनकप्रसाद हुमागाईं**

**('शृङ्खला' त्रैमासिक)**

भदौ २३, २०४९

••

श्री सीताराम प्रसाईलाई हार्दिक धन्यवाद चढाउँछु, जसले राष्ट्रको महत्त्वपूर्ण अङ्ग साहित्यकारलाई अभूतपूर्व प्रोत्साहन प्रदान गर्नुभयो । अनि बधाई पनि टक्र्याउँछु धन र मन दुवैको धनी हुनुभएकोमा तथा राष्ट्रिय उत्थानरूपी महायज्ञमा अनुपम उदारतारूपी आहुति अर्पण गर्ने सौभाग्य पाउनुभएकोमा ।

**• खड्गमान सिंह**

('नेपालीपत्र' साप्ताहिक)

(भदौ २६, २०४९

••

नेपाली भाषा र साहित्यका फाँटमा समर्पित स्रष्टाहरूको सम्मान र प्रोत्साहनका निम्ति पुरस्कारको स्थापना गर्नेतर्फ समाजका सम्पन्नहरूमा अभिरुचि बढ्दै जानु खुसीको कुरा हो । यस्ता सकारात्मक कामबाट नेपाली वाङ्मयको विकासमा टेवा पुग्न जाने हुँदा यस्ता प्रयास स्वागतयोग्य नै ठहरिन्छन् । यस सन्दर्भमा 'सीताराम साहित्यिक प्रतिष्ठान'को स्थापनालाई उल्लेख्य घटनाको रूपमा लिइनुपर्दछ । वार्षिक पचहत्तर हजार रुपियाँको 'सीताराम पुरस्कार' र वार्षिक बीस हजार रुपियाँको 'ललिता काव्य पुरस्कार'को व्यवस्था

गर्ने सीताराम प्रसाईजस्ता उदार व्यक्तित्वबाट अरू सम्पन्नहरूले पनि प्रेरणा लिनुपर्दछ । धन पनि हुने र मन पनि हुने व्यक्ति हाम्रो समाजमा बिरलै पाइन्छन् । त्यस्तै बिरलामध्येका सीताराम प्रसाईलाई नेपाली वाङ्मयको सेवाका निम्ति प्रेरित गर्ने साहित्यिक व्यक्तिहरूलाई समेत जस दिन हामीले कञ्जुसी गर्नु हुँदैन ।

**• रोचक घिमिरे**

'रोचकघोचक' (समीक्षा साप्ताहिक)

भदौ २६, २०४९

••

सीताराम प्रसाईले स्थापना गर्नुभएको 'सीताराम साहित्यिक प्रतिष्ठान' र त्यसले प्रदान गर्ने साहित्यिक पुरस्कार अहिलेसम्म जनस्तरमा स्थापित नेपालका साहित्यिक पुरस्कारहरूमध्ये सबैभन्दा ठूलो पुरस्कार हो । यति ठूलो प्राज्ञिक पौरखद्वारा साहित्यिक सेवामा कृतसङ्कल्प सीताराम र ललिताको लाल जोडीलाई हामी सम्पूर्ण साहित्यकारहरूको तर्फबाट हार्दिक बधाई छ ।

**• मोदनाथ प्रश्रित**

**('जनता' साप्ताहिक)**

भदौ ३०, २०४९

••

'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापित भएको समाचार सुनेर मलाई हर्ष लाग्यो । झन् एक समयका मेरा छात्र सीताराम प्रसाईबाट यो शुभकार्य हुन गएकोमा म ज्यादै गर्वित छु । अहिले म आठराईका हाम्रा ती दिनहरू सम्झिरहेको छु ।

आठराई जस्तो गरिब तर ज्यादै चेतनशील ठाउँबाट सहरमा आएर तपाईंले धेरै मिहिनेत गर्नुभयो, व्यापार र उद्योगमा लाग्नुभयो र नेपालका प्रथम पङ्क्तिका उद्योगपतिहरूमा गनिन योग्य हुनुभयो । यो सानो उपलब्धि होइन । धनीहरू धेरै हुन्छन् तर साहित्य र भाषाको उन्नयनको निमित्त आफूले दस नङ्ग्री खियाएर आर्जेको धन

खर्चने व्यक्ति थोरै हुन्छन्, अनि यस्ता थोरै व्यक्ति धन्य र प्रशंसायोग्य हुन्छन् । यिनै थोरै भाग्यमानीहरूमध्ये तपाईं एक हुनुभएको छ ।

**• प्रा.राजनारायण प्रधान**

**(दार्जिलिङ)**

सेप्टेम्बर १५, १९९२

••

'सीताराम साहित्यिक प्रतिष्ठान'को कार्यकलाप र योगदानलाई अन्य निजी क्षेत्रमा स्थापित पुरस्कारसँग दाँजेर हेर्दा निजी क्षेत्रको पुरस्कारको इतिहासमा यस संस्थाले कीर्तिमान र नयाँ इतिहास निर्माण गरेको कुरालाई कसैले नकार्न सक्दैन । यस संस्थामा रहेका व्यक्तिहरूबाट यस संस्थालाई स्वच्छ र बिनाभेदभावपूर्ण सञ्चालन गरिने कुराको स्पष्टवादी जानकारी सुन्दा त सरकारी स्तरको नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानभन्दा सीताराम साहित्यिक प्रतिष्ठान अग्रसर रहेको देखिन्छ । जुनसुकै क्षेत्रमा पनि प्रतिस्पर्धाको खाँचो पर्दछ । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको प्रतिस्पर्धा 'सीताराम साहित्यिक प्रतिष्ठान'ले गर्न सकेमा अवश्य नै राजकीय प्रज्ञाप्रतिष्ठान पनि अहिलेको अनियमिततालाई त्यागेर साहित्यको स्वच्छ उत्थानका निम्ति अग्रसर हुने कुराको आशा गर्न सकिन्छ ।

आफ्नो कुनै निजी स्वार्थबिना विभिन्न सामाजिक क्षेत्रमा सहयोग गर्दै आउनुभएका समाजसेवी सीताराम प्रसाईले देशको भाषासाहित्यको विकासप्रति देखाउनुभएको यस्तो उत्कृष्ट कार्यको जति प्रशंसा गरे पनि थोरै हुन्छ । अहिलेको जमानामा पैसा धेरै जनासँग हुन्छ । पैसा भएर पनि अनुपयुक्त काममा खर्च गर्ने धेरै छन्, राष्ट्रहित र समाज कल्याणमा खर्च गर्ने नगण्य छन् । त्यस्तै नगण्यमध्येका एक हुन् सीताराम प्रसाई ।

**• व्याकुल पाठक**

(**'हिन्दू' दैनिक**)

असोज ५, २०४९

••

‘सीताराम साहित्यिक प्रतिष्ठान’को प्रतिस्थापनरूपी अर्को महान् साहित्यिक कीर्तिस्तम्भ खडा भएको सुसमाचार सुन्न पाउँदा हामीलाई जति प्रसन्न बनाएको छ, यसले मदन पुरस्कार गुठीलाई अऊ बढी प्रसन्न बनायो होला ।

**• बडागुरुज्यू प्रा.अम्बिकाप्रसाद अधिकारी**

**(जगदम्बाश्री तथा मदन पुरस्कार समर्पण समारोहको मन्तव्य)**

असोज १५, २०४९

••

सीताराम साहित्यिक प्रतिष्ठान निजी क्षेत्रमा स्थापित साह्रै महत्त्वपूर्ण, गरिमाशाली र ठूलो संस्था हो । सीताराम प्रसाईले साहित्यको क्षेत्रमा पाइला राखेर बिर्सिनसक्नुको एउटा पुण्य काम गर्नुभएको छ । प्रसाईको यही कुरा नै नेपाली साहित्यको इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ ।

**• कविवर माधव घिमिरे**

**(प्रथम राष्ट्रिय कविता महोत्सवको उद्घाटन भाषण)**

मङ्सिर २०, २०४९

••

उत्साहको साह्रै गतिलो उदाहरण ‘सीताराम साहित्यिक प्रतिष्ठान’को स्थापना र सञ्चालन हो । नेपाली साहित्यको इतिहासमा यो साह्रै ठूलो उपलब्धि हो । यसका मुख्य दाता र संयोजकहरूलाई विशेष धन्यवाद भन्छु । यस प्रतिष्ठानले विशेष किसिमले काम गरोस् र इतिहासमा आएका र आइपर्ने ढाँटाहा र ठगाहा साहित्यिक संस्थाहरूलाई पनि सही मार्गनिर्देशन गरोस् ।

**• गोमा**

**(‘उन्नयन’ त्रैमासिक)**

२०४९ पुस

••

पुरस्कार पाउँदा आफूले गरेको कामलाई समाजले स्वीकृति प्रदान गरेको जस्तो लाग्दो रहेछ । यसअघि पाएका पुरस्कारहरू

जस्तै 'सीताराम पुरस्कार'लाई पनि मैले जनस्तरीय सङ्घसंस्थाहरूबाट मेरा दीर्घकालीन साहित्य सेवालाई जनस्तरमा प्रदान गरिएको प्रतिष्ठाको लालमोहर ठानेको छु ।

'सीताराम पुरस्कार'ले मलाई झन् बढी सारगर्भित लेखनका लागि प्रेरणा प्रदान गरेको छ ।

असल संस्थाले, असल मान्छेले निन्दा र प्रशंसातिर ध्यान दिनु हुँदैन । राजनीतिमा पनि लागिसकेको, साहित्यमा पनि लागिरहेको हुनाले म फूलैफूलको मालाले उठ्न नसक्ने गरी लादिएको पनि छु, कालो झन्डाले पिटिएको पनि छु । त्यस कारण म त भन्छु– 'सीताराम साहित्यिक प्रतिष्ठान'ले निन्दा प्रशंसाबाट कत्ति पनि प्रभावित नभई साहित्य, कला र संस्कृतिको विकासमा लाग्नुपर्छ । साहित्य, कला, संस्कृति भनेको राष्ट्रको दर्पण हो । यस्तो महान् कार्यमा लागेको 'सीताराम साहित्यिक प्रतिष्ठान'ले गन्तव्यबाट कदापि विचलित हुनु हुँदैन ।

**• कविवर केदारमान व्यथित**
**('मधुमास' मासिक)**
पुस २०४९

••

वर्तमान नेपाली साहित्यका लागि सरकारतर्फबाट केही नगरेको अवस्थामा तपाईंले 'सीताराम साहित्यिक प्रतिष्ठान' खोली एउटा ठूलो खाँचोको पूर्ति गरिदिनुभएको छ ।

**• भरत जङ्गम**
**(बानेश्वर, काठमाडौँ)**
माघ १०, २०४९

## परिशिष्ट– ३

# प्राज्ञिक अभिव्यक्तिहरू

## एक उत्प्रेरक व्यक्तित्व

**डा.देवीप्रसाद सुवेदी**

धनवान् मानिसहरू आफ्नो धनको लगानी प्राय: धनकै आर्जन हुने क्षेत्रमा गर्छन् । तर श्री सीताराम प्रसाई एक धनवान् व्यक्ति भएर पनि साहित्य र भाषाजस्तो आर्थिक दृष्टिले अनुत्पादक क्षेत्रमा आर्थिक लगानी गर्न किन अग्रसर हुनुभयो ? भन्ने प्रश्नले मेरो मनलाई कुतकुत्याइरहेकै बेला एक दिन सीतारामजीसँग भेट भयो । माध्यम हुनुहुन्थ्यो– चर्चित युवालेखक नरेन्द्रराज प्रसाई ।

कुरा के थियो भने बितेका एकदुई हप्ता श्री सीताराम प्रसाईको नाम काठमाडौँका अखबारहरूमा निकै चर्चित रह्यो । यस अर्थमा उहाँको विशेष चर्चा गरियो, उहाँले नेपाली भाषा र साहित्यका लागि निजी क्षेत्रबाट दिइने अहिलेसम्मको सबभन्दा ठूलो 'सीताराम पुरस्कार' र 'सीताराम साहित्यिक प्रतिष्ठान'को स्थापना गर्नुभयो । पुरस्कार भनेपछि स्वच्छ हृदयले दिएको सानै भए पनि मूल्यवान् हुन्छ । त्यसमा पनि ठूलो रकमको पुरस्कारको महिमा झन् ठूलो हुनु अस्वाभाविक होइन । प्रत्येक वर्ष कुनै असल साहित्यकारलाई पचहत्तर हजारको पुरस्कार व्यक्तिविशेषबाट दिइनु कम महत्त्वको कुरा

होइन । त्यसमा पनि अरू थुप्रै सानासाना पुरस्कारहरूको स्थापना गरेर श्री सीतारामजीले नेपाली साहित्यको बिरुवालाई अरू मलजल पुऱ्याउनुहुने कुरा अर्को थप उल्लेखनीय विषय बनेको छ । उहाँभन्दा पहिले पनि निजी क्षेत्रमा 'मदन पुरस्कार', 'जगदम्बाश्री पुरस्कार', 'कृष्णमणि पुरस्कार', 'सिद्धिचरण पुरस्कार'जस्ता थुप्रै साहित्यिक पुरस्कारहरू स्थापित भएका हुन् । तर सीतारामजीलाई अरू पुरस्कारहरूको विषयमा विशेष जानकारी रहेनछ भन्ने कुरा उहाँबाटै थाहा भयो– 'मलाई यो पुरस्कार स्थापना गर्नुअघि मैले स्थापना गरेको पुरस्कार नै नेपाली साहित्यिक जगत्को सबभन्दा ठूलो रकमको निजी क्षेत्रको पुरस्कार हो भन्ने कुरा नै थाहा थिएन ।'

'नेपाली साहित्यका समसामयिक गतिविधिहरूका विषयमा प्रसाईजीलाई कत्तिको जानकारी छ त ?'

उहाँको भनाइबाट थाहा भयो उहाँले अहिलेका चर्चित नेपाली साहित्यकारहरूको केही नामहरू मात्र सुन्नुभएको छ । उहाँ भन्नुहुन्छ– 'हो केही पढेको पनि छु तर पहिलेका कविहरूका कविताहरूजस्तै भानुभक्त र लक्ष्मीप्रसादका कविताहरू ।' उहाँ 'मार्ग' कविताका केही पङ्क्तिहरू भन्दै हुनुहुन्छ– 'खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ? आफू मिटाई अरूलाई दिनु जहाँ छ ।'

सम्भवत: अरूको कल्याण गर्नुमा नै आफूलाई सुखी सम्झने महाकवि देवकोटाका यी पङ्क्तिहरूले नै उहाँलाई यस्ता पुरस्कारहरू स्थापना गर्न घचघच्याए ।

'आफूले पनि साहित्यको नाममा कहिलेकाहीँ कलम चलाउनुभएको छ कि ?'

'खास त्यस्तो साहित्य नै भनेर केही लेखेको छैन । तर मनमा लागेको कुराहरू समयसमयमा लेख्छु ।'

'हो, संस्मरणहरू लेख्नुहुन्छ', नरेन्द्रजीले स्पष्ट गर्नुभयो ।

आफूभित्र साहित्य सिर्जनाको ठूलो मुहान नभएर पनि उहाँ साहित्य सिर्जनाको ठूलो उत्प्रेरक व्यक्तित्व बन्नुभएको छ । त्यस उत्प्रेरणाको निम्ति उहाँलाई अवश्य नै कुनै व्यक्ति वा घटनाले अभिप्रेरित गऱ्यो होला । मेरो मनको प्रश्न अभिव्यक्त भएको लगत्तैपछि उहाँको भनाइ थियो–

'मेरा बाबुबाजेहरूमा पनि अरूलाई निचोरेर खाने प्रवृत्ति थिएन । सामाजिक सेवामा धन खर्च गर्ने त्यो गुण मैले आफ्ना बुबा हजुरबुबाबाट सिकेको हुँ । मैले यसअघि पनि आफ्नो व्यक्तिगत धनले अरू विभिन्न सामाजिक संस्थाहरूलाई सहयोग गरेको छु । तर मेरा सबै सहयोगहरूको राम्रो उपयोग भएन । म अझै पनि अरू सामाजिक कार्यहरूमा धन खर्च गर्न चाहन्छु तर त्यसको सदुपयोग हुनुपऱ्यो । यी पुरस्कारहरूको राम्रो सञ्चालनका लागि मेरा सच्चा दिलका भाइ नरेन्द्रलाई मैले जिम्मा लगाएको छु । यसको राम्रो उपयोग होला भन्ने कुरामा म विश्वस्त पनि छु ।'

उहाँले तेह्रथुम जिल्लामा प्राथमिक विद्यालयको स्थापना, तेह्रथुमकै क्याम्पसमा 'भानुलाल हरिलाल पुस्तकालय'को स्थापनालगायत कतिपय विद्यालयहरूका छानाहरू छाउने र विद्यालय भवनहरू बनाउने आदि सामाजिक कार्यमा सहयोग गरेको प्रसङ्ग पनि सुनाउनुभयो ।

सीतारामजीका आर्थिक उदारताका प्रसङ्गहरू सुन्दासुन्दै म फेरि आइपुगेँ हालै स्थापित 'सीताराम साहित्यिक प्रतिष्ठान'का विषयमा । सोधेँ– 'सीताराम साहित्यिक प्रतिष्ठानका विषयमा त पत्रपत्रिकाहरूमा धेरै चर्चापरिचर्चाहरू चलेका छन् । प्रतिष्ठानको तर्फबाट घोषित हुने अरू पुरस्कारहरू पनि छन् कि चर्चामा आएका मात्रै हुन् ?'

'पुरस्कारहरू यति नै हुन् भन्ने छैन । पुरस्कारहरूका क्षेत्रहरू अरू पनि बढ्न सक्छन् । पहिले प्रतिष्ठान बलियो बन्नुपऱ्यो ।'

'पुरस्कारका आधारहरू केके हुन् नि ?'

‘पुरस्कार दिने आधार हो– निष्पक्षता । कुनै पनि विचारका, कुनै पनि विधाका र देशभित्र वा बाहिरका नेपाली भाषा र साहित्यका प्रतिभाहरू पुरस्कृत हुन सक्छन् । पुरस्कार निष्पक्ष रूपमा नै दिइन्छ ।’

कुराका प्रसङ्गमा उहाँले अहिलेको समितिलाई बढाएर १५ जनासम्म बनाइने सम्भावनातिर इङ्गित गर्नुभयो र पुरस्कार अब आउने फागुनदेखि नै दिइने कुराको पनि जानकारी दिनुभयो ।

नेपाली साहित्यकारहरूका लागि प्रेरक र पोषक बन्नुभएका श्री प्रसाईलाई मैले हार्दिक रूपमा धेरैधेरै धन्यवाद दिएँ ।

• ‘युगसंवाद’ साप्ताहिक : असोज ६, २०४९

# अमृतमय भानुको उदय

**डा.तारानाथ शर्मा**

धन हुनेको मन हुँदैन भन्थे, हुँदो रहेछ । धन हुनेको मन नौनी हुँदैन भन्थे, हुँदो रहेछ । धन हुनेको मन नौनी भइहाले पनि ठाउँमा पर्दैन भन्थे, पर्दो रहेछ । तेह्रथुममा जन्मेका सीताराम प्रसाईले तेह्रथुमको नाउँ अमर पार्नुभयो, पूर्वाञ्चलको नाक ठाडो पार्नुभयो र नेपालकै प्रतिष्ठालाई द्विगुणित पार्नुभयो । बसीबसी अर्बौं कमाउनेहरूलाई आफ्ना रगत र पसिनाका थोपाथोपा जम्मा पारेर सुपथ सम्पत्ति जोर्ने उद्यमशील सीताराम प्रसाईले सन्मार्ग देखाउनुभयो, परमार्थको मार्ग देखाउनुभयो, मानवतावादको मार्ग देखाउनुभयो । पैसा सोहोर्नेहरू सोहोरिरहेकै छन्, सुन थुपार्नेहरू थुपारिरहेकै छन् र हीरा सँगाल्नेहरू सँगालिरहेकै छन् तर ती हेरेका हेऱ्यै भए आज, ट्वाल्ल परेका पऱ्यै भए आज र हारेका हाऱ्यै भए आज । उदारमना सीताराम प्रसाईले ती सारालाई परोपकारको बाटो देखाइदिनुभयो । आफ्ना लागि मात्र मरिमेट्ने, आफ्ना नातादारका लागि मात्र फाइँफुइँ गर्ने र आफ्ना भान्जाभान्जीलाई मात्र भरथेग गर्नेहरू यस देशभरि जताततै फैलिएका छन् तर राष्ट्रको साहित्यका लागि, मुलुकको गौरवका लागि र जातिको भविष्यका लागि बलिदान गर्ने, त्याग गर्ने र आफूलाई मेटाएर पनि दान दिने दानवीर कर्ण भने सीताराम प्रसाई नै निक्लनुभयो ।

निजी क्षेत्रमा र जनस्तरमा साहित्यिक प्रतिष्ठानको स्थापना यसरी एक व्यक्तिको उदारताबाट हुनु नेपालकै निम्ति अभूतपूर्व,

चिरस्मरणीय र ऐतिहासिक घटना हो । पर्यटन क्षेत्र र अरू विभिन्न राष्ट्रिय उद्योगमा लागेर देशको समृद्धिमा निरन्तर जुटेका स्वावलम्बी सीताराम प्रसाईको हृदय साहित्यिक रसज्ञताले, सांस्कृतिक सौन्दर्यचेतले र साहित्य स्रष्टाहरूप्रतिका असीम स्नेहले पनि उत्तिकै आह्लादित रहेछ, उत्तिकै आप्लावित रहेछ र उत्तिकै आच्छादित रहेछ ।

निजी पुरस्कार गुठीहरू त छँदै थिए, तर प्रतिष्ठान थिएन । 'सीताराम साहित्यिक प्रतिष्ठान'ले नेपाली साहित्यको अभिवृद्धिका लागि निरन्तर सिर्जना र साधनारत साहित्यकारलाई बर्सेनि आजसम्म दिइनेमा सबैभन्दा ठूलो रकम पुरस्कार प्रदान गरेर सम्मान गर्नुका साथै राष्ट्रव्यापी कविसम्मेलन गर्ने र उत्कृष्ट ठहरिएका कविताहरूमध्ये प्रथम, द्वितीय र तृतीयलाई संस्थापक सीताराम प्रसाईकी धर्मपत्नी श्रीमती ललिता प्रसाईका नाममा 'ललिता काव्य पुरस्कार'द्वारा मर्यादित तुल्याउने उद्देश्य लिएको छ । त्यसका साथै 'ललिता' साहित्यिक पत्रिकाको नियमित प्रकाशन, प्रतिष्ठानको भव्य भवनको निर्माण, विशाल पुस्तकालयको संस्थापन र यी सबै कार्यहरूलाई आधारभूत टेवा दिने अफसेट छापाखानाको समेत व्यवस्था गर्नु 'सीताराम साहित्यिक प्रतिष्ठान'का निकटतम भविष्यका लक्ष्य हुन् । अक्षय कोषमा आवश्यकताअनुरूप रकम थप्दै लगेर यस प्रतिष्ठानलाई नेपाली साहित्यसेवीहरूको सबैभन्दा महत्त्वपूर्ण सम्पर्क र साधनास्थल बनाउने आकाङ्क्षा यसका संस्थापक सीताराम प्रसाईको बुझिन्छ । राजधानीमा सम्म पनि आजसम्म नेपाली साहित्यको सेवामा जीवन अर्पण गर्ने स्रष्टाहरूका लागि न त कुनै पुस्तकालयको राम्रो सुविधा छ, न पुस्तक प्रकाशनको उचित र आकर्षक प्रबन्ध छ र न कुनै भेटघाट, छलफल र सैद्धान्तिक आदानप्रदानको माध्यम नै छ । कुनै समयमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम वा भवानी भिक्षु, बालचन्द्र शर्मा र सोमनाथ सिग्देलजस्ता प्रतिभाहरूको उपस्थितिले शोभायमान र गरिमायुक्त बनाएको प्रज्ञाप्रतिष्ठान आजसम्म

पनि पञ्चायत कालकै ढुसी प्राज्ञ, भुँडी सचिव र उडुस प्रधानपञ्चहरूले भरिएको छ, जसलाई भिक्षुका सम्पर्क समितिहरूले भूत भएर, त्यस बाहिरका साहित्यिक सिर्जनाले वर्तमान भएर र निजी क्षेत्रमा खुलिसकेका र खुल्दै जाने प्रतिष्ठानहरूले भविष्य भएर खिसी गरिरहेका छन् । प्रज्ञाको आसनमा ढसमस्स हुन पाएका भ्यागुताहरू आफैँ जीउ फुलाएर आहाल जमाइरहेका छन् । संसार कहाँ पुगिसक्यो, तर सरकारी प्रज्ञाप्रतिष्ठान च्याउ बूढो भएर त्यसैत्यसै मसान भइरहेको छ ।

साहित्यमर्मज्ञ सीताराम प्रसाईको सेवा नि:स्वार्थ स्नेहको ज्वलन्त नमुना हो । आत्मसन्तुष्टिका लागि गरिने यस्तो योगदान, अमेरिकाको पुलित्जर पुरस्कार जस्तो, नर्वेको नोबेल पुरस्कारजस्तो र भारतको ज्ञानपीठ पुरस्कारजस्तो सर्वप्रशंसित, सर्वस्वीकृत र सर्वसम्मत हुँदो रहेछ, जहाँका राष्ट्रप्रमुखहरू ती पुरस्कार वितरण समारोहमा उपस्थित हुन पाउँदासम्म पनि आफूलाई धन्य र गौरवान्वित मान्दा रहेछन् ।

हो, नेपाली लेखक लेखेर जीवन धान्न सक्ने स्थितिमा छैन, उसका पुस्तकहरू उति बिक्दैनन् र बिके पनि प्रकाशकले उसको दोहोरो शोषण गर्दै आएका छन् । एकातिर नेपाल सरकारले साहित्य र भाषालाई उत्पादनमूलक र आयवर्द्धक मानेको छैन र लगानीको उठ्ती नै हुन नसक्ने भनी हेप्दै आएको छ । साहित्य र संस्कृति प्रत्यक्ष रूपले उत्पादनमूलक देखिँदैनन्, तर राष्ट्रको सभ्यता, राष्ट्रको सांस्कृतिकता र राष्ट्रको चेतनाको भने तिनले नै संवर्द्धन गर्छन् । त्यसो हुनाले विकसित मुलुकहरूको केन्द्रीय योजना आयोगमा साहित्यकार, भाषाविद् र संस्कृतिज्ञको समुचित प्रतिनिधित्व हुन्छ । हाम्रामा भने साहित्यलाई काम नपाउने लठुवाहरूको गफ, संस्कृतिलाई अल्छेहरूको समयकटनी र भाषालाई सिँगाने केटाकेटीहरूलाई भेला पारेर गोठालो गर्ने गुरुहरूको जिद्दीभन्दा बढी महत्त्व दिइएको छैन । साँच्चै नै हाम्रो देश पुच्छरबिनाका पशुहरूले नै भरिएजस्तो छ ।

मरेर जाँदा आफूसँग केही लान सकिँदैन भनेर हाम्रा पुर्खाहरू पुल बनाउँथे, धर्मशालाहरू ठडचाउँथे र मन्दिरहरूको निर्माण गर्थे । तर आधुनिक कालका टाठाबाठाहरू प्रजातन्त्र ल्याउलान् भनेर आशा गरिएका नेताहरूलाई गाडी दिएर, तिनका राजनीतिक दलहरूलाई चन्दा दिएर र देशभरि भटाभट खुल्न र चल्न थालेका विद्यालयहरूलाई आर्थिक अनुदान दिएर परमार्थ सपार्न लागेका हुन सक्छन्, तर त्यसो गर्दा आत्मसन्तुष्टि नहुन सक्छ किनभने यसरी प्रदान गरिएका चन्दाका आडमा जताततै भ्रष्टता, दुरुपयोग र दुराचारका भस्मासुरहरू दाताहरूलाई नै भस्म पार्न उल्टै फर्केर झम्टिरहेका छन् । यस सतीले सरापेको देशमा अनैतिकता, अधर्म र अनाचार नै फस्टाइरहेका छन् । हाम्रा तालुमा आलु फलेका नेता भनाउँदाहरू यस्तो गरिमायुक्त अनुष्ठानमा आफू सम्मिलित भएर धन्य हुने त कुरै छाडौँ, त्यस विषयका कुरा गर्ने र दातालाई भेट्नेसम्म शिष्टताको पालना गर्न असमर्थ देखिँदा आजको इतिहासका पृष्ठहरू नै काला भइरहेका छन् । यस्ता स्थितिमा भस्मासुरहरूका मुटु धर्काउँदै, बहिरा नेताहरूका कानका जाली च्यात्दै र चपरचण्डाल चाकरीवालाहरूका आँखामा तिरिमिरी झ्याइँ पार्दै तेह्रथुम जिल्लास्थित प्रसिद्ध आठराई इलाकाको भदौरे गाउँमा २००४ साल फागुन २७ गते सुकुमार नेत्र सर्वप्रथम उघारेर यस संसारमा अवतरण हुने सीताराम प्रसाईका मस्तिष्कबाट साहित्यसेवारूपी अमृतमय भानुको उदय भएको छ । यस चेतनाको सूर्यले हाम्रा सारा अस्तित्वमा नि:स्वार्थताका किरणहरू छरेर हाम्रा मन, मुटु र मस्तिष्कका अन्तरकुन्तरमा नै झलमल्ल पारेको छ ।

• 'नेपालीपत्र' साप्ताहिक : असोज ९, २०४९

# जनस्तरको सबभन्दा ठूलो पुरस्कार

**मोदनाथ प्रश्रित**

यस वर्ष श्री सीताराम प्रसाईद्वारा स्थापित 'सीताराम साहित्यिक प्रतिष्ठान' र त्यसद्वारा वाणीका साधकहरूलाई प्रदान गरिने जनस्तरको सबभन्दा ठूलो पुरस्कार प्रबन्ध नेपाली साहित्यको इतिहासमा अत्यन्त महत्त्वपूर्ण घटना हो । साहित्यको समृद्धि र साहित्यकारहरूलाई प्रोत्साहनका निम्ति थालिएको यस मननीय कामलाई गुणग्राही नेपाली जनताले हार्दिक स्वागत गर्नु स्वाभाविक हो । तर दु:खको कुरा, यति राम्रो कामको थालनीलाई कतिपय लेखक पत्रकारहरूले निन्दाको हिलो छ्यापेर केही गर्न चाहनेहरूलाई हतोत्साहित गर्ने आफ्नो दुराशय पोखे । अझ त्यो नकाम 'प्रगतिशील' साहित्य र पत्रकारिताको फाँटबाट हुनु झन् विडम्बनाको विषय रह्‌यो । पैसा कमाएर आफ्नै मोजमस्ती र अपव्ययमा उडाउने सामन्ती परम्परामा आफ्नो आर्जनको एक हिस्साले देशका प्रतिभाहरूलाई प्रेरित गर्न चाहने राम्रो आकाङ्क्षालाई अथवा आफ्नो कमाइको दानले आफ्नो, आफ्ना आमाबाबुको, श्रीमती या छोराछोरीको या आफ्नो कुलको नाम राख्न खोज्नुलाई प्रगतिशील भनिने कलमहरूले कसरी निन्दा गर्न सके, आश्चर्यलाग्दो कुरा छ ।

भनिन्छ, माहुरीले फोहोर ठाउँबाट पनि रस ल्याएर महजस्तो उत्तम वस्तु बनाउँछ भने सर्पले दूध पिए पनि विषै बनाउँछ । दूधलाई

विष बनाउने अभ्यास गर्नेहरूले प्रगतिवादी चिन्तन, विचार, व्यक्ति, संस्था र प्रवृत्तिलाई कसरी अघि बढाउलान् ? हाम्रा लेखक र पत्रकार साथीहरूलाई यस्तो लाजमर्दो काम नगर्न म हार्दिक र विनम्र अनुरोध गर्दछु ।

यसै मङ्सिरको २० गते सीताराम साहित्यिक प्रतिष्ठानद्वारा आयोजित प्रतियोगितात्मक राष्ट्रिय कविता महोत्सव काठमाडौँमा भव्यतासाथ सम्पन्न भयो । देशभर र प्रवासका समेत वयस्क र नवोदित ६७५ जना कविहरू प्रतियोगितामा सहभागी भए । अनेकौँ वरिष्ठ कवि, लेखकहरू, विद्वान्हरू र साहित्यानुरागी व्यक्तिहरूको भव्य उपस्थितिले कविता महोत्सव ज्यादै रमाइलो र वजनदार बनेको थियो ।

यस महत्त्वपूर्ण प्रतियोगी महोत्सवको निर्णायक समितिमा बस्ने सुखद अवसर डा.ईश्वर बराल, डा.तारानाथ शर्मा र मलाई मिल्यो । संस्थापक सीतारामले हामीलाई पटकपटक भन्नुभयो– ‘यस प्रतिष्ठानले कुनै राजनीतिक वा अन्य पूर्वाग्रह र पक्षपात नलिई उत्कृष्ट प्रतिभा र निष्ठावान् साहित्यसाधकहरूलाई प्रेरित र प्रोत्साहित गर्नुपर्छ । लेखकहरूलाई राजनीतिक वा वैचारिक आस्थाको कारणले बिलकुल भेदभाव र पक्षपात गरिनु हुँदैन ।’ निष्पक्ष छनोट होस् भनेर नै होला भिन्नभिन्न रुचि र दृष्टिकोणका लेखकहरूलाई निर्णायक समितिमा बस्न आमन्त्रित गरेको ।

हामीले पक्षपातको गन्ध पनि नआओस् भन्ने भावनासाथ आआफ्नो तर्फबाट उचित मूल्याङ्कन गरी छनोट गरेका छौँ भन्ने लाग्छ । छनोट कत्तिको सुहाउँदो भयो, कविता महोत्सवमा उपस्थित व्यक्तिहरूले मूल्याङ्कन गर्ने नै छन् । यस महोत्सवमा पहिलो, दोस्रो र तेस्रो हुनेलाई क्रमशः दस हजार, सात हजार र तीन हजार र अर्को एउटा एक हजार पाँच सयसहितको प्रोत्साहन पुरस्कार मिल्नेछ ।

यस महोत्सवका कविताहरूले स्पष्टसित के कुरो देखाएका छन् भने चाहे जुनसुकै राजनीतिक विचारको नजिक रहेका कविहरू किन नहोऊन्, तीमध्ये बहुसङ्ख्यकले आफ्ना भावना र आस्थाहरूलाई मुक्त ढङ्गले प्रस्तुत गर्ने प्रयत्न गरेका छन् । नब्बे प्रतिशतभन्दा बढी कविताहरूले सरकार र त्यसका क्रियाकलापप्रति चुनौतीपूर्ण चोर औँला ठडयाएका छन् । सहिद र वीरहरूको त्यत्रो त्यागतपस्याबाट आएको बहुदलीय 'प्रजातान्त्रिक व्यवस्था'का सत्ताधारीहरूले जनताका सपना र आकाङ्क्षाहरू फुलाउनुको सट्टा झन् कुल्चँदै गएको र जनताका दु:खकष्टहरू झन्झन् बढ्दै गएको आक्रोश अधिकांश कविहरूले पोखेका छन् । उत्कृष्ट ठहरिएर पुरस्कृत भएका चार कविताकै केही अंशलाई हेरौँ–

पहिलो पुरस्कार पाउने 'पानी' शीर्षक कविता भन्दछ-

**'पानीलाई सधैँ चिसो र तरल नठान्नू**
**पानीलाई सधैँ सोझो र सरल नठान्नू**
**भित्रसम्म छामी हेर**
**पानीभित्र जहिल्यै पनि आगो बलेको हुन्छ,**
**स्थिरताका विरुद्ध**
**पानीले जहिल्यै पनि विद्रोह बोलेको हुन्छ,**
**क्रान्तिको गीत**
**आगोले भन्दा पानीले बढी ओकलेको छ ।**
**दबिएर बस्न जान्दैन पानी**
**पर्खालमा थुनिएर बस्न मान्दैन पानी ।'**

• कृसु क्षेत्री

हिजो प्रजातन्त्रका चर्का नारा फलाक्नेहरूले आज सत्तामा पुग्नासाथ आफ्नै वाणीविरुद्ध कुकाम गरिरहेको र जनताका आशाहरू कठचाङ्ग्रिएको भाव व्यक्त गर्दै 'एउटा अपाङ्ग वर्तमान' (दोस्रो हुने कविता) भन्दछ–

**'वर्तमानका फलैँचामा**
**हिजो आदर्शको परिभाषा फलाक्नेहरू**
**उज्यालो निचोरेर**

**सोलर हाउसभित्र विचारलाई कैद गरिरहेछन्**
**अर्थात् उज्यालो ब्यूँझन नसकेपछि**
**एउटा अर्को औँसी बस्तीभरि पोतिरहेछन्...**
**हिजो भोलिका सपनामा**
**मनभरि कुँदिएको रहरको जाँतो**
**ऐले पानीघट्टा भएर घुमेन,**
**मेरा छातीका शरद्हरू**
**अहँ वर्तमानमा सयपत्री भएर फक्रेन ।**

• उदय निरौला

प्रजातन्त्रपछि आमाको मुहार झन् बिग्रेको र जनताले भिरालो जीवन भोग्नुपर्दा मूर्छित भएको स्थिति 'आमाभित्र राष्ट्रको खोजी' शीर्षक (तेस्रो हुने) कविता व्यक्त गर्दछ–

**धर्तीमाता तिमीलाई चिनाऊँ आज के भनी ?**
**...चम्कून् भन्थ्यौ सबै तारा आआफ्नै अनुहारमा**
**खियै खिया भए किन्तु हीरा मोती जुहारमा...**
**लाखौँ श्रीखण्डका हाँगा खुर्पाका बिँडझैँ भए**
**...खै त हाम्रो नयाँ मूल्य ? खै पाखुरी कहाँ गए ?**
**...भिरालो जिन्दगी भोग्दा भीरमा लाँकुरीहरू**
**मूर्छा पर्छन्, अलापिन्छन् पीरले बाँसुरीहरू ।'**

• लालगोपाल सुवेदी

प्रोत्साहन पुरस्कार पाउने सुश्री बाबा बस्नेत 'बुबालाई चिठी' कवितामा प्रजातन्त्रले व्यङ्ग्य परिभाषा पाएको विडम्बना पोख्छिन्–

**खै**
**अरू के भनूँ ?**
**तपाईंजस्ता सचेत पिताजीहरूका सन्तानका**
**त्याग र बलिदानले**
**प्रजातन्त्र त आयो यहाँ**
**प्रजातन्त्रको परिभाषा नै**
**महङ्ग्याइँको पराकाष्ठा हो कि भनेझैँ भएको छ ।**

यसरी कविहरूले यथार्थ तथ्यको उद्घाटन गर्न आआफ्नो वाणीलाई निर्भीक रूपले ओकलेर सत्ताधारीहरूलाई खुला चुनौती दिएका छन् । अरू चाकरीदारहरूले फोस्रा प्रशंसाले सत्तालाई सिँगारे

पनि स्वाभिमानी थुप्रै कविहरू त्यो दासता स्विकार्न बिलकुल तयार छैनन् भन्ने स्पष्ट उदाहरण कविहरूले देखाएका छन् ।

•

'सीताराम साहित्यिक प्रतिष्ठान'द्वारा साहित्यको दीर्घ सेवाको सम्झनामा दिइने 'सीताराम पुरस्कार' छ । यो प्रतिवर्ष एक जनालाई दिने व्यवस्था छ र यसपालि उक्त पुरस्कारले वयोवृद्ध कवि केदारमान व्यथितलाई सम्मानित गरिएको छ । प्रतिष्ठानले अरू दुईवटा पुरस्कार, जसमध्ये एउटा महिला लेखिकालाई मात्र दिइनेछ, स्थापना गर्ने लक्ष्य राखेको सुखद कुरा चर्चामा आएको छ ।

सीताराम पुरस्कारद्वारा पहिलो पालि पुरस्कृत हुने कवि व्यथितले कविता महोत्सवमा (अप्रतियोगी रूपले) सुनाएको कविता युवा कविहरूको कविताभन्दा पनि अघि बढेर वर्तमान व्यवस्थाकै शव परीक्षामा सोझिएको थियो । वर्तमान व्यवस्था पनि पञ्चायतको दोस्रो संस्करणभन्दा बढी केही भएन भन्दै कविता बोल्दछ–

**'केही वर्षअघि हाम्रो देशले**
**विमोचन गरेको**
**महाकाव्य**
**नयाँ कृति होइन भन्छन् नि !**
**...बाहिरी आँखालाई मोहित गर्ने क्षमता भएको**
**विमोचित उपर्युक्त ग्रन्थ**
**मात्र द्वितीय संस्करण हो**
**पूर्वप्रकाशित महाकाव्यकै !'**

कविहरूद्वारा यसरी मूल्याङ्कन गरिएको वर्तमान सत्ताधारी गुट र त्यसले प्रजातन्त्रको नाममा चलाएको निरङ्कुशतन्त्री कुशासनलाई इतिहासले कस्तो चित्रको रूपमा अङ्कित गर्ला ? पर्खौं भविष्यलाई ।

यो प्रतिष्ठान नेपाली साहित्य र साहित्यिक प्रतिभाहरूको सम्मानद्वारा देशको गौरव बढाउन निरन्तर क्रियाशील र सफल हुँदै जाओस् भन्ने हार्दिक शुभकामना छ ।

• 'दृष्टि' साप्ताहिक : पुस १, २०४९

# कुलको इज्जत

**सीके प्रसाई**

नवस्थापित 'सीताराम साहित्यिक प्रतिष्ठान'का संस्थापकको व्यक्तिगत जीवनका विषयमा एकदुई पत्रिकामा जुन अप्रिय टीकाटिप्पणी छापियो, ती पनि अन्यत्र कहीँ नदेखिएका र नसुनिएका नयाँ खालका, कौतूहलपूर्ण तथा खेदजनक थिए । आजसम्म कहीँ कतै यो भएको छैन कि दाताले शुद्ध मनले शुभकार्यका लागि आफ्नो पसिनाको कमाइबाट बालबच्चाको मुख मारेर केही दान दिएको छ र निराधार बदनामी पाएको छ । वेदमा एक श्लोक छ, जसको अर्थ हुन्छ– ज्ञान जोबाट, जहाँबाट आओस् लिनुपर्छ र दान लिँदा पनि यो मीमांसा गर्नु मानवोचित हुँदैन कि दाता को छ र कस्तो छ । दानमा पाएको गाईको दाँत नहेर्नू भन्ने उखान पनि छ । दाताको नियत अवश्य हेर्नुपर्छ । यदि नियत शुद्ध पवित्र छ भने यो हेर्नु बुझ्नु पर्दैन कि ऊ के छ, कस्तो छ । संसारमा सायदै कुनै दाता होला (अरू मानिस पनि) जसलाई उधिनेर हेर्दा कुनै न कुनै सानोतिनो त्रुटि नभेटियोस्, अथवा अत्यन्त सानो आकारप्रकार नहोस् । प्याजलाई उधिन्दै जाँदा अन्त्यमा के रहन्छ ? अत्यन्त सानो अंश बाँकी रहन्छ । त्यस्तै मान्छे हुन्छ ।

सेठ रामकृष्ण डालमियाको एक कमजोरी यो थियो कि उहाँका अर्धाङ्गिनीहरू कतिपय थिए र तीमध्ये दुईतीन सुविख्यात विदुषी तथा कलाकारहरू पनि थिए । कनिष्ठतम जीवनसङ्गिनी हुनुहुन्थ्यो–

दिनेशनन्दिनी डालमिया, जो कवयित्री हुनुका साथै कलापारखी पनि हुनुहुन्थ्यो । उहाँका केही काव्यसङ्ग्रहहरू प्रकाशित भएका छन्, जो हिन्दी साहित्यका सम्पदा मानिन्छन् । उहाँकै अनुरोधमा उहाँका पति सेठ डालमियाले कतिपय कोषहरूको स्थापना गर्नुभयो, जसमध्ये एक हो– साहित्यका लागि भारतीय ज्ञानपीठ कोष । यसले प्रतिवर्ष साहित्यमा सर्वोत्कृष्ट रचनाहरूलाई पुरस्कृत एवम् सम्मानित गर्छ । उद्योगपति लाला श्रीरामका पनि साहित्य औ संस्कृतिसम्बन्धी पुरस्कार गुठीहरू छन् । त्यस्तै उद्यमी किर्लोस्कर बन्धुहरूले पनि पुरस्कार राशिहरू छुटचाउनुभएको छ । बिडला र टाटा हाउसले त विभिन्न क्षेत्रका लागि अक्षयकोषको स्थापना गरी नियमित पुरस्कार प्रदान गर्ने गरेका छन्, जुन सर्वत्र प्रशंसित छन् । कार्टुनिस्ट शङ्करको स्मृतिमा पनि बालकलाकारहरूका लागि एक पुरस्कार निधि स्थापित गरिएको छ । हाजी मस्तानले पनि आफ्नो कमाइको एक भाग यस्तो शुभ कार्यमा लगाएका छन् । उद्योगी साराभाइ परिवारको यस क्षेत्रमा ठूलो देन छ । लगभग सबै धर्मग्रन्थहरूले यो सङ्केत दिएका छन् कि सत्पुरुष त्यो हो– जो आफ्नो आर्जनको ठूलो भाग अथवा केही अंश लोकोपकारमा खर्च गर्छ । हिन्दू धर्मग्रन्थहरूको मान्यता छ कि हरेक मान्छेले आफ्नो आर्जनको पाँच भागमा एक भाग लोकहितमा समर्पित गर्नुपर्छ । इस्लामले लाभांशको सात भागमा एक भाग लोकसेवामा लगाउनु भनेको छ, जुन प्रक्रियालाई ‘सरियत’ भनिन्छ । बौद्ध धर्म र क्रिश्चियन धर्ममा पनि दानदातव्यको ठूलो महत्त्व छ । दाता चाहे जोसुकै होस्, धम्मपदअनुसार आदरणीय भ्राता भनिन्छ । उसको कदर गर्नुपर्छ, अनादर गर्नु हुन्न ।

• (‘जनमञ्च’ साप्ताहिक) : पुस २३, २०४९

परिशिष्ट– ४

# सम्पादकीयहरू

• **'नेपाली' त्रैमासिक**

२०१२ सालमा मदन पुरस्कारको घोषणा भएपछि नेपाली भाषा संस्कृतिका क्षेत्रमा अनेकौँ पुरस्कार स्थापना भएका छन् । नेपाली भाषा संस्कृतिका सेवकहरूको सम्मान गर्ने यी सबै पुरस्कार आफैँ पनि सम्मानका पात्र छन् । हामी त्यस्ता सबै पुरस्कार र पुरस्कार संस्थापकहरूको प्रशंसक हौँ । त्यसै लहरमा हालै मात्र उभिन आइपुगेको 'सीताराम साहित्यिक प्रतिष्ठान'को स्वागताभिवादन गर्छौं हामी । निजी स्तरमा स्थापित पुरस्कारहरूमध्ये सबभन्दा ठूलो रकमको भएकाले यो पुरस्कार विशिष्ट प्रकारको हुन पुगेको छ । हामी यसका संस्थापक श्री सीताराम प्रसाई र श्रीमती ललिता प्रसाईलाई साधुवाद र धन्यवाद ज्ञापन गर्दछौँ ।

पूर्णाङ्क १३२, साउन, भदौ, असोज २०४९

•

• **'उन्नयन' त्रैमासिक**

यो वर्ष नेपाली साहित्याकाशमा सीताराम साहित्यिक प्रतिष्ठानको चर्चा, प्रसङ्ग र टिप्पणीले हलचल मच्चेको वर्ष भएको छ । नेपाली वाङ्मयको सेवा गर्न निजी क्षेत्रमा स्थापना भएको यो प्रतिष्ठान सबैभन्दा ठूलो साहित्यिक संस्था हुन गएको

छ । यो प्रतिष्ठानको स्थापनाले नेपाली साहित्यजगत्मा निकै ठूलो प्रेरणा प्रदान गरेको छ ।

शिक्षाक्षेत्रमा महत्त्वपूर्ण योगदान दिँदै आउनुभएका उदार मनका करोडपति सीताराम प्रसाईको प्रबल इच्छाले 'सीताराम साहित्यिक प्रतिष्ठान'को स्थापना भएको हो । एकातिर सरकारी धनबाट परिचालित 'नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान'ले नेपाली भाषाका लागि धेरैथोरै जेजस्तो भए पनि काम गरिरहेको छ भने अर्कातिर सीताराम प्रसाईको व्यक्तिगत खर्चबाट 'सीताराम साहित्यिक प्रतिष्ठान' निजी क्षेत्रमा खोलिएर यो संस्था गरिमाशाली साहित्यिक संस्थाका रूपमा कार्यरत भइरहेको छ ।

यसै प्रतिष्ठानद्वारा आयोजना गरिने विविध कार्यक्रममध्ये प्रत्येक वर्ष एक जना स्रष्टालाई प्रदान गरिने 'सीताराम पुरस्कार' र प्रत्येक वर्ष आयोजना गरिने राष्ट्रिय कविता महोत्सव नै प्रमुख रूपमा देखिएका छन् । नेपाली वाङ्मयको क्षेत्रमा 'सीताराम पुरस्कार' नै सबैभन्दा ठूलो राशिको पुरस्कार हुन गएको छ । साथै काव्यजगत्मा प्रदान गरिने पुरस्कार पनि यसै संस्थाबाट दिइने पुरस्कार नै सबैभन्दा ठूलो राशिको पुरस्कार भएको छ र जुन पुरस्कारको नाउँ 'ललिता काव्य पुरस्कार' हो ।

पैसा त धेरै मान्छेले कमाउँछन् । तर आफूले कमाएको पैसा ठीक ठाउँमा परिचालन गर्न ज्यादै नै थोरै मान्छेले मात्र भाग्य पाएको हुन्छ । आज हाम्रामाझ एउटा अत्यन्तै भाग्यमानी व्यक्तित्वका रूपमा सीताराम प्रसाईज्यू उभिनुभएको छ । उहाँको साहित्यप्रतिको यही योगदान नै नेपाली साहित्य क्षेत्रमा सधैँ प्रज्वलित भइरहनेछ । साथै सीताराम प्रसाईजस्ता दानवीर कर्णको माया र प्रेरणा पाइरह्यो भने नेपाली साहित्यसंसार सधैँ हराभरा, रसिलो र उत्सर्गित रहनेछ ।

नेपाली साहित्यको मन्दिरमा आफ्नो पौरखका केही ढुङ्गा चढाएर सीताराम प्रसाईले एउटा पुण्य काम गर्नुभएको छ । त्यसैले यस्ता उदार मनका मुहान सीताराम प्रसाई आज चारैतिरबाट बधाईका पात्र हुनुभएको छ । साथै उहाँकी धर्मपत्नी ललिता प्रसाई पनि त्यति नै बधाईकी पात्र हुनुभएको छ ।

साउन, भदौ, असोज २०४९

•

**• 'सडक' साप्ताहिक**

सीताराम साहित्यिक प्रतिष्ठानको कार्यकलाप र योगदानलाई अन्य निजी क्षेत्रमा स्थापित पुरस्कारसँग दाँजेर हेर्दा एक नयाँ चुनौती र नयाँ इतिहासको निर्माण गरेको स्पष्ट हुन जान्छ । आज सरकारी स्तरको नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानलाई एक चुनौती र प्रतिस्पर्धा गर्न 'सीताराम साहित्यिक प्रतिष्ठान' अग्रसर रहेको देखिन्छ ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानसँग प्रतिस्पर्धा 'सीताराम साहित्यिक प्रतिष्ठान'ले गर्न सके प्रज्ञाप्रतिष्ठानमा रहेको अनियमितता र अस्वस्थ वातावरणप्रति एक किसिमको चुनौतीको सृजना हुनेछ ।

यसरी साहित्यिक प्रतिष्ठानको स्थापना गरेर आफ्नो निजी स्वार्थबिना देशको संवेदनशील र साहित्यिक गरिमाको एउटा इतिहासलाई जुन साहसका साथ समाजसेवी सीताराम प्रसाईले स्थापना गर्नुभयो, यस उत्कृष्ट कार्यको प्रशंसा जति नै गरे पनि थोरै हुन जान्छ ।

असोज १४, २०४९

•

**• 'नव कविता' त्रैमासिक**

सच्चा राष्ट्रभक्त र इमानदार व्यवसायी मात्र होइन, सीताराम प्रसाई भन्ने व्यक्तित्व समाजसेवी र शिक्षाप्रेमी मात्र पनि होइन,

भानुभक्तले झैँ घाँसीका कुरा सुनेरै नेपाली साहित्यको इतिहासमा मृत्योपरान्त अमरत्व प्राप्त गर्ने पनि होइन– सीताराम प्रसाईले आफ्नो जीवनकालमा नै रगत पसिना सिँचेर आर्जेको सम्पत्तिलाई नेपाली साहित्यको श्रीवृद्धि होस् भन्ने पुनीत अभिप्राय लिई साहित्यिक प्रतिष्ठानको स्थापना गर्नु हाम्रो साहित्यका निम्ति र हाम्रा साहित्यस्रष्टाहरूका निम्ति एउटा अभूतपूर्व पूजनीय सत्कार्य भएको हामीले महसुस गरेका छौँ ।

शरद् २०४९

•

• **‘अभिव्यक्ति’ द्वैमासिक**

विगत केही समययता केही धन र मन दुवैका धनी दानवीरहरूबाट केही उल्लेखनीय साहित्यिक पुरस्कारहरूको स्थापना भएको छ । सीताराम प्रसाईले आफ्नो र आफ्नी धर्मपत्नीको नाममा ‘सीताराम साहित्यिक प्रतिष्ठान’मार्फत दिइने रु. ७५,०००।- को सीताराम पुरस्कार तथा (१०,००० + ७,००० + ३,०००) रु. २०,००० ।- को ललिता काव्य पुरस्कार स्थापना गरेर आफ्नो सम्पत्तिको सदुपयोग गरेका छन् । यी संस्थापकको जय होस् ।

असोज, कात्तिक २०४९

•

• **‘मधुपर्क’ मासिक**

सम्पत्ति आर्जन गर्ने क्षमता भएकाहरूले त्यस क्षमताको उपयोग नगरिदिएका खण्डमा देशमा विकास र समृद्धि भित्रिन पाउन्न । तर सम्पत्तिशालीहरूले सम्पत्ति प्रदर्शनको जथातथा बाटो अपनाइदिन लागे भने अनेक अनर्थ र पिरलोले मानिस र समाजलाई खपिनसक्नु पारिदिन्छ । अत: आर्जन क्षमता राख्नेहरूबाट सम्पत्ति खर्चने सम्यक् प्रणालीको बढी अपेक्षा राखिन्छ, जसबाट समाज अनेक प्रकारसँग लाभान्वित र प्रोत्साहित हुन पाउँछ । यस कुराको एउटा चाखलाग्दो उदाहरण लिएर यस बेला एक नेपाली नाम सार्वजनिक परिचयमा

आएको छ– सीताराम प्रसाई । जन्म : ४४ वर्षपूर्व, स्थान : आठराई, भदौरे, तेह्रथुम ।

गैरसरकारी साहित्यिक सङ्घसंस्थाबाट आजसम्म प्रदान गरिँदै आएको सबभन्दा बढी धनराशिको पुरस्कार 'सीताराम पुरस्कार'को स्थापना सीताराम प्रसाईले गर्नुभएको छ । पुरस्कार रु. पचहत्तर हजारको हुनेछ र बर्सेनि एक त्यस्तो स्रष्टालाई प्रदान गरिनेछ जसको चयन साहित्यिक ज्येष्ठता, योगदान, कृतित्व र निरन्तरता जुनसुकै आधारमा हुनेछ ।

यसबाहेक 'ललिता काव्य पुरस्कार', 'मुक्ति पुरस्कार', 'मैना पुरस्कार' पनि उहाँबाट सञ्चालित हुनेछन् । यी पुरस्कार क्रमश: सीतारामजीका धर्मपत्नी, पिताजी र माताजीका नाममा राखिनेछन् ।

'ललिता काव्य पुरस्कार' बर्सेनि राष्ट्रिय कविता महोत्सवको आयोजना गरी त्यसमा आएका पुरस्कार्य कृतिकारलाई दिइनेछ ।

साहित्यकारहरूका निम्ति आकर्षणको काम 'मुक्ति पुरस्कार' ले गर्नेछ र महिला साहित्यसेविकाहरूको प्रोत्साहन 'मैना पुरस्कार' हुनेछ ।

पुरस्कार स्थापनाका अतिरिक्त पुस्तक पत्रिका प्रकाशनको योजनाबारे पनि प्रसाई अवगत गराउनुहुन्छ । पत्रिकाको नाम 'ललिता' हुनेछ र पुस्तक स्तरीयताका नाताले प्रकाश्य हुनेछन् । तर यस सम्पूर्ण प्रकरणसँग सम्बद्ध यी चर्चित कार्यहरू जुन संस्थाका अङ्गभूत बनेर सञ्चालित हुनेछन्, सञ्चालन गर्ने त्यस मूल संस्थाको नाम चाहिँ रहेको छ : 'सीताराम साहित्यिक प्रतिष्ठान' ।

एउटा सिङ्गो प्रतिष्ठान एक व्यक्तिका सङ्कल्पबाट सञ्चालित हुन गइरहेछ, प्रसङ्गको महत्त्वलाई गहिराइमा पुगेर आत्मसात् गर्नुपर्ने पक्ष यही हो । भनौँ साम्पत्तिक प्रदर्शनको सात्त्विक पक्ष यस्तालाई छोडेर अरू कस्तालाई मान्ने त ?

त्यस्तो संस्था, जो वर्षका पुरस्कार वितरण गरिने निर्दिष्ट दिन पर्खिबस्ने मात्र गर्दैन, न त प्रकाशनविशेषमा मात्र सीमित भइरहेको हुन्छ, वस्तुतः जसले साङ्गोपाङ्ग साहित्यिक गतिविधि र सर्जक संसारलाई नै जागृतस्पन्दित बनाइराखेको हुन्छ, त्यही त 'प्रतिष्ठान' बाट प्रतिष्ठित हुन्छ ।

यस्तो संस्था स्थापना गर्न यहाँ कसरी प्रस्तुत हुनुभयो ? र यहाँको प्रेरक को रह्यो ? भन्ने जस्तो प्रश्न कुनै कर्तृपुरुष (प्रतिष्ठान स्थापकजस्ता)लाई गरिहाल्नुपर्ने होइन । मानिस किन सिर्जना गर्छ वा सृजनोन्मुख हुन्छ भन्नु नै एक प्रकार निरर्थक चेष्टा हुन्छ । किनकि मानिसलाई नै त कुनै स्वतन्त्र वा शाश्वत सृजनधर्मिताले वरण गरेको हुन्छ । हो, यसमा सबै मानिस सबै थोक गर्ने गराउने नियति लिएर आउन्नन् र त्यस्ता बिरलै हुन्छन् जो विशिष्ट वरिष्ठ वा प्रेरक प्रवर्तकको स्थानमा रहेर आफू भएकोलाई साबित गर्छन् ।

तर पनि मानिसविशेषसामु प्रसङ्गले जुराएको प्रश्न गर्ने अवसर उपस्थित भइ नै दिन्छ र यसै अनुरूप प्रसाईजीसमक्ष जिज्ञासा प्रकट गर्दा उहाँको कथनसार हुन्छ– भानुभक्तको आदिकवि हुनुको नियतिलाई जगाइदिने घाँसी प्रसङ्ग र महाकवि देवकोटाको 'मार्ग' कविता (खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ, आफू मिटाई अरूलाई दिनु जहाँ छ) उहाँका प्रवर्तक वा मार्गदर्शन हुन् ।

प्रसाईले मेटाउनुभएको अर्को जिज्ञासा खुबै अर्थपूर्ण छ, जुन प्रतिष्ठानको नामसँग सम्बन्धित छ : सीताराम प्रतिष्ठान नै किन ? उहाँको प्रतिप्रश्न हुन्छ– आफ्नै नाम छँदै छ भने अरू नामको खोजी किन ?

वस्तुतः बिचार्ने कुरा के हो भने त्याग–भोग–उत्सर्ग र आर्जनका सहस्र पक्षमा आरम्भिक होस् वा शिखर तहको, नाम

छोडेर गएका कुनै मानिस सायद नै कसैले आफ्ना कामलाई अनामका काम साबित गरेर गएका छन् ।

फेरि पनि प्रसाईजीको स्पष्टीकरण छ– यो कुनै नाम मात्र कमाउने र प्रतिस्पर्धामा गएर ठूलो राशिको पुरस्कार कहलाउने प्रयास पनि होइन ।

यस पुरस्कारलाई विशुद्ध साहित्यिक एवम् व्यक्ति, समूहविशेष र राजनीतिबाट मुक्त राखी प्रतिष्ठानलाई आरोपरहित बनाउने पक्षमा हामी लागेका छौँ भन्दै उहाँ साहित्यको बारेमा भन्नुहुन्छ– 'साहित्यको कुनै सीमा हुँदैन, कुनै भौगोलिक परिवेश हुँदैन । त्यसैले साहित्यमा कुनै पनि राजनीतिक बुट्टा हाल्नु हुँदैन ।' यी सबभन्दा माथि उठेर सरस्वतीका वरपुत्रहरूलाई सम्मान, सहयोग र प्रोत्साहन गर्ने तीव्र इच्छा गरेको कुरा बताउनुहुने सीताराम प्रसाईसँग प्रतिष्ठान कार्य समितिका बारेमा राखेको जिज्ञासामा उहाँले 'कार्य समितिमा भएका व्यक्तिहरू साहित्यमा योगदान गर्दै आएकाहरू नै समावेश भएका छन्' भन्नुभयो । अनि कसको कुन विचार हुन्छ, त्यो उहाँहरूको वैयक्तिक धारणा हो । कसैको पनि व्यक्तिगत स्वतन्त्रतामाथि कसैले हस्तक्षेप गर्न मिल्दैन । विगतमा बीपी कोइरालालाई राजनीतिक हिसाबले अपमान गरिएको थियो, तर उनको साहित्यिक व्यक्तित्वलाई मर्यादित पारिएको बारे पनि उहाँ उल्लेख गर्नुहुन्छ ।

प्रस्तुत सत्कार्यको सङ्कल्पबीज साहित्य विभूति भानुभक्त, लक्ष्मीप्रसाद जस्ताबाट सङ्गृहीत भइसकेको भए तापनि प्रस्फुटन अवस्थामा बीजलाई पुऱ्याउन आफ्ना तरिकाको मेलापात भर्नेमा भाइ नरेन्द्रराज प्रसाईको नाम उहाँ लिनुहुन्छ (घटना र विचार, रेडियो नेपाल) । अनि राजनीति निरपेक्ष बनेर झन्डै अनाम साधकझैँ साहित्यिक यात्रापथ धाइआएका अच्युतरमण अधिकारीको नामलाई पनि प्रासङ्गिक बनाउन उहाँ सङ्कोच मान्नुहुन्न । यसबाट उहाँको गुणग्राहिता र

आफ्नो धरातल नछोड्ने विनीत कर्तव्यपरायणता नै झल्कन्छ भनेर नि:सङ्कोच भन्न सकिन्छ ।

•

यताका दिनहरूमा भाषा र वाङ्मय फाँटमा केही महत्त्वपूर्ण काम भए । ती काम हुनुको उल्लास, उमङ्गलाई नेपालीहरूले यथायोग्य प्रबल एवम् तीव्र रूपमा अनुभव गरे । ती काम सम्पन्न हुँदाका नेपालीका मनमस्तिष्कमा परेका प्रभावले मानौँ सबै नेपाली एकै भावधारामा उभिएका, एकै धुकधुकीबाट चल्ने एकाइ हुन् भन्ने अनुभूति गराइदियो ।

प्रासङ्गिक विषय वाङ्मय क्षेत्रको, नेपालमा अर्को साहित्यिक प्रज्ञाप्रतिष्ठान थप गर्ने सङ्कल्पसँग सम्बन्धित छ । 'सीताराम साहित्यिक प्रतिष्ठान' संज्ञा लिएर अस्तित्वमा आइरहेको त्यो सरस्वती मन्दिर निर्माणमा अग्रसर सीताराम प्रसाई नामले यसखाले पूर्वनाम 'जगदम्बाकुमारी'को परम्परालाई अरू अगाडि बढाउने मनसुवा राखेको स्पष्ट छ । प्रस्तावित प्रतिष्ठानका अन्तर्गतका अरू प्रक्रिया अघि आउन समय लाग्नेछ र 'सीताराम पुरस्कार'जस्तो आर्थिक नापोले निजी क्षेत्रको सबभन्दा ठूलो साहित्यिक पुरस्कारचाहिँ प्राज्ञिक जगत्का कुनै हातले निश्चित रूपमा समात्ने भइसकेको छ ।

सिङ्गो समाजलाई नै गर्वित पार्ने यस्ता काममा कर्तृपक्षको महत्त्व जुन प्रकार आँकिन्छ, पृष्ठभूमिमा रहेर कार्यसम्पादनका अनुकूलताहरू निर्माण गर्ने प्रेरकहरू पनि यस्ता बेला सम्झनामा आउँछन् ।

वर्ष २५, अङ्क ६, पूर्णाङ्क २८१, कात्तिक २०४९

## परिशिष्ट– ५

# समाचारहरू

काठमाडौँ, भदौ १३ गते । शिक्षाक्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने श्री सीताराम प्रसाईको प्रबल इच्छाबमोजिम नेपाली साहित्य सेवामा समर्पित व्यक्तित्वहरूलाई विभिन्न तरिकाबाट प्रोत्साहन प्रदान गर्नका लागि 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना भएको छ ।

सो प्रतिष्ठानको कार्य सञ्चालनका लागि सीताराम प्रसाईले हाललाई सात लाख पचास हजार रुपियाँ प्रदान गर्नुभएको छ । सो रकम बैङ्कको अक्षयकोषको मुद्दतीमा राखी त्यसबाट आएको ब्याजले प्रतिष्ठानको कार्यक्रम सञ्चालन हुनेछ । जसअनुसार यस प्रतिष्ठानले नेपाली साहित्यका ख्यातिप्राप्त र उल्लेखनीय स्रष्टाहरूमध्ये प्रत्येक वर्ष एक जना स्रष्टालाई पचहत्तर हजार रुपियाँसहितको 'सीताराम पुरस्कार' प्रदान गर्नेछ ।

साथै सीताराम प्रसाईकी धर्मपत्नी ललिता प्रसाईका नाउँमा प्रत्येक वर्ष सो प्रतिष्ठानबाट राष्ट्रिय कविता महोत्सवको आयोजना गरिनेछ र त्यस महोत्सवमा पहिलो, दोस्रो र तेस्रो हुने कविहरूलाई क्रमश: दस हजार रुपियाँ, सात हजार रुपियाँ र तीन हजार रुपियाँ सहितको 'ललिता काव्य पुरस्कार' प्रदान गरिनेछ ।

सीताराम साहित्यिक प्रतिष्ठानको अध्यक्षमा सो प्रतिष्ठानका संस्थापक सीताराम प्रसाई, उपाध्यक्षमा प्रा.अच्युतरमण अधिकारी,

सदस्यसचिवमा साहित्यकार नरेन्द्रराज प्रसाई, कोषाध्यक्षमा शिवराम प्रसाई र सदस्यहरूमा समालोचकद्वय डा.गणेश भण्डारी, शिव रेग्मी र डा.हरि शर्मा रहनुभएको कुरा प्रतिष्ठानले जनाएको छ ।

'सीताराम पुरस्कार' निजी क्षेत्रमा अहिलेसम्मको सबैभन्दा ठूलो रकमको पुरस्कार मानिन्छ । यसै प्रतिष्ठानबाट साहित्यको अभिवृद्धिका लागि विभिन्न साहित्यिक पुस्तकका साथै नियमित रूपले 'ललिता' पत्रिका प्रकाशन गर्ने कुरा पनि बताइएको छ । (रासस)

• 'गोरखापत्र' : भदौ १४, २०४९

सीताराम साहित्यिक प्रतिष्ठानले नेपाली साहित्यका ख्यातिप्राप्त र उल्लेखनीय स्रष्टामध्ये एक जनालाई प्रत्येक वर्ष रु. ७५ हजारको 'सीताराम पुरस्कार' प्रदान गर्ने निर्णय गरेको छ । निजी क्षेत्रमा स्थापित यो अहिलेसम्मको सबैभन्दा ठूलो पुरस्कार हो ।

प्रतिष्ठानले प्रत्येक वर्ष राष्ट्रिय कविता महोत्सवको आयोजना गर्ने कुरा पनि प्रकाशमा ल्याएको छ ।

• 'देशान्तर' साप्ताहिक : भदौ १४, २०४९

समाजसेवी सीताराम प्रसाईको इच्छामा नेपाली साहित्यको सेवामा समर्पित व्यक्तित्वहरूलाई प्रोत्साहन प्रदान गर्नका लागि 'सीताराम साहित्यिक प्रतिष्ठान'नामक संस्था स्थापना भएको छ ।

प्रसाईले प्रतिष्ठानको कार्य सञ्चालनका लागि हाललाई सात लाख पचास हजार रुपियाँको थैली प्रदान गर्नुभएको छ । जसअनुसार प्रतिष्ठानले नेपाली साहित्यका ख्यातिप्राप्त र उल्लेखनीय स्रष्टाहरूमध्ये प्रत्येक वर्ष एक जना स्रष्टालाई पचहत्तर हजार रुपियाँसहितको 'सीताराम पुरस्कार' प्रदान गर्नेछ ।

साथै सीताराम प्रसाईकी धर्मपत्नी ललिता प्रसाईका नाउँमा प्रत्येक वर्ष सो प्रतिष्ठानबाट राष्ट्रिय कविता महोत्सवको आयोजना गरिनेछ र त्यस महोत्सवमा पहिलो, दोस्रो र तेस्रो हुने कविहरूलाई

क्रमश: दस हजार, सात हजार र तीन हजार रुपियाँसहितको 'ललिता काव्य पुरस्कार' प्रदान गरिनेछ । 'सीताराम पुरस्कार' निजी क्षेत्रमा अहिलेसम्मको सबैभन्दा ठूलो रकमको पुरस्कार भएको छ ।

• 'सुरुचि' साप्ताहिक : भदौ १४, २०४९

खास गरी पूर्वाञ्चलको शिक्षाक्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने श्री सीताराम प्रसाईको प्रबल इच्छाले नेपालको निजी क्षेत्रमा सबैभन्दा ठूलो पुरस्कारको स्थापना भएको छ र प्रत्येक वर्ष पुरस्कार प्रदान गर्नुका साथै अन्य विविध साहित्यिक गतिविधि सञ्चालन गर्नेहेतुले हालै राजधानीमा 'सीताराम साहित्यिक प्रतिष्ठान' निर्माण गरिएको छ ।

प्रतिष्ठानले नेपाली साहित्यमा समर्पित, ख्यातिप्राप्त र उल्लेखनीय स्रष्टाहरूमध्ये प्रत्येक वर्ष एक जना विद्वान्लाई पचहत्तर हजार रुपियाँसहितको 'सीताराम पुरस्कार' प्रदान गर्नेछ ।

प्रतिष्ठानले हरेक वर्ष सीताराम प्रसाईकी धर्मपत्नी ललिता प्रसाईका नाउँमा 'राष्ट्रिय कविता महोत्सव'को आयोजना गर्नेछ । त्यस महोत्सवमा पहिलो, दोस्रो र तेस्रो हुने कविहरूलाई दस हजार, सात हजार र तीन हजार रुपियाँसहित 'ललिता काव्य पुरस्कार' प्रदान गर्नेछ ।

सो प्रतिष्ठानले साहित्यको अभिवृद्धिका लागि विभिन्न साहित्यिक पुस्तकको प्रकाशनका साथै नियमित रूपले 'ललिता' पत्रिका प्रकाशन गर्ने कुरा पनि थाहा भएको छ ।

• 'दृष्टि' साप्ताहिक : भदौ १७, २०४९

साहित्य मर्नु भनेको देश मर्नु हो । साहित्यलाई बचाइराख्नु भनेको देश बचाउनु हो । त्यसैले भाषासाहित्यको उत्थानका लागि जीवन समर्पण गर्ने विद्वान् व्यक्तित्वहरूको समाज र राष्ट्रले कदर गर्नुपर्दछ । साहित्यमा समर्पित व्यक्तित्वहरूको सम्मानले राष्ट्रको नै

सम्मान गरेको ठहर्छ । राष्ट्रको सम्मान गर्ने व्यक्ति नै कर्तव्यनिष्ठ नागरिक मानिन्छ । यस्तो व्यक्ति समाज र राष्ट्रमा अमर रहन्छ, त्यस्ता व्यक्तिलाई सन्ततिले पूजा गर्दछन् ।

हालै हाम्रो समाजमा एक पूजनीय व्यक्ति देखा पर्नुभएको छ, जसको नाम हो– सीताराम प्रसाई । उहाँले हालसालै सीताराम साहित्यिक प्रतिष्ठान स्थापना गरेको समाचार प्रकाशमा आएको छ । यस प्रतिष्ठानको मुख्य उद्देश्य नेपाली साहित्य सेवामा समर्पित व्यक्तित्वलाई विभिन्न तरिकाबाट प्रोत्साहन प्रदान गर्ने रहेको छ ।

• 'कुटुम्ब' साप्ताहिक : भदौ १७, २०४९

शिक्षा तथा साहित्यको क्षेत्रमा विगतमा पनि महत्त्वपूर्ण योगदान गर्दै आउनुभएका सीताराम प्रसाईले नेपाली साहित्य क्षेत्रमा समर्पित व्यक्तित्वहरूलाई विभिन्न तरिकाबाट प्रोत्साहित गर्नका लागि 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना गर्नुभएको छ ।

नेपाली वाङ्मयको क्षेत्रमा निजी क्षेत्रबाट स्थापना भएको यो प्रतिष्ठान हालसम्मको उल्लेखनीय प्रतिष्ठानको तुलनामा पनि निकै प्रशंसनीय छ ।

• 'जनमञ्च' साप्ताहिक : भदौ १८, २०४९

नेपाली भाषाका लेखक र व्यवसायीलाई प्रोत्साहन दिने उद्देश्यले महत्त्वपूर्ण पुरस्कार निजी क्षेत्रद्वारा स्थापना गरियो । सीताराम प्रसाईले 'सीताराम साहित्यिक प्रतिष्ठान' भन्ने संस्था खडा गरेर हाल साढे सात लाख रुपियाँ काठमाडौँ नबिल बैङ्कमा अक्षयकोषको रूपमा बुझाएको देखियो ।

• 'समीक्षा' साप्ताहिक : भदौ १९, २०४९

शिक्षासेवी सीताराम प्रसाईको उत्कट अभिलाषाबमोजिम नेपाली साहित्य सेवामा समर्पित स्रष्टाहरूको सम्मान, आदर र प्रोत्साहनका लागि 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना भएको छ ।

सीताराम साहित्यिक प्रतिष्ठानले नेपाली साहित्यका ख्यातिप्राप्त, उल्लेखनीय र श्रेष्ठ स्रष्टाहरूमध्ये हरेक वर्ष एक जना साहित्यकारलाई पचहत्तर हजार रुपियाँसहितको 'सीताराम पुरस्कार' प्रदान गर्नेछ ।

समाजसेवी श्री सीताराम प्रसाईको प्रबल इच्छाबमोजिम नेपाली साहित्यसेवामा समर्पित व्यक्तिहरूलाई विभिन्न तरिकाबाट प्रोत्साहन प्रदान गर्नका लागि 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना भएको छ ।

यस साहित्यिक प्रतिष्ठानले निश्चय नै पनि नेपाली साहित्यलाई एक महत्त्वपूर्ण सेवा दिनेछ । श्री सीताराम प्रसाई साहित्य र शिक्षालाई अगाडि बढाउने समाजसेवी हुनुहुन्छ ।

• 'भूमिका' साप्ताहिक : भदौ १९, २०४९

शिक्षाक्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने सीताराम प्रसाईज्यूको प्रबल इच्छाबमोजिम नेपाली साहित्य सेवामा समर्पित व्यक्तित्वहरूलाई विभिन्न तरिकाबाट प्रोत्साहन प्रदान गर्नका लागि 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना भएको छ । सीताराम पुरस्कार निजी क्षेत्रमा अहिलेसम्मको सबैभन्दा ठूलो रकमको पुरस्कार मानिन्छ ।

• 'साहित्य संसार' (रेडियो नेपाल) : भदौ १९, २०४९

शिक्षाक्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने सीताराम प्रसाईको प्रबल इच्छाले नेपाली साहित्यसेवामा समर्पित स्रष्टाहरूको प्रोत्साहन र सम्मानका लागि 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना भएको छ ।

सीताराम साहित्यिक प्रतिष्ठानले साहित्यको अभिवृद्धिका लागि विभिन्न साहित्यिक पुस्तकहरू प्रकाशित गर्नेछ । साथै प्रतिष्ठानले नियमित रूपमा 'ललिता'नामक पत्रिका पनि प्रकाशित गर्नेछ ।

• 'छलफल' साप्ताहिक : भदौ २१, २०४९

साहित्यिक क्षेत्रमा समर्पित सरस्वतीपुत्रहरूलाई प्रोत्साहन गर्न सीताराम प्रसाईले 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना गर्नुभएको छ ।

उद्योगपति सीताराम प्रसाई स्वयम् साहित्यकार नभए पनि साहित्यिक एवम् शिक्षाक्षेत्रमा पनि चिरपरिचित नाम हो ।

• 'संरचना' साप्ताहिक : भदौ २२, २०४९

नेपाली साहित्यमा समर्पित व्यक्तिहरूलाई विभिन्न रूपले प्रोत्साहित गर्ने उद्देश्यले 'सीताराम साहित्यिक प्रतिष्ठान'को स्थापना गरिएको छ ।

• 'सूचना प्रवाह' : भदौ २२, २०४९

हिजोको अवस्थामा नेपाली साहित्यिक क्षेत्रमा कुनै ठूला पुरस्कार राशिको व्यवस्था नहुँदा पनि उत्कृष्ट साहित्यिक कृतिहरू रचिएका थिए तर अहिले साहित्यकारहरूलाई पुरस्कृत गर्ने वातावरण तयार हुँदा नेपाली साहित्यको स्थिति कस्तो हुने हो त ? यसै प्रसङ्गमा हालै सीताराम प्रसाईकी धर्मपत्नी ललिता प्रसाईका नाउँमा प्रतिष्ठानले हरेक वर्ष राष्ट्रिय कविता महोत्सवको पनि आयोजना गर्नेछ ।

'सीताराम पुरस्कार' गैरसरकारी क्षेत्रमा अहिलेसम्मको सबैभन्दा ठूलो रकमको पुरस्कार मानिएको छ ।

• 'नेपालीपत्र' साप्ताहिक : भदौ १९, २०४९

सीताराम प्रसाईको नाम कसैले सुनेका थिएनन् । तिनले एकमुष्ट साढे सात लाख रुपियाँको कोष स्थापना गरेर 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना गरेको समाचार प्रकाशमा आयो । उनले शिक्षाक्षेत्रमा पनि महत्त्वपूर्ण योगदान दिएका रहेछन्, प्रचार मात्र नगरिएको रहेछ । देवीप्रसाद उप्रेतीले तेह्रथुम र झापा जिल्लामा शिक्षा विकासको निम्ति असाधारण योगदान दिएको सुनिएको हो । उप्रेतीको हालै मात्र निधन भयो । उनको निधन गायक प्रेमध्वज प्रधानका पिता रत्नध्वज प्रधानजति पनि चर्चित भएन । तर उप्रेती पनि प्रचारका भोका थिएनन् । निष्काम कर्ममा विश्वास गर्ने त्यस्ता मनीषी थोरै छन् नेपालमा ।

अहिले सीताराम प्रसाईको नाम एकाएक चर्चामा आयो। नेपाली साहित्यसेवामा समर्पित व्यक्तित्वहरूलाई विभिन्न तरिकाबाट प्रोत्साहित गर्न उनले उक्त प्रतिष्ठानको स्थापना गरेर साह्रै पुरुषार्थी काम गरे भन्नुपर्छ। सात लाख पचास हजार रुपियाँ बैङ्कमा मुद्दती खातामा राखी सोको ब्याजले प्रतिष्ठानको कार्यक्रम सञ्चालन हुनेछ। प्रतिष्ठानले नेपाली साहित्यका ख्यातिप्राप्त र उल्लेखनीय स्रष्टाहरूमध्ये प्रत्येक वर्ष एक जना स्रष्टालाई पचहत्तर हजार रुपियाँको 'सीताराम पुरस्कार' प्रदान गर्नेछ। गैरएकेडेमी क्षेत्रको यो सबभन्दा ठूलो नेपाली पुरस्कार बन्न पुगेको छ।

त्यस्तै सीताराम प्रसाईकी धर्मपत्नी ललिता प्रसाईका नाममा प्रत्येक वर्ष प्रतिष्ठानबाट राष्ट्रिय कविता महोत्सवको आयोजना गरी पहिलो, दोस्रो र तेस्रो हुने कविहरूलाई क्रमशः दस हजार, सात हजार र तीन हजार रुपियाँसहितको 'ललिता काव्य पुरस्कार' दिइने कुरा पनि प्रकाशमा आएको छ। नेपाली साहित्यका साधक एवम् स्रष्टाहरूको निम्ति निश्चय नै यो अति उत्साहप्रद समाचार हो र त्यसका निम्ति दानवीर कर्ण बन्न पुगेका सीताराम प्रसाईलाई हार्दिक बधाई दिनैपर्छ।

• साप्ताहिक 'नेपाली आवाज' : भदौ १९, २०४९

पूर्वाञ्चलका केही शिक्षण संस्थामा सहयोग गर्ने र शिक्षण संस्था निर्माण गर्ने सीताराम प्रसाईको प्रबल इच्छाबमोजिम नेपाली साहित्यका स्रष्टाहरूलाई विभिन्न तरिकाबाट प्रोत्साहन प्रदान गर्नका लागि राजधानीमा हालै 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना भएको छ।

प्रतिष्ठानले नेपाली साहित्यका ख्यातिप्राप्त र उल्लेखनीय स्रष्टाहरूमध्ये प्रत्येक वर्ष एक जना स्रष्टालाई 'सीताराम पुरस्कार' प्रदान गर्नेछ। सीताराम पुरस्कार निजी क्षेत्रमा हालसम्मको सबैभन्दा ठूलो रकमको पुरस्कार हो।

• 'विमर्श' साप्ताहिक : भदौ १९, २०४९

काठमाडौँमा नेपाली भाषा र साहित्यको क्षेत्रमा एउटा ठूलो साहित्यिक संस्था 'सीताराम साहित्यिक प्रतिष्ठान'को स्थापना भएको छ । यस किसिमको प्रतिष्ठान नेपाली भाषा र साहित्यको क्षेत्रमा निजी स्तरमा स्थापना गर्न लागिएको सबभन्दा ठूलो संस्था हो, पुरस्कार राशिका दृष्टिले पनि निजी क्षेत्रको यो सबभन्दा ठूलो हो ।

• 'युगसंवाद' साप्ताहिक : भदौ २३, २०४९

शिक्षाप्रेमी, समाजसेवी तथा उद्योगपति सीताराम प्रसाईले नेपाली साहित्यको विकासका लागि 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना गर्नुभएर नेपाली साहित्यमा अत्यन्तै ठूलो कीर्तिमान कायम भएको छ ।

उपेक्षित भएको नेपाली वाङ्मयका लागि प्रसाईले नेपालको परिवेशमा अनुकरणीय योगदान गर्नुभएको छ, जुन कुरा नेपाली साहित्यको इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ । एउटा उद्योगपतिबाट आफ्नो पसिनाको कमाइ साहित्य सेवामा लगाउनु नेपाली साहित्यमा निकै ठूलो उपलब्धि मान्नुपर्छ ।

सीताराम साहित्यिक प्रतिष्ठान नेपाली साहित्यको निजी क्षेत्रमा सबैभन्दा ठूलो रकम भएको संस्था मानिन्छ । त्यति मात्र होइन, यस प्रतिष्ठानले सरकारी स्तरको नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानलाई ठूलो हाँक दिएको छ भन्ने कुरा पर्यवेक्षकहरूको टिप्पणी रहेको छ ।

• 'महिमा' साप्ताहिक : असोज ५, २०४९

नेपाली साहित्यको सेवामा समर्पित व्यक्तित्वहरूलाई प्रोत्साहन दिनका निम्ति सीताराम साहित्यिक प्रतिष्ठानको स्थापना भएको छ । 'सीताराम पुरस्कार' निजी क्षेत्रमा स्थापित सबैभन्दा ठूलो राशिको पुरस्कार हो ।

• 'पिपुल्स रिभ्यु' : सेप्टेम्बर ७, १९९२

नेपाली साहित्यको संरक्षकका रूपमा एक उज्ज्वल व्यक्तित्व देखा पर्नुभएको छ, उहाँ हुनुहुन्छ देशका एक समृद्ध उद्योगपति– श्री सीताराम प्रसाई ।

उहाँले आफ्नो नाममा 'सीताराम साहित्यिक प्रतिष्ठान' स्थापना गर्नुभएको छ । यस प्रतिष्ठानको स्थायी पुँजी साढे सात लाख छ । यसको ब्याजबाट प्रत्येक वर्ष विशिष्ट नेपाली साहित्यकारलाई पचहत्तर हजार रुपियाँको पुरस्कारसहित ताम्रपत्र प्रदान गरिनेछ ।

लगानी र पुरस्कारको जहाँसम्म सम्बन्ध छ, निजी क्षेत्रमा यो सबभन्दा ठूलो साहित्यिक पुरस्कार दिने प्रतिष्ठान हो । यसका साथै यस प्रतिष्ठानले 'ललिता काव्य पुरस्कार'को नाममा प्रत्येक वर्ष राष्ट्रिय कविता महोत्सव पनि सञ्चालन गर्नेछ र प्रथम, द्वितीय र तृतीय हुने कविताका निमित्त क्रमश: दस, सात र तीन हजार रुपियाँ प्रदान गर्नेछ ।

• 'सन्डे डिस्प्याच' : अक्टोबर १८, १९९२

श्री सीताराम प्रसाईले साहित्य साधनामा संलग्नहरूलाई बर्सेनि पुरस्कृत गर्ने पवित्र मनसाय राखी एक साहित्य गुठीको स्थापना गर्नुभएको छ । निश्चय पनि यस्तो प्रकारको गुठीलाई एक राष्ट्रिय सम्पत्तिकै रूपमा लिइन्छ र लिनुपर्छ । निश्चय पनि साहित्यिक, बौद्धिक, रचनाशील प्रोत्साहनका र पुरस्कारका व्यवस्थाहरू न्यून भएको हाम्रो देशमा कसैले यस्ता प्रोत्साहनकारी काममा हात बढाउँछ भने त्यो प्रशंसनीय विषय बन्छ । आज बौद्धिक साहित्यिक क्षेत्र यस्तो प्रकारको गुठीको जन्म भएकोमा प्रफुल्लित नै छ र धेरैले पुरस्कारका संस्थापक सीताराम प्रसाईप्रति साधुवाद नै व्यक्त गरेका छन् ।

• 'वर्तमान' साप्ताहिक : कात्तिक ५, २०४९

नेपाली साहित्य फाँटमा निजी क्षेत्रमा स्थापित संस्थाहरूको पुरस्कारमा ठूलो मानिएको 'सीताराम साहित्यिक प्रतिष्ठान'ले २०४९

मङ्सिर २० गते आफ्नो प्रथम औपचारिक कार्यक्रमका रूपमा राष्ट्रिय कविता महोत्सव सम्पन्न गऱ्यो ।

राजधानीमा सरकारी संस्थाद्वारा आयोजना गरिने कथित राष्ट्रिय गोष्ठीहरूलाई चुनौती दिने किसिमको उपस्थिति र श्रोताको चार घण्टा लामो धैर्य 'सीताराम साहित्यिक प्रतिष्ठान'द्वारा आयोजित प्रथम राष्ट्रिय कविता महोत्सवका विशेषता देखिए । राजधानीमा कुनै एउटा साहित्यिक कार्यक्रममा हुने उपस्थितिका तुलनामा यो महत्त्वपूर्ण मान्न सकिन्छ ।

• 'स्वतन्त्रता' साप्ताहिक : मङ्सिर २५, २०४९

'सीताराम साहित्यिक प्रतिष्ठान'द्वारा प्रत्येक वर्ष प्रदान गरिने पचहत्तर हजार रुपियाँको, यसै वर्षदेखि थालनी गरिएको 'सीताराम पुरस्कार' पहिलोपल्ट कविवर केदारमान व्यथितलाई प्रदान गरिने भएको छ । अधिकतर यस्ता साहित्यिक पुरस्कारहरू अक्सर विवादास्पद हुने गर्छन् । किनभने कुनै पनि पुरस्कार यसलाई दिँदा उपयुक्त हुन्छ भने उसलाई दिँदा पनि अनुपयुक्त हुँदैन, किनभने साहित्य/साहित्य सेवा वा साहित्यिक देन कुनै तराजुमा तौलिन वा कुनै नापोमा नाप्न सकिँदैन । त्यसैले कविवर व्यथितले यो पुरस्कार प्राप्त गर्नुभयो, यो बहुत ठीक भयो । जे होस्, 'सीताराम साहित्यिक प्रतिष्ठान' बाट घोषित पुरस्कारहरू विवादमा परेनन् यो राम्रो कुरा हो ।

भर्खरै मात्र स्थापित भएको भए तापनि नेपाली साहित्यजगत्मा यस 'सीताराम साहित्यिक प्रतिष्ठान'ले निकै राम्रो प्रतिष्ठा आर्जन गर्न सकेको कुरा यसको आयोजनामा सम्पन्न समारोहहरूमा साहित्यकार/साहित्यप्रेमीहरूले देखाएको विशेष अभिरुचिबाट प्रस्ट भएको छ । अत: आफ्नो निजी कमाइको एक चोखो अंश यसरी नेपाली वाङ्मयको सेवामा समर्पित कुनै साहित्यकारका लागि अर्पण गर्न अग्रसर भएर अग्रपङ्क्तिमा उभिएका सीताराम प्रसाईको उदारताको जति प्रशंसा गरे पनि थोरै हुन्छ ।

• 'अभिव्यक्ति' : पुस २०४९

**परिशिष्ट– ६**

# पुरस्कृतहरूको सूची

(सीताराम प्रज्ञाप्रतिष्ठानद्वारा प्रदत्त पुरस्कारहरू)

**सीताराम प्रज्ञा पुरस्कार**

(दुई लाख पचास हजार रुपियाँ राशि)

केदारमान व्यथित (२०४९)

माधवप्रसाद घिमिरे (२०५०)

ईश्वर बराल (२०५३)

कृष्णचन्द्रसिंह प्रधान (२०५६)

त्रिमूर्ति निकेतन (२०५९)

**मुक्ति पुरस्कार**

(एक लाख रुपियाँ राशि)

भरतराज पन्त (२०४९)

श्यामप्रसाद शर्मा (२०५१)

प्रा.घटराज भट्टराई (२०५३)

गणेशबहादुर प्रसाई (२०५५)

रत्नशमशेर थापा (२०५६)

ईश्वरवल्लभ (२०५८)

पं.श्यामदास वैष्णव (२०६०)

**मैना पुरस्कार**

(एक लाख रुपियाँ राशि)

गोमा (२०४९)

तारादेवी (२०५२)

छिन्नलता (२०५४)

सुशीला भण्डारी (२०५६)

प्रेमा शाह (२०५८)

माया ठकुरी (२०६०)

**सीताराम पुरस्कार**

(पचास हजार रुपियाँ राशि)

कुमार बस्नेत (२०५७)

शान्ता पोखरेल (२०५९)

पुण्यरश्मि (२०६१)

**सीताराम युवा पुरस्कार**

(पच्चिस हजार रुपियाँ राशि)

प्रतिष्ठा अमात्य (विष्ट) (२०६१)

**ललिता काव्य पुरस्कार**

२०४९–

१. कृसु क्षेत्री (प्रथम) दस हजार रुपियाँ राशि
२. उदय निरौला (द्वितीय) सात हजार रुपियाँ राशि
३. लालगोपाल सुवेदी (तृतीय) पाँचहजार रुपियाँ राशि
४. बाबा बस्नेत (प्रोत्साहन) तीन हजार रुपियाँ राशि

२०५०–

१. फणीन्द्र नेपाल (प्रथम) दस हजार रुपियाँ राशि
२. हीरा आकाश (द्वितीय) सात हजार रुपियाँ राशि
३. बाबा बस्नेत (तृतीय) पाँच हजार रुपियाँ राशि

२०५१–

१. विप्लव ढकाल (प्रथम) दस हजार रुपियाँ राशि

२. इन्दिरा दाहाल (द्वितीय) सात हजार रुपियाँ राशि

३. नारद निठुरी (तृतीय) पाँच हजार रुपियाँ राशि

४. प्रभा आचार्य (सान्त्वना) तीन हजार रुपियाँ राशि

**भानुमोती पुरस्कार**

(जनही दस हजार रुपियाँ राशि)

२०५५–

राधेश्याम भट्टराई (प्रथम)

दीपेन्द्रनाथ शर्मा (द्वितीय)

क्षितिज थापामगर (तृतीय)

२०५६–

गणेश राई (प्रथम)

नम्रता गुरागाईं (द्वितीय)

बमबहादुर जिताली (तृतीय)

२०५७–

कलानिधि दाहाल (प्रथम)

गोवर्धन पूजा (द्वितीय)

भरत भारद्वाज (तृतीय)

रमेश श्रेष्ठ (तृतीय)

हरिशरण थापा (तृतीय)

२०५८–

कुसुम ज्ञवाली

प्रतिभा बोहरा

प्रमोद स्नेही

मणि लोहनी

२०५९–
काशीराम विरस
तुलसीहरि कोइराला
प्रमिला उप्रेती
ललिता 'दोषी'

२०६०–
अनन्तप्रसाद वाग्ले
बबी थापा
मुकुन्द आचार्य

२०६१–
दिवा चेम्जोङ
श्यामकुमार भट्टराई
सोमनाथ सुवेदी

## परिशिष्ट– ७

# सीताराम दाइको वंशवृक्ष




**वंशावली सौजन्य**

- सीताराम प्रसाई (मुक्तिनाथ प्रसाईका जेठा छोरा)
- वेनुप्रसाद प्रसाई (देवीप्रसाद प्रसाईका जेठा छोरा)
- भीष्म प्रसाई (रामप्रसाद प्रसाईका जेठा छोरा)

* मेरी आमा भागीरथा प्रसाईकी जेठी दिदी र कान्छी बहिनी ।
# सहोदर दिदीबहिनी ।



## नरेन्द्रराज प्रसाई

| | | |
|---|---|---|
| **जन्म** | : | २०११ साल चैत २९ गते<br>(हाङपाङ, आठराई, ताप्लेजुङ) |
| **बुबा** | : | जयप्रसाद प्रसाई (१९७५–२०१९) |
| **आमा** | : | भागीरथा प्रसाई (१९७६–२०६८) |
| **शिक्षा** | : | स्नातक– त्रिचन्द्र क्याम्पस |
| **कृति** | : | ९५ पुस्तक<br>(जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, सम्पादन) |
| **फुटकर** | : | ८५० जति लेखरचना |
| **संस्थापक तथा सदस्यसचिव** | : | नइ एकेडेमी, त्रिमूर्ति निकेतन, वानीरा फाउन्डेसन |
| **भ्रमण** | : | १४ अञ्चलका ६६ जिल्ला तथा भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, द.कोरिया, बेलायत र अमेरिका |